नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» बिहीबार भदौ ७, २०७५ » Thursday, August 23, 2018 » www.newsofnepal.com » नेसं ११३८ गुँलाथ्व १२ » वर्ष २४, अंक २२५ » पृष्ठ १२ » मूल्य रू १०/–


# साढे तीन वर्षमा पनि बनेन भ्यु टावर

## महानगरपालिका अझै बेखबर

सुरेश तामाङ, काठमाडौं

काठमाडौंको पुरानो बसपार्कमा बनाउने भनिएको २१ तले भ्यु टावरको निर्माण कार्य अझै शुरू हुन सकेको छैन। सम्झौता अवधि सकिएको ६ महिना कट्दासम्म सो कार्य शुरू हुन नसकेको हो।

सो टावर ३ वर्षभित्र बनाउने सर्तमा काठमाडौं महानगरपालिकाले जलेश्वर स्वच्छन्द विकोइ बिल्डर्ससँग २०७१ फागुन ८ गते सम्झौता गरेको थियो।

सम्झौताको ८ महिनापछि २०७२ कात्तिक २५ गते उपराष्ट्रपति नन्दबहादुर पुनले त्यसको शिलान्यास गर्नुभएको थियो। शिलन्यासको ६ महिनापछि २०७३ वैशाख २२ गते त्यहाँको बसपार्क खुलामञ्चमा सारेर निर्माणस्थलको वरपर जस्तापाताले बारिएको थियो। त्यसैलाई



नै भ्यु टावरको अहिलेसम्मको प्रगति मान्दा हुने भएको छ। भित्र निर्माण सामग्री थुपारिएका छ भने निर्माण कार्यमा प्रयोग गर्ने उपकरणहरूले निर्माणस्थल भरिएको छ।

यद्यपि सम्झौताकर्ता प्रमुख मनोज भेटवालले छिट्टै निर्माण थाल्ने दाबी गर्दै भन्नुभयो- 'छिट्टै थाल्छौं। गृहकार्यमा छौं।' तर, उहाँले काम थाल्ने मिति तोक्न सक्नुभएन। यसबारे सोध्दा व्यस्त छु भन्दै टेलिफोन राख्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# आवासविहीनले आवास पाउने

## दुरुपयोग गरे कैद र जरिवाना

गंगा बराल, काठमाडौं

सरकारले कतै पनि जग्गा तथा आवास नभएका व्यक्तिलाई आवास उपलब्ध गराउने भएको छ। तर, त्यसरी पाएको आवास दुरुपयोग गरेमा कैद एवं जरिवानाको सजाय हुनेछ। कैद र जरिवानाको बारेमा थप उल्लेख भने भएको छैन।

यससम्बन्धी विधेयक संसद्मा प्रस्तुत भई संशोधनको प्रक्रियामा रहेको छ। शहरीमन्त्री इस्तियाक अहम्मद राईले संसद्मा 'आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७५' प्रस्तुत गर्नुभएको थियो। यो विधेयकमा संशोधनको सूचना दिनका लागि प्रतिनिधिसभाका सांसदलाई शुक्रबारसम्मको समय दिइएको छ। गत सोमबार बसेको प्रतिनिधिसभाको बैठकमा सामान्य छलफल भइसकेकाले संशोधनको सूचना मागिएको छ। सार्वजनिक प्रयोजनका लागि कानुनबमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिने र त्यसरी हटाउँदा पुनर्बासको व्यवस्था गरिनुपर्ने र क्षतिपूर्ति दिनुपर्ने व्यवस्था विधेयकमा छ। विधेयकमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी आवास सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ।

**आवास सुविधा प्राप्त गर्न पहिचान भएको व्यक्ति तथा परिवारले आवास सुविधा प्राप्त गर्नुअघि देशको कुनै भू-भागमा आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा, आवास वा दुवै नभएको हुनुपर्दछ।**

संविधानको धारा ३७ मा 'आवासको हक' सम्बन्धी व्यवस्था छ। यो धाराको उपदफा १ मा भनिएको छ- 'प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ।' यस्तै उपधारा २ मा 'कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन।' विधेयकमा यसरी हटाउँदा निजलाई सूचना दिनुपर्ने, ज्येष्ठ नागरिक, बिरामी, बालबालिका, अशक्त व्यक्ति, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणमा ध्यान दिनुपर्ने उल्लेख छ।

नागरिकलाई आवासस्थलमा रहेका स्रोत साधनहरूको उपयोगमा परिचयपत्र दिने व्यवस्था स्थानीय तहमार्फत गरिने र सोको जानकारी प्रदेश सरकार र संघीय सरकारलाई पनि गराउनुपर्नेछ। नेपाल सरकार तथा प्रादेशिक सरकारले सम्बन्धित कार्यक्रमका लागि लाग्ने बजेट, जनशक्ति तथा अन्य प्राविधिक सहायता दिई स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्न बढी व्यावहारिक हुने विधेयकमा उल्लेख छ।

आवास सुविधा प्राप्त गर्न पहिचान भएको व्यक्ति तथा परिवारले आवास सुविधा प्राप्त गर्नुअघि देशको कुनै भू-भागमा आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा, आवास वा दुवै नभएको हुनुपर्दछ।

यस्तै आफ्नो वा आफ्नो परिवारको आय-आर्जन, स्रोत वा प्रयासबाट आवासको व्यवस्था गर्न असमर्थ रहेको स्वः घोषणा गर्नुपर्ने हुन्छ। एकपटक आवासको सुविधा उपलब्ध गराइएको व्यक्ति तथा परिवारलाई विपद् परी नष्ट भएको अवस्थामा बाहेक पुनः त्यस्तो सुविधा उपलब्ध गराइने छैन।

राष्ट्रसेवक, सेवानिवृत्त वा पदमुक्त भएको स्वदेशी वा विदेशी कम्पनी, निजी क्षेत्रमा व्यापार व्यवसाय गरेको वा अन्य आर्थिक उपार्जनमा संलग्न रहेको, विदेशी मुलुकमा स्थायीरूपमा बसोबास गरिरहेको, आवासीय प्रयोजनका लागि कसैको घर-जग्गा वा अपार्टमेन्ट बहालमा लिई बसेकाले पनि आवास सुविधा पाउँदैन। यति मात्रै होइन अन्य प्रावधानमा पनि यो सुविधा नपाउने उल्लेख छ।

(क्रमशः पृष्ठ ९ मा)

# सरकारी स्कुलमा पढे सुविधैसुविधा

ईश्वरराज ढकाल
काठमाडौं

सरकारी विद्यालयमा माध्यमिक तहसम्म अध्ययन गरे सुविधैसुविधा पाइने भएको छ।

मानव सूचकाङ्कको दृष्टिकोणले पछाडि परेका र अन्य विद्यार्थीलाई लक्षित गरी विभिन्न सुविधासहित निःशुल्क शिक्षा दिन लागिएको हो। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलद्वारा संसद्मा दर्ता गरिएको अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा यस्तो सुविधा दिने बताइएको छ।

कानुन आयोगद्वारा तयार पारिएको उक्त विधेयकबारे शिक्षा मन्त्रालयमा छलफल गरी केही परिमार्जनसहित आइतबार संसद्मा पेस गरिएको थियो। कानुन र अर्थ मन्त्रालयको राय-सुझावसहित मन्त्रालयले उक्त मस्यौदालाई अन्तिम रूप दिएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# निगमको ७ वटा विमान ग्राउन्डेड

दीपेन्द्र थापा, काठमाडौं

नेपाल वायु सेवा निगमको ७ वटा विमान ग्राउन्डेड भएको छ। आन्तरिक उडानमा रहेको ९ वटा विमानमा अहिले ७ वटा विमान ग्राउन्डेड भएको हो।

ती विमान ग्राउन्डेड भएपछि आन्तरिक उडान पनि प्रभावित भएका छन्। निगमले चीनबाट आयात गरेको वाई१२ई ४ वटा १७ सिट क्षामताका विमानमध्ये अहिले एउटा मात्र सञ्चालनमा रहेको छ भने ३ वटा विमान ग्राउन्डेड भएको छ। चीनको हार्विन एयरक्राफ्टद्वारा निर्मित वाई-१२ई सिरिजका ४ वटा विमान रहेका छन्।

चीनबाट नै आयत गरिएको २ वटा एमए-६० विमानमध्ये १ मात्र सञ्चालनमा रहेको छ। अर्को एमए-६० मर्डन आर्ट ५६ सिट विमान गत महिना ग्राउन्डेड भएर साउनको तेस्रो हप्ता मात्र सञ्चालनमा आएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# तीन महिना कट्दा पनि मिलेन भागवण्डा

मधुसूदन रायमाझी
काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीभित्र पदीय भागवण्डा नमिल्दा सांगठानिक एकता प्रक्रिया लम्बिएको छ। नेकपाले पार्टी एकीकरणपछि केन्द्रीय सदस्यको संख्या टुंगो लगाए पनि प्रदेश, जिल्ला, नगरपालिका, गाउँपालिकालगायत जनवर्गीय संगठनको एकीकरण प्रक्रिया टुंगो लगाउन सकेको छैन। जिल्ला कमिटी, प्रदेश कमिटीसहित तल्ला कमिटीमा रहने सदस्यको संख्या र मापदण्ड बनाएको नेकपाले पार्टीभित्र गुट-उपगुटबीच भागवण्डा नमिल्दा थप पेचिलो बन्दै गएको छ। साउन २५ गतेभित्र कार्यदललाई नाम सिफारिस गर्न समयसीमा दिइए पनि काम नभएकाले साउन मसान्तसम्म पुनः कार्यदलको म्याद थपिएको थियो।

नेकपाभित्र धेरै गुटको व्यवस्थापन गर्नुपर्ने भएकाले विशेषतः जिल्लाको नेतृत्व भागवण्डामा बढी विवाद रहेको छ।

(क्रमशः पृष्ठ ९ मा)







# महानगर

2018, AUG
Thursday
23

वसन्तपुर र हनुमानढोका भ्रमणमा आउने स्वदेशी/विदेशी पर्यटकलाई वडाका अन्य सम्पदासमेत घुम्ने, अवलोकन गर्ने वातावरण बनाउन जुटेका छौं। वडाका सबै सम्पदालाई समेट्ने गरी सम्पदा प्रोफाइल बनाइरेका छौं, त्यो काम १ महिनाभित्रमा सकिन्छ।



**मचाराजा महर्जन**
वडाध्यक्ष २३ वडा काठमाडौं महानगर

# ‘वडाका मुद्दा वडामै टुंगो लगाउनुपर्छ’

काठमाडौंको प्राचीन बस्ती र धेरै प्राचीन सम्पदाले ढाकिएको वडा हो काठमाडौं महानगरपालिकाको २३ वडा। स्वदेशी/विदेशी पर्यटकको चहल-पहल भइरहने यो क्षेत्रमा धेरै साँघुरा गल्ली र बाक्लो जनघनत्वले वडा व्यवस्थित देखिँदैन। तर स्थानीय तहमा निर्वाचित प्रतिनिधिले जिम्मेवारी सम्हालेसँगै धेरै समस्या समाधानउन्मुख भइरहेको र केही वर्षभित्रै वडाले स्वरूप बदल्ने सो वडाका वडाध्यक्ष मचाराजा महर्जन बताउँछन्। उनै महर्जनसँग नेपाल समाचारपत्रले गरेको कुराकानीको सारसंक्षेप।

### १ वर्षको अवधिमा स्मरणीय काम के के भए ?

वडाको जिम्मेवारी सम्हालेको १ वर्ष पूरा भएको छ। खास गरी चुनावको समयमा गरेको वाचा र प्रतिबद्धतालाई मुख्य प्राथमिकतामा राखेको छु। निर्वाचनको समयमा विभिन्न ३७ वटा विषयमा प्रतिबद्धता जनाएको थिए, त्यसमध्ये २८ वटा जति कार्यान्वयन भइसकेका छन्। वडाबासीको माग र चाहनाअनुसार वडाका सामाजिक विषय र विकास निर्माणका कामलाई प्राथमिकता दिइएको छ। ढल निकासको समस्या १ वर्षमा ५०/६० प्रतिशत सम्पन्न भएको छ, बाँकी यही आर्थिक वर्षमा सम्पन्न हुँदै छ।

सामाजिक सुधारका लागि वडाका महिलाको क्षमता अभिवृद्धि, बालबालिकाको शैक्षिक गुणस्तर सुधार्न र जेष्ठ नागरिकका लागि ‘डे केयर’ को व्यवस्थासहित धार्मिकस्थलको भ्रमण गराउने काम गरेका छौं। डे केयरको सुविधा अहिलेलाई वडा कार्यालयमा व्यवस्था गरिएको छ। धार्मिक प्रवचन, स्वास्थ्य परीक्षणजस्ता सुविधा उपलब्ध हुन्छ।

### धार्मिकस्थलको भ्रमण कहाँ गराउनुभयो ?

बुढानिलकण्ठ, डोलेश्वर, बज्रबराही र काठमाडौं आसपासका धार्मिकस्थलको भ्रमण गराउने गरेका छौं। ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकलाई नि:शुल्क सवारी र अन्य सुविधासहित धार्मिक भ्रमण गराउने व्यवस्था गरिएको छ। हरेक ३/३ महिनामा धार्मिक भ्रमण लाने गरिएको छ, जेष्ठ नागरिकलाई काठमाडौं उपत्यका बाहिर लान व्यावहारिक नहुने भएकाले टाढा लगिएको छैन।

### जनगुनासो कस्ता विषयमा बढी हुन्छ ?

सामाजिक विषयको गुनासो बढी हुन्छ। सडक र टोल सरसफाइ, सडक बत्ती र ढल निकासको समस्या भयो भन्ने वडाबासीको गुनासो हुन्छ। केही दिनअघिदेखि सरकारले कर बढाएको विषयमा पनि गुनासो बढेको छ। के-के शीर्षकमा बढ्यो, किन बढ्यो, कति तिर्नुपर्ने हो भन्नेमा उहाँहरूको चासो छ। करको बारेमा खास गरी फेसबुकजस्ता सामाजिक सन्जालबाट नकारात्मक सन्देश सम्प्रेषण भइरहेको छ। यसबारेमा वडाबासीलाई यसबारेमा सम्झाउने र प्रष्ट्याउने काम भइरहेको छ। २ आना वा सोभन्दा कम क्षेत्रफलमा भएका घर जग्गामा करको व्यवस्था विगतमाभन्दा कम छ। यति सानो क्षेत्रफलमा घर भएका वडाबासी धेरै हुनुहुन्छ, त्यस्ता व्यक्तिहरूका लागि करको बोझ बढेको छैन। २३ वडाभित्र अहिले एकै स्थानमा मात्रै फोहोर संकलन हुँदै छ। कसरी भित्री चोक र गल्लीमा त्यसलाई व्यवस्थित गर्न सकिन्छ भन्ने बारेमा पनि काम गरिरहेका छौं।

### तपाईंको वडाबासीको पहिचान विवरण तयार छ ?

यसअघि २०५२ मा यस्तो प्रोफाइल बनेको थियो, त्यसैलाई आधार बनाएर नयाँ प्रोफाइल तयार हुँदै छ। यो काम यही वर्ष शुरू हुँदै छ। यसो गरियो भने सम्पन्न, मध्यम र विपन्न परिवार छुट्याउन, आर्थिक र शैक्षिक स्तर थाहा पाउन सजिलो हुन्छ। विपन्न र आर्थिक अवस्था कमजोर भएका घर परिवारलाई के-कस्तो सहयोग गर्न सकिन्छ भन्ने योजना बनाउन सजिलो हुन्छ।

### २३ वडाको कार्यसम्पादन अन्य वडाभन्दा कुन रूपमा भिन्न छ ?

वडामा विभिन्न दलका सदस्यसमेत हुनुहुन्छ। १ जना राप्रपा १ जना कांग्रेस र अन्य तत्कालीन एमालेबाट निर्वाचित प्रतिनिधि छौं। तर कसैलाई विभेद नगरी कामको बाँडफाँड गरिएको छ। सदस्यलाई तोकिएको जिम्मेवारीमा हस्तक्षेप भएको छैन। अनि अर्को महत्त्वपूर्ण काम भनेको मुद्दा मामिला अदालत पुर्‍याउने होइन, हामी वडास्तरमै समाधान गर्ने प्रयासमा छौं। विगत १ वर्षको अवधिमा यो वडाका ३०/३२ मुद्दामध्ये २८/२९ वटा वडाको मेलमिलाप केन्द्रले टुंगो लगाएको छ।

### तपाईंको कार्यकाल स्मरणीय र सफल बनाउने आगामी योजना के-के छन् ?

२३ वडा सम्पदाले भरिएको वडा पनि हो। भूकम्प र अन्य कारणले जीर्ण भएका, मर्मत संभार गर्नुपर्ने सम्पदा धेरै छन्। वसन्तपुर र हनुमानढोका भ्रमणमा आउने स्वदेशी/विदेशी पर्यटकलाई वडाका अन्य सम्पदासमेत घुम्ने, अवलोकन गर्ने वातावरण बनाउन जुटेका छौं। वडाका सबै सम्पदालाई समेट्ने गरी सम्पदा प्रोफाइल बनाइरेका छौं, त्यो काम १ महिनाभित्रमा सकिन्छ। २३ वडामा १७ वटा जति बहा: र बही छन्, जोर गणेश, अट्को नारायण र कुमारीघरजस्ता ऐतिहासिक सम्पदा पनि यही छन्। त्यसैले समग्र सम्पदालाई समेटेर पर्यटक सहजरूपमा वडा घुमफिर गर्न ‘निड एन्ड क्लिन’ सम्पदा मार्ग तयार हुँदै छ। स्थानीयस्तरका तालिम प्राप्त लोकल गाइडको पनि सुविधा उपलब्ध गराइने छ।

### २३ वडा भित्रैको झोछैं त त्यति व्यवस्थित छैन भनिन्छ नि ?

केही हदसम्म यो कुरा सत्य हो। वर्षौं अघिदेखिको ‘फ्रिक स्ट्रिट’ को पहिचान अझै छ, कहिलेकाहीं त ‘लभ पोइन्ट’ जस्तै पनि देखिन्छ। को विदेशी को स्वदेशी पर्यटक छुट्याउँनै गाह्रो हुन्छ। पर्यटकलाई दु:ख दिने जथाभावी पैसा माग्ने पनि छन्। त्यस्तो गतिविधि नियन्त्रण हुनै पर्छ। टुरिस्ट गाइडले सत्य र विस्तृत सूचना नदिएको भन्ने गुनासो पनि आउने गरेको छ, त्यसैले तालिमप्राप्त स्थानीय गाइडको व्यवस्था हुनुपर्छ। वसन्तपुर र हनुमानढोका २३, २४, १९ र २० वडाले घेरिएको छ। झोछैं र अन्य पर्यटक चहल-पहल हुने क्षेत्र व्यवस्थित बनाउन एकअर्को वडाबीच समन्वय जरुरी छ। झोछैं र अन्य पर्यटकीय क्षेत्रलाई शान्त र सुरक्षित बनाउन के कसो गर्न सकिन्छ भनेर व्यवसायी र अन्तरवडाबीच छलफल पनि गर्ने गरेका छौं। पूर्वाधार सुधार गर्दै सम्पदा मार्गलाई लक्षित गरेर यही वर्षभित्र सम्पदा महोत्सव गर्ने तयारीमा छौं। झोछैंलगायत आसपासका क्षेत्रमा हुने विकृति रोकथाम गर्न सीसी क्यामेराको व्यवस्था भएको छ तर पर्यटक र नगर प्रहरीको पनि सहयोग चाहिन्छ। पर्यटक र नगर प्रहरीलाई सहयोग मागेका छौं तर जनशक्ति अभावले होला त्यस्तो सहयोग प्राप्त भएको छैन।

# रातमा टिपरको लर्को, ध्वनि प्रदूषण चर्को



मोतीराम तिमल्सिना

काठमाडौं उपत्यकामा राति ८ बजेपछि मात्रै टिपर चलाउने निर्णय भएसँगै सडक दुर्घटना केही कम भए पनि अन्य प्रकारका समस्या निम्तिन थालेका छन्। उपत्यका प्रवेश गर्ने विभिन्न नाकाबाट एकै पटक ५ हजारभन्दा धेरै टिपर राजधानी भित्रँदा रात्रिकालीन जनजीवनसमेत प्रभावित बन्न थालेको छ।

केही दिनअघि भक्तपुरको मध्यपुर ठिमीमा राति साढे ११ बजे आसपासको समयमा टिपरबाट ढुंगा झार्दै गर्दा बा२ख ३०३७ नम्बरका टिपर चालक श्याम तामाङलाई स्थानीयले हातपात गरे। मध्यरातमा ढुंगा झारेर निद्रा बिगारेको भन्दै उनीमाथि हातपात भएको थियो। तामाङले प्रहरीमा उजुरी दिएनन्। अन्यत्र पनि त्यस्ता उदाहरण दोहोरिन थालेका छन्। रातभर बाक्लो संख्यामा टिपर गुड्न थालेपछि मूल सडक आसपासमा स्थानीय ध्वनि प्रदूषणले निद्रा बिच्काउने गरेको बताउँछन्।

बनेपाका स्थानीय मोहन जस्पाउ टिपरका कारण घर सर्नुपर्ने अवस्था आएको बताउँदै भन्छन्- ‘टिपर चल्न थालेपछि बाटोमा सर्वसाधारणलाई बाटो काट्नसमेत समस्या हुन्छ, अरू सवारीसमेत गुडाउन गाह्रो छ।’ उपत्यकामा साँगा, थानकोट, बालाजु बाइपास, सातदोबाटो, बल्खु, चाँपागाउँ, सुन्दरीजल, साँखु, भक्तपुरलगायतका क्षेत्रबाट राति ८ बजेपछि बाक्लो संख्यामा टिपर भित्रिन्छन्। काभ्रेबाट मात्रै एकै साथ ८ सयका हाराहारीमा टिपर राजधानी प्रवेश गर्ने ट्राफिक प्रहरी कार्यालय काभ्रेका प्रमुख निशेष चापागाईंले बताए।

काठमाडौं पुगेर सामान अनलोड गरेर फर्किने मालबाहक सवारी बाक्लै संख्यामा बाहिरिने गरेका उनले जानकारी दिए। रात्रिकालीन ड्युटीले मालबाहक सवारी चालकका घर परिवारमा पारिवारिक विखण्डनसमेत ल्याउन सक्ने चापागाँईंको तर्क छ। दिनभर सामान खोज्न र लोड अनलोडमा जुट्नुपर्ने, अनि राति मात्रै काठमाडौं जान मिल्ने भएपछि घरपरिवारसँगको सामिप्यतासमेत गुम्न सक्ने चालक गुनासो गर्छन्। ‘हाम्रो समस्या काठमाडौंका ३ वटै प्रशासन कार्यालयलाई जानकारी गराएका छौं तर सुनुवाइ भएको छैन’ -काठमाडौं-काभ्रे रुटमा टिपर चलाउँदै आएका र हाल भक्तपुर बस्ने एक चालकले भने।

> केही दिनअघि भक्तपुरको मध्यपुर ठिमीमा राति साढे ११ बजे आसपासको समयमा टिपरबाट ढुंगा झार्दै गर्दा बा२ख ३०३७ नम्बरका टिपर चालक श्याम तामाङलाई स्थानीयले हातपात गरे। मध्यरातमा ढुंगा झारेर निद्रा बिगारेको भन्दै उनीमाथि हातपात भएको थियो।

सडक र अन्य पूर्वाधार विकाससँगै उपत्यकाका घर निर्माणका लागि आवश्यक सिमेन्ट गिटी, रोडा, बालुवा, ढुंगा, इँटा र अन्य निर्माण सामग्री ढुवानी गर्ने टिपरलाई समयसीमा तोक्दा विभिन्न किसिमका जटिलता आउने व्यवसायीको तर्क छ। बागमती टिपर व्यवसायी संघका अध्यक्ष शेरबहादुर कुँवरले व्यवसायीको मागबमोजिमको निर्माण सामग्री ढुवानी हुन नसकेको बताए।

सरकारले उपत्यकामा दिउँसो टिपर चलाउन नदिने हो भने थप सवारीसाधनको आवश्यकता पर्ने व्यवसायीले बताएका छन्। अहिले भएका सवारीसाधन धेरै भएकाले सवारी चापका कारण ट्राफिक समस्या बढिरहँदा थप सवारी बढेमा समस्या झनै जटिल बन्ने कुँवर बताउँछन्। टिपर दुर्घटनामा धेरै मोटरसाइकल र स्कुटर मात्रै भएकाले दुर्घटना न्यूनीकरण गर्न टिपर चालकसँगै मोटरसाइकल र स्कुटर चालकलाई पनि सचेत गराउनुपर्ने व्यवसायीको तर्क छ।

राति टिपरको संख्या बाक्लो हुँदा एम्बुलेन्सलगायत अन्य अत्यावश्यक सवारी सहजै गन्तव्यमा पुग्दैनन्। मध्यराति मालबाहक सवारीको चाप र त्यसले निम्त्याउने दुर्घटनाका कारण अनुसन्धान र व्यवस्थापनमा जुट्न समस्या भएको ट्राफिक प्रहरी बताउँछन्। सिन्धुली र काभ्रेको पनौतीमा रातको समयमा टिपर चलाउन निधेष गरिएको छ। ‘राति मात्रै ड्युटी गर्नुपर्ने भएपछि धेरै समस्या छ, यस्तै हो भने कमाउन अब विदेश लाग्नुपर्ने अवस्था आएको छ’ -केही दिनअघि भक्तपुरको पालाँसेमा भेटिएका एक चालकले भने।

ट्राफिक लेन अनुशासनको प्रभावकारी एवं कडाइका साथ पालना गराइएको खण्डमा, मालबाहक र अन्य सवारीलाई छुटाछुट्टै लेनको व्यवस्था गरिएको खण्डमा दुर्घटना न्यूनीकरण हुने ढुवानी व्यवसायी बताउँछन्। ‘काठमाडौंमा निर्माण सामग्रीको माग बढिरहेको देखेर बैंकको ऋृण लिएर ढुवानी व्यवसाय सञ्चालन गरियो, तर अहिले सरकारको निर्णयले कसरी बैंकले ऋृण तिर्ने भन्ने चिन्ता बढेको छ’ -बागमती टिपर व्यवसायी संघका एक पदाधिकारीले भने।




## सफारी

अभिनेत्री सचिता लुईंटेल सन्तानका साथ चितवनमा।

# PAGE3

## बर्थडे केक

अमेरिकामा रहँदै आएकी अभिनेत्री अरुणीमा लम्साल बर्थडेका दिन केक हेरेर रमाउँदै।



## अनुभव वयस्क हुँदै जाँदा

# नाइँ नभन्नु ल रोकिन सक्छ : विकासराज आचार्य



✒ रश्मी थापा

'हो मैले *नाइँ नभन्नु ल*बाट बच्चालाई माया गर्न सिकाएको हुँ। किनकी म जहाँ पनि माया र भाइचारा होस् भन्ने चाहन्छु। बच्चालाई बन्दुक बोक्न सिकाउनु भएन, त्यसैले मैले फिल्ममार्फत हरेक उमेर र तप्काका मानिसलाई माया गर्न सिकाएको छु। किनकी मलाई हिंसा र घृणा भन्ने कुरा नै मन पर्दैन। बच्चालाई लभ गर्न सिकाउने फिल्म भनेर *नाइँ नभन्नु ल* सिरिजमाथि लागेको आरोपप्रति त्यसका लेखक तथा निर्देशक विकासराज आचार्यले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भने।

*नाइँ नभन्नु ल* २ को शुरूदेखि नै विशेषत: बालबालिकालाई प्रमुख पात्रका रुपमा खडा गरी विकासले बनाउँदै आएको नामको आधारको सिरिज *नाइँ नभन्नु ल* ५ आगामी शुक्रबार अल नेपाल रिलिज हुँदै छ। यही मेसोमा भएको भेटमा विकासले यो सिरिजको प्रमुख कलाकारका रुपमा रहँदै आएका बालकलाकार अनुभव रेग्मीबाटै *नाइँ नभन्नु ल*को सुरुआत भएको बताए।

विकासले *रिदम* बनाउने क्रममा बालकलाकार अनुभव रेग्मीलाई भेटेपछि *नाइँ नभन्नु ल*को कथाको सोच आएको र अनुभव वयस्क हुँदै जाँदा *नाइँ नभन्नु ल*को सिरिजमाथि चुनौती थपिएको स्वीकार गरे। 'अनुभवजस्तो ट्यालेन्ट बच्चा मैले आजसम्म देखेको छैन। उसको कार्यक्षमता नै अद्भूत ढंगको छ। *रिदम*को बेला उसलाई राम्ररी नेपाली बोल्न आउँदैन थियो। त्यसैले उनको आमा कविता शर्माले नेपालीमा डाइलग भन्दिएपछि उसले एकैचोटीमा त्यसलाई टिपेर एक्सप्रेसनसहित भनिहाल्थ्यो। नीर शाह पनि यत्तिको क्षमतावान् बालक मैले देखेको छैन भन्नुहुन्छ बेलाबेलामा। सायद ऊ नभएको भए यो श्रृङ्खला यहाँसम्म आउँदैन थियो होला', विकास भन्छन्- 'सायद ईश्वरले पनि हेर्छन्, ईश्वरले मलाई अहिले सेड्रिना शर्मा दिए। उनी पनि निकै क्षमतावान् भेटिइन्। अनुभव वयस्क हुँदै जाँदा ईश्वरले मलाई अर्को अनुभव रेग्मी दिन्छन् कि?' अनुभव वयस्क हुँदै जाँदा उनीसँगै *नाइँ नभन्नु ल*को कथा पनि वयस्क हुँदै जाला कि त भनेर प्रश्न गर्ने हो भने विकास भन्छन्- 'यो त राम्रो आइडिया हो। ऊ अझै वयस्क भएपछि एउटा कथा त्यही उमेरको प्रेमकथामा बनाउँला भन्ने मेरो सोच छ। नभएचाहिँ अनुभव वयस्क हुँदै गएपछि एउटा टाइममा गएर *नाइँ नभन्नु ल* अगाडि बढ्दैन भन्ने लागेको थियो। अथवा ऊ वयस्क हुँदै जाँदा तपाईंले भनेजस्तै उसकै उमेरअनुसारको कथा लिएर पनि सिनेमा बनाउन सकिन्छ। तर यसरी फिल्म बनाउँदा पनि त्यहाँ बाल कलाकार पनि हुनेछन्।'

*नाइँ नभन्नु ल* सिरिजसँगै *रिदम*जस्तो फिल्म निर्देशन र थुप्रै फिल्म लेखनमार्फत नाम कमाएका विकास *नाइँ नभन्नु ल* सिरिजबाट दर्शक रुवाउने निर्देशकका रुपमा चिनिन्छन्। '*नाइँ नभन्नु ल*मा विकासराज आचार्य र रुवाउने कथा पर्यायवाची नै हो। मान्छे घरमा रुन सक्दैन, त्यसैले म हलमै रुवाइदिन्छु। सिरिज भनेको एउटा फिल्मकथाको विश्रामपछि फेरि त्यही कथाको अर्को फिल्म हो। तर मैले *नाइँ नभन्नु ल* सिरिजमा नयाँनयाँ कथा प्रस्तुत गरेर नयाँ परम्परा बसालेको छु। फिल्म *छक्कापन्जा* २ बाट पनि मैले यस्तै सुरुआत गरिदिएँ। मनोरन्जनमा हरेक कुरा हुनुपर्छ। *नाइँ नभन्नु ल* ५ मा पनि सबै छ, तर हाँसो कम र आँसु बढी। 'सबै कुरा समावेश गरेर चटपटे बनाउने प्रयास गरेको छु', विकासराज गफिए 'जसरी *नाइँ नभन्नु ल*का सिरिजलाई जस्तै यसलाई पनि बालबालिकाको मनोविज्ञानलाई असर गर्ने फिल्म भनिएको छ, त्यो कुरा फिल्म हेरेपछि आकासको बादल हटेजस्तै छ्यांग हट्नेछ।'

आफू सानो छँदा पढेको *मधुमालती*को कथा नै *नाइँ नभन्नु ल*का लागि प्रेरणाको स्रोत भएको विकास बताउँछन्। 'म बालबालिकासँग बढी रमाउँछु। त्यसैले मैले नेपालमा बालबालिकाको लागि स्वस्थकर सिनेमा नभएको अवस्थामा उनीहरुका लागि भनेर फिल्म बनाएको हो। तर उनीहरुलाई सिनेमा हेर्न लैजाँदा उनीहरुको अभिभावकले हेर्ने कुरा पनि हुनुपर्छ। यस कारण यसपालिको सिरिज पनि पारिवारिक फिल्म बनाएको छु', विकास भन्छन्- 'मानिसले यसको सिरिजमध्ये अहिलेसम्म *नाइँ नभन्नु ल* २ लाई बढी मन पराए तर *नाइँ नभन्नु ल* ५ सबैभन्दा उत्कृष्ट सिरिज हुनेछ।' उनले बीचमा केही फिल्म बनाएपछि *नाइँ नभन्नु ल* ६ बनाउने गरी तयारी चलिरहेको र यसका लागि स्क्रिप्ट लेखन कार्य पनि भइरहेको बताए।

*नाइँ नभन्नु ल* सिरिजमार्फत नेपाली फिल्म जगत्मा थुप्रै नयाँ कलाकार, गायक गायिका र प्राविधिक जन्माएका विकासले नायिका वर्षा राउत, वर्षा सिवाकोटी, पल शाहजस्ता कलाकारलाई विभिन्न सिरिजमार्फत डेब्यु गराएका थिए भने यसपटक बाल कलाकारका रुपमा सेड्रिना शर्मालाई डेब्यु गरँएका छन्। साथै पुराना कलाकार निरुता सिंह र दिलिप रायमाझीलाई पनि पुनरागमन गराएका छन्।

यस वर्षको प्रतिक्षित फिल्मको रुपमा लिइएको *नाइँ नभन्नु ल ५* को ट्रेलरले युट्युबमा निकै चर्चा कमाएको छ। बाल प्रेमलाई मुख्य विषय बनाएर निर्माण गरिएको फिल्ममा बाल कलाकारद्वय अनुभव रेग्मी र सेड्रिना शर्मा दिलिप रायमाझी, निरुता सिंह, प्रियंका कार्की, स्वस्तिमा खड्का, केकी अधिकारी, अभिषेक नेपाल, बुद्धि तामाङ, जयनन्द लामा, उत्तम केसीलगायतका कलाकारको अभिनय रहेको छ। सामीप्यराज तिमिल्सिना र विकास आचार्यको कथा, पटकथा तथा संवाद रहेको फिल्ममा वसन्त सापकोटाको संगीत, कविराज गहतराजको कोरियोग्राफी पुरुषोत्तम प्रधानको छायांकन र अर्जुन जिसीको सम्पादन रहेको छ।

## नेब्रास्काकी दिलासा

# मिस नेपाल यूएसए



अमेरिकाको डलासस्थित टेक्ससमा सम्पन्न नेपाली युवतीबीचको सौन्दर्य प्रतियोगितामा नेब्रास्का निवासी २४ वर्षीया दिलासा न्यौपाने *छैठौं मिस नेपाल यूएसए* २०१८ को ताज चुम्न सफल भएकी छिन्। १६ प्रतियोगीलाई पछि पार्दै विजेता बनेकी उनले मिस *एकेडेमिक एक्सिलेन्स अवार्ड*समेत जितिन्।

प्रतियोगितामा टेक्ससकी २२ वर्षीया पोसा घर्तीमगर *फस्ट रनर्सअप*सहित *मिस पर्सनालिटी*, *मिस कल्चर* र *मिस फ्रेन्डली* तथा कोलोराडोकी २१ वर्षीया कृति ढुंगेल *सेकेन्ड रनर्सअप* भए। त्यसै गरी आयसा ओझा *मिस पब्लिक च्वाइस*सँगै *मिस सोसल एक्सिलेन्स* भइन् भने सोर्वे फाउन्डेसनको सद्भावना दूत भएकी छिन् भने अदीती श्रेष्ठ *मिस डिसिपिलिन*, निलिया गुरुङ *मिस फोटोजेनिक*, विना श्रेष्ठ *मिस क्याटवक*, स्वीकृती भट्टराई *मिस ट्यालेन्ट* र वियन्का अधिकारी *मिस नेपाल टेक्सस* भइन्। प्रतियोगीताको होस्ट संजय गुप्ताले गरेका थिए भने प्रतियोगीको फेसन डिजाइन लजिमा सुब्बा र क्षितिजा शाक्यले तयार गरेका थिए।

## साधारणसभामा सम्मान

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल उपत्यका समन्वय समिति ललितपुरको पाँचौं वार्षिक साधारणसभा सम्पन्न भएको छ। प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष रमेश बिजिको प्रमुख आतिथ्यतामा भएको साधारणसभाको अवसरमा प्रतिष्ठानले गीत संगीत क्षेत्रमा योगदान पुऱ्याउने कलाकर्मी तथा सञ्चारकर्मीलाई सम्मानसमेत गरेको छ।



प्रतिष्ठानले भोला अधिकारी, उमा केसी, दीपा तिमिल्सिना, राजु बोहरालगायतका सञ्चारकर्मीलाई सम्मान गरेको हो। साधारणसभाले समितिका सचिव सुजन बराइलीले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष तोलाचन्द ठकुरीद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन २०७४ र ०७५ सर्वसम्मत पारित गरेको छ।



# विचार

आलोचक उत्कृष्ट कृतिको अन्वेषक हो।
– वासु रिमाल यात्री

विश्वासघात विषभन्दा पनि घातक हुन्छ।
– प्रेमचन्द

## सम्पादकीय

नेपाल समाचारपत्र


## संवैधानिक निकायमा दलहरूको गिद्धे नजर

ठूला दलहरूले संवैधानिक निकायहरूलाई दलगत स्वार्थ पूरा गर्ने थलो बनाउँदै आएका छन् । दलहरूको राजनीतिक स्वार्थ गाँजिएकै कारण संविधानमा व्यवस्था भएका महत्वपूर्ण आयोगहरू लामो समयदेखि पदाधिकारीविहीन छन् । सरकारले समयमै संवैधानिक निकायहरूमा पदाधिकारी नियुक्ति प्रक्रिया अघि नबढाउँदा सरकारका कतिपय निर्णयहरू विवादास्पद बन्नुका साथै नीति निर्माणमा समेत असर पुगेको छ । निर्वाचनबाट स्पष्ट जनमत पाएको बेलामा समेत विभिन्न स्वार्थ तेर्स्याएर सरकार गठनमा महिनौं ढिलाइ गर्ने हाम्रा राजनीतिक दलका नेताहरूले संवैधानिक निकायहरूमा पदाधिकारी चयनमा स्वार्थ खोज्नु कुनै अनौठो कुरा भने हैन । यो परिपाटीले निरन्तरता पाउँदा समग्र देश र जनताको आकांक्षालाई दीर्घकालीन असर पुऱ्याइरहेको हुन्छ । दलहरूको यस्तो क्रियाकलापले मुलुकको सुशासन र समृद्धिलाई पनि पछि धकेलिरहेको हुन्छ ।

पछिल्लो समय सर्वोच्च अदालतमा प्रधानन्यायाधीश नियुक्तिको सन्दर्भमा संसदीय सुनुवाइ समितिको निर्णय विवादास्पद बन्यो । प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया मात्र हैन, न्यायाधीश नियुक्ति प्रक्रिया पनि प्रायः सधैँ विवादास्पद बनिरहेको छ । राजनीतिक दलहरूको दलीय स्वार्थ बाझिएको कारण न्यायालय सधैँ विवादित बनिरहेको छ । न्यायालयजस्तो स्वतन्त्र निकायमा चरम राजनीतिक हस्तक्षेप हुने यथार्थका कारण आमनागरिकमा स्वतन्त्रताका साथ न्यायसम्पादन हुनेमा आशंका उब्जेको छ । यति मात्र हैन, सर्वोच्च अदालतजस्तो संवैधानिक निकाय विगत ५ महिनादेखि नेतृत्वविहीन समेत बनेको छ । तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको बर्खास्ती र कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशी संसदीय समितिबाट अस्वीकृत भएपछि सर्वोच्च अदालत नेतृत्वविहीन भएको छ ।

आमसर्वसाधारणको नजरमा न्यायालय त्यसै पनि आलोचित छ । 'ठूलालाई चैन, सानालाई ऐन' भन्ने बूढापाकाको भनाइ न्यायालयबाट हुने कार्यसम्पादनबाट चरितार्थ हुने भन्ने गुनासो आइरहेको बेला न्यायालयमाथिको राजनीतीकरणले यसलाई थप मलजल पुगेको आभास हुन्छ । संविधानको रक्षा गर्ने मात्र हैन, समग्र न्यायालयको नेतृत्व गर्ने सर्वोच्च अदालतमा प्रधानन्यायाधीश नियुक्ति विवाद लम्बिरहनु राम्रो होइन । न्यायालयमाथि राजनीतीकरण बढिरहेको बेला कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार यसोसिएसनका जिम्मेवार पदाधिकारीहरूले सर्वोच्च अदालतलाई न्यायाधीशहरूले ट्रेड युनियनजस्तो संस्था बनाएको आरोपसमेत लगाइरहेका छन् । न्यायालयभित्र हुने अनियमितताबारे सञ्चारमाध्यमहरूले स्वतन्त्रपूर्वक समाचार बाहिर ल्याउने वातावरण नबनिरहेको बेला दलहरूको हस्तक्षेपले अझ अनियमिततातर्फ उन्मुख बनाइरहेको छ । अतः सर्वोच्च अदालतलगायत सम्पूर्ण संवैधानिक निकायहरूमा राजनीतिक हस्तक्षेप नहुने गरी क्षमतावान् पदाधिकारी नियुक्तिमा सरकारले ध्यान पुऱ्याउनुपर्छ ।

# कर निर्धारणमा राज्यको दायित्व


बालकृष्ण मैनाली

सबै तहको निर्वाचन सम्पन्न भई दुई तिहाइ बहुमतको सरकारसमेत गठन भैसकेको अवस्था छ। यस अवस्थामा तत्कालका लागि ठूला परिवर्तन सम्भव नभए पनि केही निश्चित आधारभूत परिवर्तनको वक्ररेखाचाहिँ कोरिन्थ्यो भन्ने आशा जनतामा थियो। यसलाई अतिशयोक्ति आशा भन्न किमार्थ सकिँदैन। हुन पनि शुरूवाती दिनहरूमा सरकारका केही इमानदार मन्त्रीहरूले केही इमानदारी प्रयास नगरेको पक्कै होइन, सरकारले चालेका केही कदमहरू निश्चित परिवर्तनको अनुभूतिका लागि नै थिए। सुशासन दिने सवालमा केही इमानदारी प्रयास भएकै हुन्। ती इमानदारी प्रयासहरूलाई जनताले सराहना गरेका पनि हुन्। तथापि देशको विडम्बना नै मान्नुपर्दछ- ती इमानदारी प्रयासलाई मूर्तरूप दिने सवालमा चाहिँ अकस्मात् खडेरी लाग्न पुग्यो। यो खडेरीले जनता विलखबन्दमा परेका छन्। निश्चित परिवर्तनका लागि चालेका कदममा लागेको खडेरीले कतै संघीयतालाई नै धरापमा पार्ने वा धराशायी बनाउने त होइन भन्ने चिन्ताले अब घर गर्न थालेको छ।

यता केही दिनदेखि सरकारले अपनाउन खोजेको करको रणनीति अनि प्रदेश सरकारपिच्छे निर्धारण गर्न थालिएका करका मूल्य-मान्यता अनि स्थानीय निकाय नगरपालिका र गाउँपालिकासमेत जनताको आवश्यकता र चाहना विपरीत स्थानीय स्रोत परिचालनका नाउँमा जथाभावी करका दरहरू निर्धारण गर्दै असुलीतर्फ लागेका छन्। यसले सर्वसाधारण जनता, व्यवसायी र सरोकारवालाहरू सरकारसँग आक्रोशित देखिएका छन्। करका विषयलाई लिएर नेकपाका अध्यक्षद्वयका आ-आफ्ना विरोधाभाषपूर्ण धारणा, टिप्पणीहरू सार्वजनिक हुन पुगेका छन्। नेकपाका एकजना अध्यक्ष तथा प्रधानमन्त्री ओलीचाहिँ खोला तरेको कर लिएको होइन खोला तार्ने युवाहरूले पैसा लिएका हुन् भन्नेजस्ता अभिव्यक्ति सार्वजनिक गर्छन्। अर्का अध्यक्ष प्रचण्ड करको भारले संघीयता खतरामा परेको कुरा सार्वजनिक गर्छन्। यी कुराले करका विषयमा र राज्यले लगाउने कर प्रणालीमा दुई अध्यक्षको दुई विचारधारा रहेको मान्नुपर्ने हुन्छ।

> उठाइएको कर देश विकासमा खर्च भएको छ र देश विकासमै खर्च गरिन्छ भन्ने खालको झारा टराइ भाषणले मात्र करदाता उत्साही हुने समय अब घर्किसकेको छ। देशमा रहेको बेथिति, भ्रष्टाचार अनि एक वर्षमा ५० प्रतिशत पनि विकासको रकम खर्च गर्न नसक्ने र आर्थिक वर्षको अन्त्यतिर विकासको नाउँमा अर्बौंको चेक काटेर भुक्तान गर्ने परिपाटी मौलाएको देशमा कसरी करदाताहरू राज्य र सरकारको गुलियो भाषणप्रति आकर्षित हुन्छन् ?

बेथितीका पहाडले थिचिरहेको मुलुकलाई सुशासनमार्फत एउटा निश्चित दिशा प्रदान नगरुन्जेलसम्म करजस्तो प्रत्यक्ष जनता र व्यवसायीहरूसँग सरोकार राख्ने विषयमा यसरी हचुवाको भरमा जथाभावीरूपमा सम्बोधन गर्ने प्रयास गरिनुहुँदैन। विगतमा देखिएका अव्यावहारिक करहरूलाई हटाई वैज्ञानिकरूपमा करको नीतिलाई पुनरवलोकन गरी उठेको करबाट करदातालाई प्रत्यक्ष फाइदा पुग्ने खालका कार्यक्रमहरूको शुरूवाती नभएसम्म राज्यद्वारा उठाइने यस्ता किसिमका करमा करदाताको विरोध नै देखिन्छ, समर्थन होइन। राज्यको दायित्व भनेको करदातालाई कर तिर्न जाऊँ-जाऊँ नै बनाउनुपर्दछ न कि विद्रोही। करदातालाई यदि मैले कर तिरिन भने राज्यलाई अप्ठ्यारो पर्न जान्छ भन्ने भावनालाई सरकारले जागृत गराउनै पर्दछ।

राज्यले जनताबाट उठाउने करका सम्बन्धमा राज्यबाट उठाइएको कर के-कस्तो प्रयोजनमा कसरी खर्च गरिएको छ भन्ने कुरालाई सुसूचित गराउनै पर्दछ र त्यसबाट करदाताले प्रत्यक्ष लाभ लिएको अनुभूति हुनुपर्दछ। सामान्यतः उठाइएको कर देश विकासमा खर्च भएको छ र देश विकासमै खर्च गरिन्छ भन्ने खालको झारा टराइ भाषणले मात्र करदाता उत्साही हुने समय अब घर्किसकेको छ। देशमा रहेको बेथिति, भ्रष्टाचार अनि एक वर्षमा ५० प्रतिशत पनि विकासको रकम खर्च गर्न नसक्ने र आर्थिक वर्षको अन्त्यतिर विकासको नाउँमा अर्बौंको चेक काटेर भुक्तान गर्ने परिपाटी मौलाएको देशमा कसरी करदाताहरू राज्य र सरकारको गुलियो भाषणप्रति आकर्षित हुन्छन् ?

राज्य करदाताप्रति उत्तरदायी छैन भन्ने कुरा एउटा उदाहरणबाट हेरौं। राज्यले एउटा घरवालाबाट तीन किसिमको कर लिन्छ र लिइरहेकै छ। पहिलो, त्यो घर रहेको जग्गाको मालपोतमार्फत कर लिन्छ। दोस्रो, सोही घर-जग्गाको घरजग्गा कर भनी कर असुल्छ। तेस्रो, सोही घरमा भाडामा राखेबापत घरभाडा कर भनी कर असुल्छ। याहाँनिर के प्रश्न उठ्छ भने, यसरी एउटा घरजग्गाबाट तीन प्रकारका कर उठाउने सरकारले घरधनी र त्यो घरमा बस्ने भाडावालालाई के सुविधा प्रदान गऱ्यो त ? यसको खोजबिन गर्ने हो भने हातमा लाग्यो शून्यदेखि बाहेक अन्य केही पाइँदैन। त्यति मात्र होइन, एउटा घरधनीले आफ्नो घरजग्गाबाट तीन किसिमको कर तिर्दा पनि घरधनीलाई आवश्यक परेका बेलामा सोही घरको चार किल्ला मात्र सिफारिसको लागि स्थानीय निकायमा जादाँ उक्त सिफारिस प्रदान गरेबापतको दस्तुरसमेत लिइदिन्छ भने के सरकार करदाताप्रति अनुगृहित छ भन्न मिल्छ ? यस प्रश्नलाई अतिरञ्जित खालको प्रश्न हो भन्न मिल्दै मिल्दैन। राज्यले सुशासन र अनुभूतिमूलकको सेवा-सुविधा प्रदान गर्नेबित्तिकै राज्यलाई तिनुपर्ने कर तिर्न करदाताहरूले आनाकानी गर्दै गर्दैनन्। यसर्थ अब सरकारले जनताबाट उठाइने करलाई हे जनता जर्नादन तपाईंले तिर्नुभएको करलाई यो-यो ठाउँमा यति-यति प्रतिशतका दरले खर्च गरिन्छ भनी सार्वजनिक गर्नै पर्छ। तलब, सेवा-सुविधा अनि करदातालाई प्रत्यक्ष फाइदा हुने कार्यमा यति-यति प्रतिशत खर्च गरिनेछ भनेर सार्वजनिक गर्नै पर्दछ। त्यसैका आधारमा मात्र जनप्रतिनिधिले आफ्नो तलब, सेवा-सुविधामा खर्च गर्ने वातावरण मिलाइनुपर्दछ। प्रत्येक तीन महिनामा आम्दानी-खर्च सर्वसाधारण जनता र करदाताले बुझ्ने भाषामा सार्वजनिक गर्नै पर्छ। सार्वजनिक गरिएको आम्दानी-खर्चमा करदाताले प्रश्न गर्न पनि पाउनुपर्दछ। जनता वा करदाताबाट उठाइएका जिज्ञासाहरूलाई विनाहिचकिचाहट सरकारले चित्त बुझ्दोरूपमा उत्तर दिने प्रक्रियालाई अवलम्बन गरिनुपर्छ। यस मेसोमा कहीं-कतै बदमासी देखिए वा भेटिए दोषीलाई तुरुन्त कारबाहीको दायरामा ल्याउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनुपर्छ। त्यसो भएमा केही प्रतिशतको कर वृद्धिमा जनताले अर्घेल्याइँ गर्ने छैनन्।

वर्तमान करसम्बन्धमा अर्को उदाहरण प्रस्तुत गर्न उपयुक्त हुनेछ। भीमेश्वर नगरपालिकाको कार्यालय, दोलखाले गाउँपालिकाको हैसियतले गतवर्ष ६ विभिन्न कित्ताका जग्गाहरूमा जम्मा रु. १५०।- मात्र कर निर्धारण गरी असुलेको थियो। अहिले आएर उक्त गाउँपालिका नगरपालिकामा परिणत भएपछि सोही कित्ताहरूको जग्गामा रु. ३,८५०।- असुलेको रसिदको प्रतिलिपिसहित छापा सञ्चारमा प्रकाशित भएको छ। यहाँनेर प्रश्न के उठ्छ भने, एक वर्षअगाडि रु. १५०।- मात्र कर तिरे पुग्ने जग्गा अहिले संघीयताको कारणले नगरपालिकामा रूपान्तरण हुनासाथ त्यहाँ के-कस्तो बिजुली चम्केजस्तै विकास भयो वा तत्कालै करदाताहरूलाई के सुविधा प्रदान गरियो र तेब्बर कर बढाउँदा पनि ५ सय पनि नपुग्ने अवस्थामा कुन वैज्ञानिक अधारबाट रु. ३,८५०।- कर निर्धारण गरियो भन्ने प्रश्नको जवाफ सरकारले दिनै पर्छ। अन्यथा सरकारले यसबारेमा 'तोकेको कर तिरे तिर नतिरे नतिर, नतिरेको अवस्थामा राज्यले दिने सुविधा दिन्नौं' भनेर अड्डी कस्न थाल्यो भने सरकारका यस्ता कार्यलाई संघीयता टिकाउने शुभसंकेतको रूपमा लिन सकिँदैन। यस्ता किसिमका नीति र कार्यले संघीयतालाई धराशायी बनाउँदै लाने कुरामा कतै विमति छैन।

करसम्बन्धमा सार्वजनिक भैरहेका समाचारहरूलाई दृष्टिगत गर्दा सरकारले देश संघीयतामा प्रवेश गरेपश्चात् करको सम्बन्धमा खासै केही अध्ययन नै नगरी, करदातालाई आश्वस्त पार्ने कुनै योजनाविना नै जथभावीरूपमा कर निर्धारण गर्ने कार्यमा संलग्न हुन पुग्यो। जुन विषय अहिले सर्वाधिक आलोच्यको विषय बन्न पुगेको छ। हालै छापा सञ्चारमा प्रवाहित भएका करसम्बन्धी समाचारमा सत्यता रहेकै हो भने यसले संघीयतालाई अप्ठ्यारोमा पार्ने पक्का छ। खोला तर्दा पनि कर, मान्छे जीवित भएको प्रमाणपत्र लिन पनि कर, साग बजार पुऱ्याउन जाने किसानसँग पनि कर, माछा मार्न पनि कर, गरिब भएको प्रमाणपत्र लिन पनि कर, मकै पोलेर गुजारा गर्नेलाई देखि लिएर भैंसी बेच्ने र हाँस, कुखुरा, परेवासमेतमा कर लगाउने हचुवापूर्ण निर्णयले सरकारले गर्न खोजेको राम्रो काम पनि ओझेलमा पर्न गएको छ। हो, कुनै व्यवसाय अपनाउँदा वा कुनै माध्यमबाट आम्दानी गर्दा त्यसबाट आर्जित नाफामध्ये केही रकम करको रूपमा सरकारलाई बुझाउनुपर्दछ। त्यो असल नागरिकको दायित्व पनि हो तर यसबारेमा कुनै पूर्वाधार नै खडा नगरी, राज्यका जनतालाई कुनै सेवा-सुविधा प्रदान नै नगरी एक्कासी करको दर धान्नै नसक्ने गरी वृद्धि गर्दै असुल्न खोज्नु जिम्मेवार सरकारको दायित्वभित्र पर्दै पर्दैन।

यदि सबै तह र तप्काका व्यक्तिहरूलाई करको दायरामा ल्याउने नै हो भने स्थानीय स्तरबाटै सक्दो विभिन्न सेवाहरू घर-घरमै उपलब्ध गराइनुपर्दछ। स्थानीय निकाय यस मामिलामा पछि पर्नुहुँदैन। जनताले जुन बेला स्थानीय निकायको आवश्यकता देखेर आउँछ, त्यति बेला त्यसको ढाड सेक्ने हो भनेर स्थानीय निकायले मौनव्रत धारण गर्ने र निर्वाचित जनप्रतिनिधिहरू पनि यस विषयमा चोचोमोचो मिलाई ताली पड्काएर बस्ने हो भने जनता स्वाभाविकरूपमा विद्रोहमा उत्रिन्छन्। स्थानीय निकाय करमा मनपरि अभिवृद्धि गरेर कर असुल गर्नतिर लाग्नुभन्दा जनतालाई जे राहत पुऱ्याउन सकिन्छ त्यतातिर लाग्नु श्रेयष्कर ठानिनेछ। जबरजस्ती थोपरिएको करबाट आफ्नो सेवा-सुविधा वृद्धि गर्नतिरै जननिर्वाचित प्रतिनिधिहरू तल्लीन रहने हो भने कुनै पनि बेला जनता विद्रोहमा उत्रिन्छन्। राणाशासन अनि पञ्चायत व्यवस्थाविरुद्ध समेत उत्रिने जनता र बहुदलीय व्यवस्थाविरुद्ध पनि जेहाद छेड्न सक्ने जनता संघीयताविरुद्ध उत्रिँदैनन् भनेर जनताको भावनामाथि खेलबाड गर्दै जाने हो भने त्यसको परिणति वर्तमान दलीय नेतृत्वले भोग्नै पर्ने हुन्छ। यथार्थ धरातलमा रहेर वास्तविक समस्याको ध्यानाकर्षण गराउँदा त्यसलाई सम्बोधन गर्नुको सट्टा घेराबन्दी गऱ्यो भन्दै आफ्नो गलत निर्णय तथा क्रियाकलापलाई लाद्ने प्रयास नगर्दा बुद्धिमानी ठहरिनेछ।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### मिदिम खोलाको समस्या तत्काल समाधान होस्

लमजुङको करापुस्थित मिदिम खोलाबाट ३.३ मेगावाटको बिजुली बलेपछि विवाद निकालिएको छ। युनियन हाइड्रो पावर कम्पनीले निर्माण गरेको आयोजनाबाट परीक्षण उत्पादन भएपछि विवाद शुरू गरेर लफडा भएको छ। आयोजनाले स्थानीयको माग पूरा नगरेको बहानामा तोडफोडसमेत गरेर स्थानीयहरूले आतंक मच्चाएका छन्। यसको उचित समाधान खोज्नुपर्ने देखिएको छ। दिगो समाधान नखोजे यसले विकराल रूप लिने निश्चित छ। सडक, खानेपानी, विद्यालय, अस्पताललगायतका संरचना निर्माणको माग राखेर ललिन गुरुङ र हस्तबहादुर गुरुङको समूहले तोडफोड गरेको आयोजनाले दाबी गरेको खबर बाहिर आएको थियो।

तोडफोड गरिएको मिदिम खोला जलविद्युत् आयोजनाका स्थानीयले माग राख्नु नाजायज होइन। गाउँको सीमा भएर बग्ने खोलाको पानी उपयोग गर्दा त्यसबाट पर्ने असर न्यूनीकरण गर्नु आयोजनाको दायित्व हुन्छ। साथै, क्षमताले भ्याएसम्म त्यस क्षेत्रको विकासमा सहयोग पुऱ्याउनुपर्छ। तर, कति क्षमता वा लगानीका आयोजनाले कति सामाजिक दायित्व कसरी पूरा गर्ने भन्ने प्रश्न गम्भीर हो।

मिदिम ३.३ मेगावाटको आयोजना हो। यसले गाउँ, क्षेत्र र जिल्लाका सबै माग कसरी समेट्न सक्ला ? सानो लगानीले आयोजना निर्माण गर्ने कि स्थानीयका माग पूरा गर्ने ? माग मात्र पूरा गर्नुपर्ने भए आयोजना किन बनाउनु ? आयोजना निर्माणपछि बिजुली बाल्ने स्थानीयले नै हो। निर्माणक्रममा प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा त्यहींका व्यक्तिले पाउँछन्। सामान्य आयोजनाले कति माग पूरा गर्न सक्छ भन्ने पक्ष स्थानीयले कहिले बुझ्ने ?

शहरदेखि गाउँका कुनाकन्दरासम्म विकासे भाषण गर्ने राजनीतिक दलले यी पक्ष बुझाउन जरुरी छ, न कि सर्वसाधारण वा जनतालाई उचालेर विरोध गर्ने। एउटा सामान्य आयोजना गाउँ पुग्दा त्यसले बाटो लिएर जान्छ। खानेपानी, विद्यालय, अस्पताल खुल्दै जान्छन्। रोजगारीका अवसरको ढोका खुल्छ। गाउँमा मात्र कुजिएर बसेको कृषि उत्पादन त्यही बाटो भएर शहर पुग्छ। कृषिमा आधुनिक उपकरण भित्रिन्छन्। यसले व्यावसायिक कृषिको जग बसाल्न मद्दत गर्छ। विकट बन्जर गाउँ बिस्तारै बजारमा रूपान्तरण हुँदै जान्छ। बाटोले गाउँ-शहर मात्रै बन्दैन, त्यहाँ गरिखाने अनेक पेसा र व्यवसाय जन्मिन्छन्। बाँदर दगुर्ने भीर घडेरीमा फेरिँदै जान्छ। सामान्य किसान जग्गा व्यापारी बन्न सक्छ। ऊ कुशल र आधुनिक कृषक पनि बन्न सक्छ। यावत पक्षको नजरअन्दाज गर्दै निशाना बनाएर आयोजनामा गुन्डागर्दी गर्नु सामाजिक अपराध हो।

भोलि निर्माणाधीन हरेक आयोजनामा यस्ता घटना दोहोरिँदै गए जलविद्युत् विकासमा निजी क्षेत्र निरुत्साहित हुँदै जाने निश्चित छ। देशको कुल जडित क्षमता आज करिब हजार मेगावाट पुग्यो। यसमा करिब ५० प्रतिशत निजी क्षेत्रको योगदान छ। सरकारले १ सय ६ वर्षमा ५ सय मेगावाट उत्पादन गऱ्यो। तर, २५ वर्षभित्र निजी क्षेत्रले त्यत्तिकै परिमाण उत्पादन गरेर देखायो। यो प्रयास र उत्साहमा आगो झोस्दै जाने हो भने जलविद्युत्मा भएको अर्बौं लगानी डुब्नेछ। देश पुनः अँध्यारोतिर फर्किन बेर लाग्दैन। यसले सिंगो अर्थतन्त्र धराशयी हुँदै जान्छ। 'उज्यालो नेपाल'को सपना बाँड्दै हिँड्ने सरकार लगानी सुरक्षाको पहरेदार बन्नुपर्छ।

*- मनोज कार्की लमजुङ, हाल : पुल्चोक, ललितपुर।*

### सरकारले कृषिक्षेत्रलाई कहिले महत्व देला ?

नेपाल कृषिप्रधान मुलुक हो। देशको कृषिक्षेत्रको कुरा गर्ने हो भने अत्यन्तै नाजुक अवस्था छ। बढी मेहनत, कम उत्पादकत्व र कमजोर प्रतिफलकै कारण कृषिक्षेत्रबाट पलायन हुनेको संख्या दिनानुदिन बढ्दै गएको छ। कृषिमा सम्भावना नै नभएर यस क्षेत्रबाट आश्रित जनसंख्या बाहिरिएको भने होइन। कृषिमा दशकौंदेखि हाबी बिचौलिया प्रथा र भारतबाट वैध-अवैधरूपमा आयात हुने कृषिजन्य उपजका कारण उत्पादन लागतभन्दा कममा आफ्ना कृषिउपज बेच्नुपर्ने बाध्यताका कारण कृषकहरू यस क्षेत्रबाट पलायन हुँदै गएका हुन्।

किसानसँग ५-१० रुपियाँ प्रतिकिलोमा किनेको कुनै कृषिजन्य उपज काठमाडौंका खुद्रा बजारसम्म आइपुग्दा ५०-६० रुपियाँ पुगिसकेको हुन्छ। उत्पादन कम भएका कारण सामान्यतया वर्षा मौसममा हरियो तरकारीको मूल्य केही महँगै हुन्छ, तर बजारमा उपभोक्ताले जुन मूल्य तिर्नुपरिरहेको छ, त्यसको दशांश पनि वास्तविक किसानले पाउँदैनन्। यसबाहेक भारतबाट वैध र अवैध दुवै रूपमा भित्रिने कृषिजन्य उपज, जो भारतमा विभिन्न किसिमका अनुदान, सहुलियतपूर्ण कृषिऋण र अन्य सुविधाका कारण नेपाली उपजभन्दा सस्तो हुन्छ। त्यसकारण पनि यहाँका कृषक प्रताडित हुनुपरेको छ।


भन्सार विभागको तथ्यांक हेर्ने हो भने, गत आर्थिक वर्षभरिमा १ खर्ब ५९ अर्ब रुपियाँबराबरको कृषिजन्य वस्तु आयात भएकोमा नेपालबाट केवल १४ अर्ब रुपियाँबराबरको मात्र निर्यात भएको देखिन्छ। यो त औपचारिकरूपमा अभिलेखित गरेर भएको आयात हो, दुई देशबीचको करिब १८ सय किलोमिटर लामो खुला सीमाबाट यसको दुई गुणाभन्दा अधिक कृषिजन्य उपज अनौपचारिक माध्यमबाट आयात हुन्छ।

नेपाल-भारतबीचको व्यापार सन्धि परिमार्जनको प्रक्रिया अघि बढिरहेको सन्दर्भमा यसरी वैध वा अवैधरूपमा हुने कृषिजन्य उपजलाई विशेष निगरानी सूचीमा राखिनै पर्छ। यदि नेपालभित्र उत्पादन नै हुन नसक्ने वा भए पनि यहाँको आन्तरिक माग धान्न नसक्ने कुनै कृषिजन्य उपज भए त्यसलाई बजार प्रवेशमा सहजीकरण गर्न सकिन्छ, तर नेपाली कृषिक्षेत्र नै तहसनहस हुने गरी भइरहेको आयातलाई अब भने नियन्त्रणका लागि ठोस पहल गर्नुपर्ने बेला भइसकेको छ। नेपालमा सन् १९९० पछि विश्व बैंक, एसियाली विकास बैंकलगायतका दाताहरूबाट सहयोग लिने नाममा दाताकै सर्तबमोजिम कृषिक्षेत्रमा दिँइदै आएको अनुदान क्रमैसँग हटाउँदै लगियो।

कृषिऋण पनि महँगो छ भने त्यो पनि किसानहरूले सहजै पाउन सक्ने अवस्था छैन। मल, बीउबिजन, कृषिउपकरणलगायतका क्षेत्रमा त्यस्तै ठूलो समस्या छ। सिंचाइको अभाव हटाउन अझै ठोस पहलहरू हुन सकेका छैनन्। रानीजमरा, सिक्टा सिँचाइ, बबई सिंचाइ, भेरी बबई डाइभर्सनलगायतका निकै ठूलो अपेक्षा गरिएका राष्ट्रिय गौरवका आयोजना त अझै पूरा भएका छैनन् भने नयाँ आयोजना बन्ने, बनाउने कुरा अर्को दशकसम्मै पर्खनुपर्ला। सरकारले बेलेमा ध्यान दिन जरुरी छ।

*- श्याम पोखरेल, भक्तपुर।*

## सामाजिक सञ्जाल



नभएको त त्यही पैसा मात्रै हो, अरु त सबै छ जस्तै लाग्छ। तर पूँजीवाद यसरी झाङ्गिदियो कि, पैसाको अभावमा बाँकी सबै योग्यताहरु स्वतः ओझेल परिदिन्छन्। हाम्रो पुस्ताको सबैभन्दा ठूलो शत्रु त 'पूँजीवाद' नै हो यार।

**Mahabir Bishwakarma**
**@MahabirBswkrma**



नगरपालिकाले फुटपाथको कुनामा पानी बेच्न बसेकी आमैको पानी खोसेर लग्यो। झम्टाझम्टीमा खोकिलामा राखेका खुद्रा पैसा फुटपाथमा छरिए। अलि पर आधा फुटपाथ र सडक ढाकेर पार्क गरेको एसयुभी कारभित्र एउटा मान्छे मुस्कुराइरहेको थियो। अहँ, नगरपालिकाले त्यो गाडी देख्दै देखेन।

**Mod Dhakal**
**@ModDhakal**

{ सरकारले वार्षिक पोसाक भत्ता शीर्षकमा प्रतिव्यक्ति एक जना कर्मचारीलाई १० हजार रुपियाँ उपलब्ध गराउँदै आएको छ। राष्ट्रिय सतर्कता केन्द्रले गत वर्ष झन्डै ५ सय ५० जना कर्मचारीलाई सचेत गराएको थियो। सरकारले पोसाक नलगाउने कर्मचारीलाई निजामती सेवा ऐन २०४९ अनुसार कारबाही गर्ने झाले बताउनुभयो।



# सदुपयोग हुन सकेन पोसाक भत्ताको ८३ करोड

**नेपाल समाचारपत्र**

काठमाडौं

पोसाक भत्ता शीर्षकमा सरकारले ८३ करोड ५० लाख रुपियाँ छुट्याए पनि उक्त रकमको सदुपयोग हुनसकेको छैन। कार्यालय समयमा अधिकांश कर्मचारीले पोसाक नलगाएपछि सदुपयोग हुन नसकेको हो। कर्मचारी र सेवाग्राही छुट्याउन सजिलो होस् भनेर सरकारले पोसाक अनिवार्य लगाउनुपर्ने परिपत्र जारी गरे पनि कार्यान्वयनमा कठिनाइ देखिएको छ।

सरकारले यस आर्थिक वर्षदेखि लागू हुने गरी पोसाक भत्ता शीर्षकमा ८ हजार रुपियाँबाट बढाएर १० हजार रुपियाँ पुर्‍याएको छ। रिपोर्टिङका क्रममा दुग्ध विकास संस्थानमा पुग्दा त्यहाँ कार्यरत केही कर्मचारीहरूले कार्यालय पोसाक नलगाएको भेटिएको थियो। यस्तै कर्मचारीहरू कार्यालय समयमा आफ्नो कार्यकक्षमा भेटिएका थिएनन्। किन कर्मचारीहरूले पोसाक लगाउँदैनन् भनी जिज्ञाशा राख्दा दुग्ध विकास संस्थाका सूचना अधिकारी सञ्जीव झाले कार्यालयमा आउँदा पोसाक नलगाउने कर्मचारीलाई कारबाही हुने बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी अब निगरानी गर्छौं कर्मचारीहरूले कार्यालय पोसाक लगाउनैपर्छ।' संस्थानमा हाल ८३ जना कर्मचारीहरू कार्यरत छन्।

सरकारले वार्षिक पोसाक भत्ता शीर्षकमा प्रतिव्यक्ति एक जना कर्मचारीलाई १० हजार रुपियाँ उपलब्ध गराउँदै आएको छ। राष्ट्रिय सतर्कता केन्द्रले गत वर्ष झन्डै ५ सय ५० जना कर्मचारीलाई सचेत गराएको थियो। सरकारले पोसाक नलगाउने कर्मचारीलाई निजामती सेवा ऐन २०४९ अनुसार कारबाही गर्ने झाले बताउनुभयो। सरकारी कार्यालयहरूमा कार्यरत कर्मचारीलाई चिन्न सजिलो होस् भनेर अनिवार्य पोसाक लागू गरेको हो। पुरुष कर्मचारीका लागि सेतो सर्ट, गाढा निलो पाइन्ट र महिला कर्मचारीका लागि निलो साडी, सेतो कुर्था र निलो सुरुवाल तोकेको छ।

महिला कर्मचारीले असहज भए सेतो सर्ट र गाढा निलो पाइन्ट लगाउन सकिने सामान्य प्रशासन मन्त्रालयले बताएको छ। वार्षिक ८३ करोड ५० लाख रुपियाँ खर्चिएर सरकारले कर्मचारीलाई पोसाक भत्ता उपलब्ध गराए पनि कार्यालयमा कार्यरत कतिपय कर्मचारी जिन्स पाइन्ट, आउट ड्रेस लगाएर कार्यालय पुग्ने गरेका छन्।

## दुई मिनेट

### धनमाल चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-४ टुसाल गल्ली बस्ने बुद्धमाया गुरुङको घरबाट मंगलबार विभिन्न देशका मुद्रा, १३ तोला सुनका गहना चोरी भएको छ। त्यसै गरी सोही घरमा डेरा गरी बस्ने नुवाकोट विदुर नगरपालिका-४ घर भएका हरि कोइरालाको कोठाबाट नगद ४५ हजार रुपियाँ, २० तोला सुनका गहना, हीराको हार १ थान र थाई भाट १ हजार ६ सयसमेत चोरी भएको छ। दुवै जनाको गरी १६ लाख ८२ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको बताइएको छ। यसै गरी काठमाडौं महानगरपालिका-१० मध्यबानेश्वर मितेरी मार्ग डेरा गरी बस्ने मोरङ विराटनगर महानगरपालिका-४ घर भएकी दीपा बस्नेतको कोठामा मंगलबार कोही नभएको अवस्थामा झ्यालको ग्रिल फोडेर नगद २२ हजार रुपियाँसहित करीब १ लाख ७४ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ। फरार चोरहरूको खोजतलास गर्नुको साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### भवन बनाउन तात्यो कामपा

काठमाडौं, (नेस)

काठमाडौं महानगरले ७ वटा वडाको नयाँ भवन निर्माण गर्ने र ३ वटा बडाको तला थप गर्ने काम अघि बढाएको छ। आफै बस्ने ठाउँ स्थायी र व्यवस्थित भएन भने सेवामा प्रभावकारिता ल्याउन नसकिने भएपछि कामपाले भवन बनाउन शुरू गरेको हो। कामपाका मेयर विद्यासुन्दर शाक्यले सेवा व्यवस्थापनमा पूर्वाधारको उपलब्धता पहिलो सर्त भएकाले ७ वटा भवन निर्माण शुरू गरिएको बताउनुभयो। 'हरेक वडालाई आफ्नै भवन उपलब्ध गराउने योजनामा छु। यसै वर्ष केही वडाका सुविधायुक्त, मौलिक पहिचानयुक्त भवन बन्नेछन्।' -उहाँले भन्नुभयो। 'हामी यस वर्ष ७ वटा नयाँ भवन निर्माण गर्ने र ३ वटाका तला थप गर्ने योजनाअनुसार काम गरिरहेका छौं।' -पूर्वाधार विकास विभागका प्रमुख प्रमुख रामबहादुर थापाले भन्नुभयो। कामपाले वडा ६, ७ र १५ मा तला थप गर्ने र ३, ४, ९, १२, १४ र २९ वडा भवन निर्माण गर्ने जनाइएको छ। कामपाले वडा नं ३, ४ र २६ को बोलपत्र आह्वान गरिसकेको जनाएको छ।

## सभापति देउवाद्वारा स्व. राणाको स्मरण

काठमाडौं, (नेस)

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीका पूर्वकेन्द्रीय सदस्य स्व. भरतशमशेर राणा क्रान्तिकारी र विद्रोही स्वभावको नेता भएको बताउनुभएको छ।

स्व. राणाको निधनको १३औं दिनमा कांग्रेस केन्द्रीय कार्यालयद्वारा बुधबार आयोजित श्रद्धाञ्जलीसभामा सभापति देउवाले उहाँ सम्भ्रान्त परिवारमा जन्मेर पनि समावेशी शासनको पक्षपाती भएको स्मरण गर्नुभयो। भारतको कोलकत्तामा विद्यार्थीकालमा नै आफ्नो भेट भएको स्मरण गर्दै सभापति देउवाले स्व. राणा जातभात र संस्कार नमान्ने क्रान्तिकारी नेता भएको बताउनुभयो। कांग्रेसका पुराना अग्रज नेता राणाको गत साउन २५ गते कोलकातामा ९० वर्षको उमेरमा निधन भएको थियो।

सभामा नयाँ शक्ति पार्टी नेपालका संयोजक एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफ्नो राजनीतिक यात्रामा स्व. राणाले लेख्नुभएको पुस्तकको प्रभाव र प्रेरणा रहेको स्मरण गर्नुभयो।

कार्यक्रममा कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले नेता राणा सदैव अन्यायको विरुद्धमा लड्ने समाजवादी नेता भएको स्मरण गर्दै स्व. राणामा सफल नेतृत्वको खुबी रहेको चर्चा गर्नुभयो। पौडेलले ठूलो संघर्ष गरेर गोर्खा परिषद् पार्टी स्थापना गरी २०१५ सालको आम निर्वाचनमा पार्टीलाई दोस्रो स्थानमा पुर्‍याउन सफल भएको भन्दै राणाको प्रशंसा गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातन्त्र)का अध्यक्ष पशुपति शमशेर राणाले कांग्रेस नेता भरत शमशेर राणा संघर्षशील हक्की स्वभावका भएको स्मरण गर्दै उहाँमा प्राकृतिकरूपमै प्रतिपक्षी दलको नेताको स्वभाव रहेको धारणा व्यक्त गर्नुभयो।

## पानी उद्योगलाई वर्गीकरण गर्न सुझाव

काठमाडौं, (नेस)

दशौं वर्ष अघिदेखि तत्कालीन ऐनकानुनको परिधिमा गरिँदै आएको उत्पादनलाई हाल अन्तर्राष्ट्रिय मापदण्ड भन्दै उत्पादनका रोक लगाइएको गुनासो उद्यमीले गरेका छन्।

यदि अन्तर्राष्ट्रिय मापदण्ड भन्दै नयाँ कानुन लागू गरिए देशभरका करिब ७ सय पानी उद्योग चल्नै नसक्ने नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य राजकुमार न्यौपानेले बताउनुभएको छ।

उहाँले नेपालमा अन्तर्राष्ट्रिय मापदण्ड लागू गर्ने हो भने पानी उद्योगलाई 'ए', 'बी' र 'सी' वर्गमा विभाजन गरी सञ्चालन अनुमति दिनुपर्ने सुझाव दिनुभयो। उत्पादनमा सुधारका विषयमा गहन सुझाव नदिएर एउटा निवेदनको भरमा उत्पादन र बिक्री बन्द गरिनु दुःखको कुरा भएको उहाँको भनाइ छ।

यस्तो कार्यले उद्योगमा गरिएको करोडौं लगानी र हजारौंको रोजगारीमा प्रतिकूल प्रभाव पर्ने उहाँको भनाइ छ। उद्योगद्वारा उत्पादित 'माइ च्वाइस' ब्रान्डको पानीलाई हाल उत्पादन तथा बिक्रीमा रोक लगाइएको छ। क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले आइतबार हेटौंडाका ३ वटा पानी उद्योगलाई पानी उत्पादन तथा बिक्री वितरण गर्न रोक लगाएको हो। उद्योगबाट उत्पादित पानी प्रतिकूल देखिएपछि त्यस्ता उद्योगबाट उत्पादन हुने पानीको १ लिटर बोतल तथा २० लिटरको जार उत्पादन गर्न तथा बिक्री वितरण गर्न नपाइने गरी रोक लगाइएको हो। हेटौंडा-८ स्थित मकवानपुर वेभरेज प्रालिको 'माइ च्वाइस' ब्रान्डको पानी, हेटौंडा-९ स्थित शुभ वेभरेज इन्डस्ट्रिज प्रालिको 'एक्वा टाइम' ब्रान्डको पानी र हेटौंडा-९ स्थित नेचुरल वेभरेज प्रालिको 'अमृत जल' ब्रान्डको पानी उत्पादन तथा बिक्रीमा रोक लगाइएको थियो।

उद्योगको पानीको विषयमा उपभोक्ताबाट उजुरी आएको र उद्योग अनुगमन तथा पानीको जाँच गर्दा पानीमा सूक्ष्म जीवाणु देखिएपछि खाद्य नियमावली २०२७ को नियम ८ को उपनियम १ (ग) बमोजिम जिल्ला प्रशासन कार्यालय मकवानपुरको आदेशमा उत्पादन तथा बिक्री वितरण रोक्का गरिएको क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत राजकुमार रिजालले जानकारी दिनुभयो।

उद्योगहरूले प्रशोधित पिउने पानी निर्देशिका २०७४ बमोजिम पानी उत्पादन गर्दा आवश्यक मापदण्ड पूरा हुनुपर्ने, पानी उत्पादन तथा सुरक्षाको प्रत्याभूति गर्नुपर्ने, उत्पादन भएको प्रशोधित पानीमा कुनै समस्या नहुने प्रतिबद्धता जाहेर गर्नुपर्ने तथा पानी जाँच गर्दा अनुकूल देखिएमात्र उद्योग खुल्ने उहाँले बताउनुभयो।

साउन १७ गते संयुक्त बजार अनुगमन टोलीले शंकास्पद प्रशोधित पिउने पानीको नमुना खाद्य ऐन २०२३ तथा खाद्य नियमावली २०२७ अनुसार नमुना जाँच गर्दा प्रतिकूल देखिएको कार्यालयले जानकारी दिएको छ।

## कलंकी–खसीबजार अन्डर पास अन्तिम चरणमा

**नेपाल समाचारपत्र**

काठमाडौं

कलंकी-खसीबजार अन्डर पास निर्माण अन्तिम चरणमा पुगेको छ।

कलंकीको जाम हटाउने समाधानका रूपमा हेरिएको कलंकी-खसीबजार अन्डर पास १/२ सातापछि खुला हुने चक्रपथ सुधार योजनाले बताएको छ। ८ सय मिटर लामो अन्डर पासमा २ तह कालोपत्र गर्न बाँकी रहेको योजनाका इन्जिनियर निरञ्जन शर्मा अर्यालले जानकारी दिनुभयो। सडक छेउमा बोर्ड राख्नेलगायतका केही काम सकिएपछि १/२ सातापछि खुला हुने उहाँको भनाइ थियो।

उपत्यकाको सबैभन्दा बढी सवारी चाप रहेको कलंकीलाई व्यवस्थापन गर्न यो सडकले सहयोग गर्ने विश्वास गरिन्छ। कोटेश्वर-कलंकी सडक निर्माणको कामको ९७ प्रतिशत काम सकिसकेको हो। अन्डरपास सडक नेपालका लागि पहिलो हो। जम्मा १० दशमलव ४ किलोमिटर लामो यो सडक निर्माणको काम चिनियाँ सरकारको सहयोगमा निर्माण भइरहेको छ। ४ वर्ष पहिले ४० महिनामा निर्माण सम्पन्न गर्ने गरेर सम्झौता भएको थियो। भूकम्प र नाकाबन्दीका कारण काम त्यो वर्ष काम ठप्प भएकाले एक वर्ष अवधि थप भएको थियो।

## निजी विद्यालय सरकारी विद्यालयमा गाभियो

**नेपाल समाचारपत्र**

काठमाडौं

महोत्तरीको बर्दिबास नगरपालिका-८ हात्तीलेटमा रहेको मोडेल इंग्लिस बोर्डिङ स्कुल सरकारी विद्यालयमा गाभिएको छ। स्थानीय शिशु कल्याण आधारभूत विद्यालय र मोडेल इंग्लिस बोर्डिङ स्कुलबीच समायोजन भएको हो।

साउन ८ गते नै एक भएर अध्ययन शुरू गरिसकेको विद्यालयको बुधबार एक औपचारिक कार्यक्रमबीच समायोजनको घोषणा गरेको हो। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले समायोजन कार्यक्रममलाई सम्बोधन गर्दै सरकारी र निजी स्कुलबीचको एउटा ठूलो खाडल मुख्य समस्या रहेको बताउनुभयो। 'निजी स्कुलको पढाइ राम्रो छ भन्ने आम मानिसमा परेको छ', मन्त्री पोखरेलले भन्नुभयो- 'सार्वजानिक शिक्षा कमजोर भएको र सरकारी स्कुल अथवा सामुदायिक स्कुलको पढाइ कमजोर भएको कुराले धेरै पीडा भएको छ।

' यसैबीच मन्त्री पोखरेलले बालबालिकालाई विद्यालय भर्ना नगर्ने अभिभावकलाई पनि कारबाही हुने बताउनुभएको छ। महोत्तरीको बर्दिबासमा विद्यार्थी भर्ना तथा साक्षरता अभिवृद्धि विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अहिले जारी भएको नयाँ ऐनमा विद्यालयमा आफ्ना बालबालिका भर्ना नगर्ने अभिभावकलाई कारबाही हुने व्यवस्था रहेको बताउनुभएको हो। उहाँले सबै अभिभावकले आफ्ना बालबालिकालाई अनिवार्यरूपमा विद्यालय पठाउन आग्रह गर्नुभयो।

२०८५ पछि आधारभूत शिक्षा नलिएको व्यक्तिले राज्यबाट कुनै सुविधा नपाउने हुँदा आजैबाट सबै बालबालिकालाई विद्यालयको पहुँचमा पुर्‍याउन आवश्यक रहेको मन्त्री पोखरेलले उल्लेख गर्नुभयो।

## बागमती महाजलजात्रा हुने

**नेपाल समाचारपत्र**

काठमाडौं

'कर्तव्य बनाऔं बागमती सफाइ : स्वच्छ नदी हाम्रो सन्ततीलाई' भन्ने मूल नाराका साथ बागमती नदी महोत्सव-२०७५ महाजलजात्रा यही भदौ ९ गते शनिबारका दिन मनाइने भएको छ।

नेपाल नदी संरक्षण संस्था र फ्रेन्ड्स क्लब कोपुण्डोलको संयुक्त आयोजना र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा मनाइने उक्त महाजलजात्राको यो १८औं संस्करण भएको आयोजकको भनाइ छ। ललितपुरको कोपुण्डोलस्थित बागमती पुलमा विगत १७ वर्षदेखि मनाइँदै आएको उक्त महोत्सवमा विभिन्न संघसंस्थाको समेत प्रतिनिधित्व रहने बताइएको छ।

यस महोत्सवको उद्देश्य बागमती नदीलाई माया गर्ने विभिन्न व्यक्तित्व, संघसंस्थाहरू र आम नागरिकलाई यस महाअभियानमा सरिक गराउने सत्प्रयास भएको अनयोजकले बताएको छ। विज्ञप्तिमा भनिएको छ- 'यो महोत्सव एक साझा मञ्च हो जसमा सबैलाई नदीनजिक पुर्‍याउने, नदीको अवस्था बुझाउने, नदी चिनाउने तथा तिनीहरूको सरोकार राख्ने अवस्था सिर्जना गर्दछ।'

महोत्सवको उद्घाटन समारोहमा मुख्य अतिथिका रूपमा वरिष्ठ वातावरण पत्रकार भैरव रिसाल रहनुहुनेछ। विभिन्न मन्त्रालयका मन्त्री विशेष अतिथिका रूपमा उपस्थित हुनेछन्।

महोत्सवमा मन्त्री, सञ्चारकर्मी, विद्यार्थी, स्थानीय, अभियन्ता, अधिकारकर्मी, वातावरण क्षेत्रमा कार्यरत संघसंस्था र व्यक्तित्व, रिभर गाइड तथा अन्य विभिन्न व्यक्ति गरी करीब ७ हजारको सहभागिता रहने बताइएको छ।

## सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यबाट लाभ, यश-कृति, सुख, कार्यसिद्धि, मन प्रफुल्लित।
**वृष** : स्वास्थ्य समस्या तर दिउँसोबाट मान-प्रतिष्ठा, सरकारी कार्य सफल।
**मिथुन** : पूर्वार्धमा धनलाभ, मध्याह्नबाट स्वास्थ्य गडबड, काममा बाधा।
**कर्कट** : आर्थिक लाभ, विजय, पारिवारिक सुख, समस्या समाधान।
**सिंह** : कार्य सफल, धनलाभ, परीक्षा, खेलकुद आदिमा विजय।
**कन्या** : शुरूमा स्वास्थ्य समस्या तर मध्याह्नबाट स्वस्थता, कार्य सफल।
**तुला** : पूर्वाह्न लाभ-पराक्रम तर दिउँसोबाट विवाद, दिनचर्या अस्तव्यस्त।
**वृश्चिक** : धनलाभ, मान-सम्मान, पढाइ, व्यापार आदिमा सफलता।
**धनु** : खाद्यान्न प्राप्ति, भाग्योदय, कार्य सफल, सुख-सन्तोष।
**मकर** : मध्याह्नसम्म तनाव तर त्यसपछि उपहारादि वस्तु प्राप्ति।
**कुम्भ** : उत्तम भोजन, आर्थिक लाभ तर दिउँसोबाट भय, विवाद।
**मीन** : सुख-सन्तोष, पैसा प्राप्ति, मिष्ठान्न भोजन, पारिवारिक सुख।

# प्रदेश-३

यसअघि न्याय सम्पादनको सेवा दिनुपर्ने तर कर्मचारी अभावका कारण स्थानीय निकायले समस्या भोग्दै आएका थिए।

# प्रदेश मन्त्रिपरिषद् बैठक
## घटाइयो ३ सय कर्मचारी

**नेपाल समाचारपत्र**

हेटौंडा

सरकारी खर्च कटौती गरी ती कर्मचारीको समुचित प्रबन्धमा जुटेको प्रदेश-३ सरकारले संघीय सरकारबाट प्रदेशका लागि निर्धारण गरेको कर्मचारी संख्या घटाएर माग गरेको छ।

बुधबार प्रदेश अस्थायी मुकाम हेटौंडामा बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो। प्रदेशमा आवश्यक कर्मचारीको सांगठनिक संरचनाका विषयमा निर्णय गरेर संघीय सरकारलाई सिफारिस गर्ने निर्णय गरिएको हो।

कार्यालयमा आवश्यकभन्दा बढी कर्मचारी राख्ने प्रचलन रहेको समयमा प्रदेशले भने संघीय सरकारले पठाएको कर्मचारी संगठनको संरचनाभन्दा घटाएर माग गर्ने निर्णय गरेको छ।

संघीय सरकारले प्रदेशमा ३ हजार ६ सय ४२ कर्मचारीको सांगठनिक संरचना स्वीकृत गरे पनि प्रदेशले भने आफूलाई आवश्यक कर्मचारी ३ हजार ३ सय ४२ जनामात्र रहने गरी निर्णय गरेको प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले बताउनुभयो।

प्रदेशले भएका कर्मचारीको भरपुर उपयोग गर्ने र कर्मचारीलाई 'घाम तापेर बस्ने अवस्था आउन नदिन' यो रणनीति अवलम्बन गरेको मुख्यमन्त्री डोरमणि पौडेलले बताउनुभयो। प्रदेश सरकारलाई कर्मचारी पाल्ने बोझ कम हुने र भएकालाई राम्रोसँग काम गर्ने वातावरण बनाए सरकारी रकम सदुपयोग हुने उहाँको विश्वास छ।

मन्त्री जम्कट्टेलले कर्मचारी सकेसम्म घटाउने, हाल ३ तहको सरकार रहेकाले स्थानीय तहमा पनि कर्मचारी पठाउनुपर्ने र कतिपय जोडिएर आएका संरचना पनि रहेकाले कर्मचारी संख्या घटाइएको स्पष्ट पार्नुभयो।

उहाँले कर्मचारी प्रदेशमा पठाइए पनि प्रदेश सरकारभन्दा करिब १ वर्षअघि नै गठन भएका स्थानीय निकायमा आवश्यक संख्यामा कर्मचारी नपठाइएकोमा भने गुनासो गर्नुभयो। उहाँका अनुसार हालसम्म पनि करिब ४० प्रतिशत कर्मचारी अभाव छ।

संघीय प्रदेश सरकारले प्रदेशमा कार्यरत कर्मचारीको दरबन्दीको टुंगो लगाएको थियो। संगठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षणले प्रदेशमा कार्यरत कर्मचारी तथा सरकारी कार्यालयको अन्तिम टुंगो लगाएको हो।

प्रदेशमा सचिवको दरबन्दी ७, सहसचिव (अप्राविधिक) ४२, प्राविधिक ७ सय, उपसचिव (अप्राविधिक) २ सय ४४ र प्राविधिकतर्फ उपसचिव ६ सय ५५ दरबन्दी कायम गरिएको बताइएको छ।

प्रदेश मन्त्रिपरिषद् बैठकले स्थानीय तहमा कानुनी सहायता अधिकारी राख्ने, द्वन्द्वपीडितका लागि सहयोग र पर्यटनसम्बन्धी नयाँ संरचना पनि स्वीकृत गरेको छ। मन्त्रिपरिषद् बैठकले प्रदेशका गाउँपालिकामा कानुनी सहायता अधिकारी राख्न वैधानिकता दिने निर्णय गरेको छ।

गाउँपालिकामा कानुनी सहायता अधिकारी राख्ने निर्णय गरेर प्रदेश सरकारले संघीय सरकारलाई सिफारिस गरेको मन्त्री जम्कट्टेलले बताउनुभयो। कानुनी सहायता अधिकारी नहुँदा गाउँपालिकाका न्यायिक समितिले न्याय सम्पादनमा समस्या भोग्दै आए पनि अब कर्मचारी राखेर काम गर्ने बाटो खुलेको हो। यसअघि न्याय सम्पादनको सेवा दिनुपर्ने तर कर्मचारी अभावका कारण स्थानीय निकायले समस्या भोग्दै आएका थिए।

बैठकले द्वन्द्वपीडितलाई सहयोग गर्न कार्यविधि स्वीकृत गरेको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका केही नयाँ संरचना स्वीकृत गरिएको मन्त्री जम्कट्टेलले बताउनुभयो।

## बलात्कारीलाई सर्वस्वसहित आजीवन थुना माग

हेटौंडा, (नेस)

बलात्कारीलाई सर्वस्वसहित आजीवन थुनाको व्यवस्था गर्न माग गर्दै राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन मकवानपुरले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ।

महिलामाथि हुने सम्पूर्ण हिंसा अन्त्य गर्न सरकारका सम्पूर्ण संयन्त्र सक्रिय हुनुपर्ने भन्दै राष्ट्रिय प्रजातान्त्रिक




महिला संगठन मकवानपुरले प्रमुख जिल्ला अधिकारी आश्मान तामाङलाई ज्ञापनपत्र बुझाएको हो।

संगठन अध्यक्ष अम्बिका खतिवडाको नेतृत्वमा गएको महिला टोलीले स्थानीय तहले लगाएको दोहोरो तेहरो कर फिर्ता हुनुपर्ने, बलात्कार गर्नेलाई फाँसीको सजाय दिनुपर्ने नारा लगाएका थिए।

भर्खर लागू भएको नयाँ संहितामा बलात्कारीलाई हुने सजायको कानुनमा केही सुधार भएर आए पनि शृंखलाबद्धरूपमा बलात्कार र हत्या भइरहेको अवस्थामा कानुनमा भएको दण्ड कम भएको ज्ञापनपत्रमा उल्लेख छ। ज्ञापनपत्र बुझ्दै प्रजिअ तामाङले उक्त ज्ञापनपत्र सरकारसमक्ष पुर्‍याउने बताउनुभयो।

# चितुवाको छालासहित तीन जना पक्राउ

**चिरञ्जीवी मास्के, दोलखा**



पक्राउ गरिएको चितुवाको छाला ।

जिल्ला प्रहरी कार्यालय दोलखाको विशेष टोलीले एक थान चितुवाको छालासहित ३ जनालाई पक्राउ गरेको छ। प्रतिबन्धित चितुवाको छाला बिक्रीवितरणको प्रयास भइरहेको भन्ने सुराकीको आधारमा दोलखा बैतेश्वर गाउँपालिका वडा नम्बर ४ मैनापोखरीबाट छालासहित उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक वासुदेव पाठकले बताए।

विशेष सुराकीको आधारमा मैनापोखरी क्षेत्रमा पुगेको प्रहरी निरीक्षक माधवप्रसाद काफ्लेे नेतृत्वको प्रहरी टोलीले चितुवाको छाला बिक्रीवितरणको प्रयास गरिरहेको अवस्थामा दोलखा बैतेश्वर गाउँपालिका वडा नम्बर ४ काब्रेका ३४ वर्षीय प्रदीप गजमेरलाई पक्राउ गरेको थियो। पक्राउ परेका गजमेरले उक्त छाला आफूलाई जिरी नगरपालिका वडा नम्बर ९ का वेदबहादुर सुनुवार र नारद सुनुवारले दिएको बताएपछि उनीहरूलाई समेत पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक पाठकले बताए।

जिरी नगरपालिका वडा नम्बर ९ मा रहेको मुसुने सुगुरे सामुदायिक वनको अध्यक्षसमेत रहेका नारद सुनुवारले ल्याएको उक्त छाला वेदबहादुर सुनुवार र प्रदीप गजमेरको सहयोगमा बिक्री गर्न खोजिरहेको अवस्थामा प्रहरीले सदरमुकाम चरिकोटदेखि नै निगरानीमा राखी मैनापोखरीमा ग्राहक खोजिरहेको अवस्थामा पक्राउ गरेको प्रहरीको भनाइ छ। चितुवाको छाला बिक्री गर्न दिने मुख्य व्यक्तिको समेत खोजी भइरहेको र उनलाई पनि छिट्टै पक्राउ गरिने प्रहरी नायब उपरीक्षक पाठकले बताए।

पक्राउ गरिएको चितुवाको छाला पुच्छरसहित लम्बाइ ५ फिट ९ इन्च र चौडाइ २ फिट ६ इन्चको रहेको छ। आवश्यक अनुसन्धानपछि चितुवाको छाला र बिक्रीवितरणमा संलग्न आरोपितलाई डिभिजन वन कार्यालय चरिकोटमा बुझाइने प्रहरी नायब उपरीक्षक पाठकको भनाइ छ।

# चितवनमा बस र ट्रक ठोक्किए
## १ को मृत्यु, २५ जना घाइते



**नेपाल समाचारपत्र**

चितवन

चितवनको भरतपुर महानगरपालिका-२९ खयरखोलामा बस र ट्रक एकआपसमा ठक्कर खाँदा १ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन्। नारायणगढबाट गोरखा जाँदै गरेको ना४ख ७५१३ नम्बरको यात्रुबाहक बस र मुग्लिङबाट नारायणगढ आउँदै गरेको लु१ख ७४०६ नम्बरको ट्रक एकआपसमा ठक्कर खाँदा दुर्घटना भएको हो।

दुर्घटनामा घाइते भएका भएका बस चालक गोरखा आरुपोखरी निवासी ४० वर्षीय काजिराम योगीको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनले जानकारी दिएको छ। दुर्घटनामा घाइते १९ जनाको पुरानो मेडिकल कलेज भरतपुर र ६ जनाको भरतपुर अस्पतालमा उपचार भइरहेको छ।

# बस्ती निर्माणसम्बन्धी छलफल

हेटौंडा, (नेस)

प्रदेश-३ सरकारले एकीकृत बस्ती निर्माण गर्न मन्त्रालय र सरोकारवाला निकायसँग छलफल गरेको छ। हेटौंडा-१८, मानेभञ्ज्याङमा एकीकृत बस्ती निर्माणका लागि विभिन्न विषयगत कार्यालय र मन्त्रालयबीच छलफल भएको हो।

प्रदेश मुख्यमन्त्री डोरमणि पौडेलको सभाध्यक्षतामा भएको बैठकले शहरी विकास मन्त्रालयबाट काम गर्न कार्य विवरण तयार पारिने निर्णय गरेको छ। बस्ती निर्माणका लागि अब गर्नुपर्ने कामको खाका तयार पारेर प्रदेश सरकारलाई दिने निर्णय भएको हो। यस कामको जिम्मा भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र हेटौंडालाई दिने निर्णय भएको छ।

छलफलका क्रममा मुख्यमन्त्री पौडेलले बस्ती निर्माणको काम प्रदेश सरकार र प्रधानमन्त्री केपी शर्मा ओलीसमेतको महत्त्वपूर्ण चासोको भएकाले यथाशीघ्र काम शुरू गर्नुपर्ने बताउनुभयो। जग्गा नभई प्रदेश सरकारका कुनै काम गर्न समस्या भएकाले सजिलोसँग जग्गा प्राप्ति गर्ने आधार तयार पार्न उहाँले आग्रह गर्नुभयो।

छलफलमा प्रदेश प्रमुख सचिव आनन्दराज ढकाल, मुख्य न्यायाधीवक्ता सूर्यचन्द्र न्यौपाने, मुख्यमन्त्री कार्यालय सचिव रमेश शिवाकोटी, वन मन्त्रालयका सचिव, जिल्लास्तरीय सरोकारवाला निकायले बस्तीका विषयमा धारणा राख्नुभएको थियो।

# ट्रिपर गुडाउन नपाए सडक अवरुद्ध पार्ने चेतावनी

**नेपाल समाचारपत्र**

नुवाकोट

टोखा छहरे सडकमा ट्रिपर गुडाउन नपाए सडक अवरुद्ध पार्ने व्यवसायीले चेतावनी दिएका छन्। जिल्ला प्रहरी कार्यालय नुवाकोटले लिखु गाँउपालिकाको वडा नं ६ छहरेमा आयोजना गरेको नागरिक सुनुवाइ कार्यक्रममा व्यवसायीले उक्त चेतावनी दिएका हुन्।

सडकको अवस्था बिग्रिएको भन्दै मध्यमाञ्चल क्षेत्रयी सडक निर्देशनालयले टोखाछहरे सडकमा ठूला भारबाहन क्षमता भएका सवारीसाधन सञ्चालनमा रोक लगाएकामा व्यवसायी आक्रोशित भएका थिए। ट्रिपर व्यवसायीले सडकमा आफूहरू निर्बाधरूपमा गुड्न पाउनुपर्ने माग राखेका थिए। स्थानीय तह र राज्यसँग कर तिरेर रुट परमिट लिएपछि निर्बाधरूपमा आफूहरूलाई टोखा-छहरे सडकमार्गमा गुड्न नदिएकोप्रति नागरिकहरूले गुनासो गरेका थिए। कार्यक्रममा नुवाकोटका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले सडकको भारबाहन क्षमता ६ टन मात्रै भएको र ठूला सवारी सञ्चालन हुँदा बर्खाको समयमा दुर्घटना हुन सक्ने भन्दै क्षेत्रीय सडक निर्देशनालयको आदेशको कार्यान्वयन भएको बताए। प्रजिअ थापाले स्थानीय नागरिकको घर निर्माणका लागि राज्यले खोलामा गिटी बालुवा नरोकेको बताए। नागरिकको घर निर्माणमा सहजता पुर्‍याउन आफूहरूले आँखा चिम्लिएको उनले बताए। प्रजिअ थापाले हाते औजार प्रयोग गरेर बालुवा झिक्न प्रशासनले नरोकेको बताए।

नागरिक सुनुवाइ कार्यक्रममा स्थानीय ट्रिपर व्यवसायीको सहयोग र समन्वयमा सडक मर्मत गरी केही दिनबाट सवारी नियमित बनाउनुपर्नेमा लिखु गाउँपालिकाका अध्यक्ष ध्रुब श्रेष्ठले जोड दिए। नुवाकोटका प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक वसन्त कुँवरले सडक मार्ग सुचारु गर्न आफू समन्वय गर्न तयार रहेको बताए। सडक मार्ग अवरुद्ध गरेर समस्याको समाधान नहुने भन्दै प्रहरी प्रमुख कुँवरले समन्वय गर्नका लागि आग्रह गरे।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलदेवी वाटर सोलुसन
फोन नं:- ९८५१०६९३६२, ९८३१०३१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रु. १००० ।
बुअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्यूज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९८२२, ४२१९८८५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्वनधी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योन्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, भदौ
बिहीबार
७

नगरप्रमुख भएबापत राज्यले दिने सेवासुविधा सामाजिक सेवामा लगाउने घोषणा गर्नुभएका जोशीले तलब भत्ताको रकमले सहयोग प्रदान गर्न थाल्नुभएको हो।

# नेपाल

## बाढीपीडितको विचल्ली

### १ सय ४७ परिवारले त्रिपाल पनि पाइएनन्

दयाराम पण्डित, बाजुरा



बाजुराको बूढीगंगा नगरपालिका-१ कुडीका १ सय ४७ परिवार विचल्लीमा परेका छन्। शुक्रबार राति अविरल वर्षाका कारण आएको बाढी र पहिरोका कारणले विस्थापित परिवार विचल्लीमा परेको स्थानीय शिक्षक राजेन्द्र परिले बताएका छन्।

अविरल वर्षासँगै आएको बाढी र पहिरोले १ जनाको मृत्यु भएको थियो भने ६ घर पहिराले बगाएको थियो। चारैतिरबाट पहिरो र जमिन चिरा-चिरा परेपछि गाउँका सबै परिवार पूर्णरूपमा विस्थापित भएका हुन्। १ सय ४७ परिवार विस्थापित भएर कोही नजिकै रहेको कुडिकोट प्राविं र कोही जंगलमा बसोवास गर्दै आएको मनबहादुर विकले बताएका छन्। विस्थापित भएको ५ दिन भइसक्दा पालसमेत नपाँउदा धेरै परिवार खुला आकशमुनी बसिरहेको मनले बताए।

बाढीका कारणले गाउँ नै विस्थापित भए पनि सरकारले मृतक परिवारलाई १ लाख रकम र ३ वटाभन्दा अरू केही राहत नदिएको विस्थापितले बताएका छन्। सरकारले पाल दिएको भए त जंगल वा खाली ठाउँमा गएर पाल टागेर त बस्ने थियौं, पालसमेत नपाँउदा तरकारी टनेलमा प्रयोग भएको १ पालमा ५ परिवार बस्ने गरेका सुरेन्द्र साउदले बताए। 'घर पूर्णरूपमा पहिरोले पुरेको छ, कुनै सामान खाद्यान्न छैन, एउटा पाल पनि अरूले दिएको हो, त्यही पालमा ५ जना परिवारका २३ जना बस्ने गरेका छौं -उनले बताए। खाना पकाउने भाँडाकुँडासमेत नभएर निकै समस्या भएको पनि उनले बताए।

१ सय ४७ परिवारमध्ये १ सय १४ परिवार दलित रहेका छन्। सम्पत्तिका नाममा त्यही घर मात्र रहेको थियो। त्यो पनि घर नै बस्न लाएक नभएपछि विचल्लीमा परेको आइते परिले बताएका छन्। १ सय १४ परिवार पूर्णरूपमा विस्थापित बनेको उनले बताए। विस्थापितसँग सबैभन्दा बढी बालबालिका गर्भवती महिला प्रभावित रहेको उनले बताएका छन्। बाढी र पहिराले खानेपानीका मुहानमा समेत पूर्णरूपमा क्षति पुऱ्याएपछि अहिले खोलाको पानी खान बाध्य रहेको स्थानीयले बताएका छन्।

बूढीगंगा नगरपालिका नगरप्रमुख दीपकविक्रम शाहले भने ठूलो मात्रामा परिवार विस्थापित भएकाले राहतको व्यवस्थापन गर्न निकै असहज भएको बताए। उनीहरू बस्ने ठाउँ नै असुरिक्षत भएकाले बसीत नै सार्नुपर्ने बताए। राहतका लागि विभिन्न निकायसँग पहल भइरहेको उनले बताएका छन्। विस्थापित परिवारलाई राख्ने ठाउँसमेत नभएको उनले बताए। गाउँमाथि जंगल छ, त्यही जंगल फँडानी गरेर टहरा निर्माण गरे मात्र हो, तर अन्य ठाउँमा राख्ने ठाउँ कहीं नभएको बताए।

प्रमुख जिल्ला अधिकारी चेतराज बरालले भने बाढीपीडितका लागि पहल भइरहेको बताए। रेडक्रससँग समन्वय गरेर पालको व्यवस्थापन गर्न लागेको उनले बताएका छन्। राहतका लागि प्रदेश सरकार र केन्द्रीय सरकारसँग पहल भइरहेको उनले बताए।

## 'आयोगको मर्मअनुसार काम नगर्दा समस्या'

बुटवल, (नेस)

स्थानीय तह पुन:संरचना आयोगका पूर्वअध्यक्ष बालानन्द पौडेलले कर अप्रत्यक्ष हुनु भनेको राम्रो भएको र स्थानीय तहमा लिँदै आएको कर प्रत्यक्ष कर भएका कारण बढी चर्चा हुने गरेको बताउँदै उहाँले कर दोहोरो लगाउन नमिल्ने बताउनुभयो।

अहिले स्थानीय तहमा लिइने कर र सेवाको विषयमा बढी चर्चा हुने गरेको भन्दै उहाँले २० वर्षसम्म चुनाव नभएको अवस्थामा विगतमा कर तिर्ने बानी हराउँदै गएकाले करको धेरै चर्चा भएको बताउनुभयो। उहाँले स्थानीय तह पुन:संरचना आयोगको मर्मअनुसार स्थानीय तहले गति लिन नसक्दा समस्या आएको बताउनुभएको छ।

रिपोर्टर्स क्लब प्रदेश ५ ले बुधबार बुटवलमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै पौडेलले अहिलेको परिर्वतनमा ३ वटा तहले काम गरिरहेको भन्दै नेपालको शासन सत्ता त्यहीबाट सञ्चालनमा आएको बताउनुभयो। अहिले सेवा प्रवाह गर्ने एकाइ स्थानीय तहमा नै गएका कारण जनताले बढीभन्दा बढी सुविधा पाउनुपर्ने तर दक्ष जनशक्तिका कारणले जनतालाई सेवा दिन स्थानीय तह अझै सक्षम नदेखिएको पनि उहाँले बताउनुभयो।

## सडक विभागको जग्गामा बनेका संरचना हटाइने

विजय नेपाली, पोखरा

सडक डिभिजन कार्यालय पोखराको नाममा रहेको जग्गा अतिक्रमण गरी बनाइएका घर तथा संरचना हटाइने भएको छ। पोखरा महानगरपालिका-३० गगनगौडामा सडकको जग्गामा बनेका सम्पूर्ण संरचना हटाउनका लागि सडक विभागले आवश्यक काम अघि बढाएको हो।

४२ रोपनी जग्गा रहेको कार्यालयमा अहिले १८ रोपनी मात्र बाँकी देखिएको छ।

उक्त १८ रोपनी जग्गा पनि अहिले प्रदेश ट्राफिक कार्यालयले प्रयोग गर्दै आएको छ । त्यही जग्गामा कार्यालय स्थापना गर्दा सडक विभागलाई जानकारी नगराइ बिनास्वीकृत राखिएको पाइएको छ। उक्त जग्गामा साविक लेखनाथ नगरपालिका वडा न. १२ को वडा कार्यालय रहेको थियो। सडक विभागको जग्गामा स्थापित ट्राफिक कार्यालय हटाउन माग गर्दै स्थानीयले विरोध गरेपछि सडक विभागले आफ्नो जग्गाका सबै संरचना हटाउन लागेको हो।

ट्राफिक कार्यालय स्थापना भएसँगै स्थानीयको चर्को विरोध आएपछि सडक विभागले जग्गाको खोजी गर्दा ४२ रोपनी जग्गामध्ये १८ रोपनी जग्गामात्र भेटिएको सडक डिभिजन कार्यालय पोखराका सूचना अधिकृत इन्जिनियर अनन्त बरालले बताए। २०७३ सालमा नापी कार्यालयबाट इन्जिनियर लिएर गई जग्गाको अध्ययन गर्दा ५७ वटा संरचना विभागको जग्गामा निर्माण भएको देखिएको बरालले जानकारी दिए। जसअनुसार पृथ्वी राजमार्गसँगै जोडिएको उक्त जग्गामा एक विद्यालय, मन्दिर, बास्केटबल कोर्ट, प्रतीक्षालय, प्रहरी चौकी र निजी घरसमेत सडक विभागको जग्गामा बन्नुका साथै भित्री बाटोसमेत विभागकै जग्गामा बनेको देखिन्छ ।

यी सबै संरचना सडक विभागको अनुमतिबिना बनेको सडक विभागका कर्मचारीले जानकारी दिए। अहिले राखिएको ट्राफिक कार्यालयले पनि महानगर र वडाको स्वीकृतिमा मात्र बनेको र त्यसको जानकारी सडक कार्यालयलाई नरहेको र सडक विभागबाहेक अन्य कुनै पनि संस्था वा कार्यालयले उक्त जग्गा भोग गर्न नपाउने मन्त्रिपरिषद्को केन्द्रीय बैठकबाट नै निर्णय भएर आएको सूचना अधिकृत बरालले जानकारी दिए ।

पञ्चायतकालमा गाउँपञ्चायतले कागजको भरमा सडकको जग्गामा निजी घर बनाउने अनुमति दिएको सडक विभागका इन्जिनियर रमेश पौडेलले बताए। अहिले पनि उनीहरू त्यही कागजको भरमा बसेका छन्। सडक विभागको जग्गामा बनेका संरचनालाई हटाउनका लागि क्षतिपूर्तिस्वरुप करिब ८० लाख रुपियाँको प्रतिवेदनसहित केन्द्रमा पठाएको पौडेलले बताए। 'करिब ८० लाख क्षतिपूर्ति लाग्ने देखिएको छ, हामीसँग सडकको जग्गामा कसले घर निर्माण गरेको हो उहाँहरू सबैको फोटोसहितको नाम छ, हामी क्षतिपूर्ति दिनेछौं' -पौडेलले भने। केन्द्रले छिट्टै सिफारिस गरेमा सबै संरचना हटाउने काम अघि बढ्ने उनले बताए।

ट्राफिक कार्यालय राख्दा समस्या हुने भाँडा व्यापार गर्दै आइरहेकी १ महिलाले बताइन्। नाम नभन्ने सर्तमा उनले ट्राफिक कार्यालय राख्दा स्थानीय महिलामा नकरात्मक असर पर्ने बताइन्। महिलाका अनुसार अरू सरकारी कार्यालय आफूहरूलाइ मान्य भएको तर ट्राफिक कार्यालय भने मान्य नभएको बताइन्।

साउन १ गतेदेखि राखिएको ट्राफिक कार्यालयलाई २०७५ साल जेठ २० गतेको मन्त्रिपरिषद्को निर्णयले पारित गरेको थियो। एसपी वीरेन्द्रकुमार बस्यालको नेतृत्वमा अहिले कार्यालय सञ्चालन भई साविक १२ नम्बर वडा कार्यालयको भवन नै कार्यालयको प्रयोगमा आएको छ।

## पुल नहुँदा विद्यार्थीलाई सास्ती

धनवीर दाहाल, रुकुम

रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा पर्ने जहारीखोलामा पुल नहुँदा सबैभन्दा बढी विद्यार्थीले जोखिम मोलेर खोला तर्न बाध्य भएका छन्। अत्यधिक मात्रामा बाढी आएको बेला विद्यार्थीको पठनपाठन प्रभावित हुने गरेको छ। नगरपालिकाको वडा नं २ विजयश्वरी वडा नं ७ र ८ को अंगेरी जोड्ने झोलुंगे पुल नहुँदा वर्षायामको समयमा विद्यार्थीको पठनपाठन प्रभावित हुने गरेको छ । अध्ययनका लागि कोटजहारीदेखि चौरजहारीसम्म जाने कक्षा ५ देखि स्नातक तहसम्म अध्ययनरत करिब १ सय ५० जना विद्यार्थीको वर्षेनी पठनपाठन प्रभावित हुँदै आइरहेको छ।



साविकको कोटजहारी गाविसमा पर्ने उक्त वडाबाट पायक पर्ने स्थान तथा उच्च शिक्षा हासिलका लागि चौरजहारीमा अवस्थित शीतल माध्यमिक विद्यालय र शीतल क्याम्पसमा विद्यार्थी अध्ययन गर्दै आइहेका छन्। नगरपालिकाअन्तर्गत वडा न. ७ को कुमाईगाउँ ,काप्रा, वडा न. ८ को सोतिखोला, वसिगाउँ बडाखोला, सोतिगेष्मा र वडा नं ९ को गुर्तालगाउँ कोटगाउँका विद्यार्थी नियमित पठनपाठनबाट वञ्चितसमेत हुने गरेका छन्। आफूहरू जोखिम मोलेर वारपार गरिरहेको कक्षा १० मा अध्ययनरत छात्रा सपना स्वर्णकारले बताउनुभयो।

करिव २ देखि ३ घन्टाको पैदल दूरीमा अवस्थित विद्यालय तथा क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीले जोखिम मोलेर शिक्षा हासिल गर्न बाध्य छन्। जहारीखोलामा बाढी आउँदा खोला तर्न नसकेर आफूहरूको कक्षासमेत छुट्ने गरेको विद्यार्थी विवश बुढाले बताउनुभयो। कतिपय अवस्थामा खोला तर्ने क्रममा विद्यार्थीका शैक्षिक सामग्रीसमेत खोलाले बगाउने गरेको छ। चौरजहारीमा खुला विद्यालय प्राविधिक धारअन्तर्गत सिभिल इन्जिनियर, प्लस टु र बीएड तहसम्मको शिक्षा हासिल गर्नका लागि विद्यार्थी जाने गरेका छन्। विजयश्वरी र अंगेरी जोड्ने पुलका लागि विभिन्न समयमा ५ पटकसम्म सर्भे हुँदासमेत हालसम्म निर्माणको काम अगाडि बढ्न सकेको छैन। खोलामा पुल नहुँदा स्थानीयवासीसमेत मारमा परेका छन्।

जिल्लाको व्यापारिक थलोका रूपमा चिनिने चौरजहारीमा मालसामान किनमेल बैंकिङ काराबार तथा नगरपालिकामा सेवा लिनका लागि आउने सेवाग्राहीसमेत खोलाको मारमा परेका हुन्। खोलामा पुल नहुँदा आसपासका किसानसमेत जोखिम मोलेर खोला तर्न बाध्य छन्। खेतमा गोडमेल तथा मलजल गर्ने समयमा खोलामा बाढी आउँदा कृषकलाई जोखिम मोलेर खोला तर्नुपर्ने विगतदेखिको बाध्यता कायमै रहेको छ।१ दशकदेखि साविकको कोटजहारीबाट चौरजहारीसम्म शिक्षा हासिल गर्न जाने धेरै पूर्वविद्यार्थीले यो समस्या नभोगेका भने होइनन्। उनीहरूले वर्षायाम शुरू भएलगत्तै बाढीका कारण पठनपाठनमा बाधा बेहोर्दै आएको पूर्वविद्यार्थी एवं हाल शीतल माध्यमिक विद्यालयको माध्यमिक तहमा अध्यापनरत शिक्षक पवनकुमार शाहीले बताउनुभयो।

जाडोयामको समयमा कठ्यांग्रिने चिसोपानीमा खोला पार गर्नुपर्ने अवस्था बेहोर्दै आए। दिवा कक्षा शुरू हुने समयमा होस् वा बिहानी कक्षा शुरू हुने समय किन नहोस् जहारीखोलामा पुल नहुँदा विद्यार्थीलाई अध्ययनका लागि यो खोला मुख्य समस्याको विषय बन्न पुगेको छ।

## सुरक्षित गर्भपतन गराउनेको संख्या बढ्दै

### १ वर्षमा १ हजार ८९ जनाले गर्भपतन गराए

विमल विष्ट, डोटी

डोटी जिल्लामा वर्षेनी गर्भपतन गराउने महिलाको संख्या बढिरहेको छ। सुरक्षित गर्भपतन गराउनेमा अविवाहित किशोरीको संख्या बढी भएको जिल्ला अस्पताल डोटीको तथ्यांकमा उल्लेख गरिएको छ। जिल्ला अस्पताल डोटीका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर भूषण मिश्रले दिनुभएको जानकारीअनुसार आर्थिक वर्ष ०७४/७५ मा डोटीमा १ हजार ८९ जना महिलाले गर्भपतन गराएका छन्। उहाँका अनुसार जिल्ला अस्पताललगायत सुरक्षित गर्भपतन गराउन सूचीकृत जिल्लाभरिका १८ स्वास्थ्य संस्थामा महिलाले उक्त सेवा लिएका हुन्।

जिल्ला अस्पतालमा मात्रै गत आर्थिक वर्षमा ३ सय ८३ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। नेपाल सरकारले गर्भवती महिलाको मञ्जुरीमा १२ हप्तासम्मको गर्भपतन गराउन पाउने कानुनी व्यवस्था गरेपछि गर्भपतन गराउने महिलाको संख्या ह्वातै बढेको हो।

९ हप्तासम्मको गर्भ तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा प्रदान गरिने औषधि सेवन गरेर र १२ हप्तासम्मको गर्भ उपकरणको प्रयोग गरी पतन गराउन मिल्ने प्रावधान रहेकामा डोटी जिल्लामा ९ हप्तासम्मको गर्भपतन गराउने महिलाको संख्या अत्यधिक रहेको छ। गाउँ-गाउँमा सरकारी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी सूचीकृत रहेका कारण ९ हप्तासम्मको गर्भपतन गराउने महिलाको संख्या बढी देखिएको हो।



१ वर्षको अवधिमा ८ सय ७१ जनाले औषधि सेवन गरी ९ हप्तासम्मको गर्भपतन गराएको जिल्ला अस्पताल डोटीको तथ्यांकमा उल्लेख छ। त्यस्तै १२ हप्तासम्मको गर्भपतन गराउनेको संख्या १ सय ६६ रहेको छ भने १८ हप्तासम्मको गर्भपतन गराउने महिला तथा किशोरीको संख्या ५२ देखिएको छ। १२ हप्तादेखि १८ हप्तासम्मको गर्भपतन गराउने अधिकार डोटी जिल्ला अस्पतालमा मात्रै छ।

त्यस्तै जिल्ला अस्पतालमा १२ देखि १८ हप्तासम्मको गर्भपतन गराउने व्यवस्था तथा उपकरण भएका कारण एउटै महिलाले ३ पटकसम्म गर्भपतन गराउन आउने गरेको जिल्ला अस्पतालमा गर्भपतन गराउने अधिकार पाएका चिकित्सक डाक्टर गिरीश अवस्थीले बताउनुभयो। 'महिला पुरुषले परिवार नियोजनका साधनको प्रयोग नगर्ने भएकाले यो समस्या बढी देखिएको हो' डाक्टर अवस्थीले भन्नुभयो- 'पटक-पटक गर्भपतन गराए ज्यान नै जोखिम हुन्छ भन्ने बुझेर पनि गर्भपतन गराउन आउँछन्, कसरी सम्झाउने? भनेकै मान्दैनन्।'

जिल्ला अस्पताल तथा सरकारी स्वास्थ्य संस्थाबाहेक डोटीमा रहेका कैयौं निजी क्लिनिक तथा औषधि पसलमा गर्भपतन हुने गरेको स्थानीय बताउँछन्। अवैध रूपमा गर्भ रहेको खण्डमा कतिपयले त निजी औषधि पसलबाट औषधि किनेर सेवन गर्ने गरेको दिपायलस्थित १ जना औषधि पसलेले बताउनुभयो। उहाँले भन्नुभयो- 'स्कुल पढ्ने उमेरका कलिला नानीहरू गर्भपतनको औषधि किन्न आउँछन्, नदिँदा मान्दैनन् अनि दिएर पठाउँछौ।'

## विपन्न विद्यार्थीलाई सहयोग

नेपाल समाचारपत्र

पर्वत

कुस्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशीले आफ्नो तलब भत्ताबाट विपन्न परिवारलाई सहयोग गर्न थाल्नुभएको छ। नगरप्रमुख भएबापत राज्यले दिने सेवासुविधा सामाजिक सेवामा लगाउने घोषणा गर्नुभएका जोशीले तलब भत्ताको रकमले सहयोग प्रदान गर्न थाल्नुभएको हो।

नगरप्रमुख जोशीले 'राजनीति जनताका लागि गर्ने हो पैसा कमाउनका लागि होइन' भन्ने उदाहरण देखाउँदै आफ्नो सबै तलब भत्ता जनतालाई बाँड्न थालेको बताउनुभयो। उहाँले कुस्मा नगरपालिकास्थित जगदम्बा प्राविका २६ जना विद्यार्थीलाई विद्यालय पोसाक प्रदान गरेर आफ्नो सामाजिक कार्यको शुरुआत गर्नुभएको थियो। जोशीले आइतबार पनि कुस्मा नगरपालिका वडा नं. ४ मा रहेको नारायण माविका १ छात्रलाई वार्षिकरूपमा चाहिने शैक्षिक सामग्री र पोसाक वितरण गर्नुभएको छ।


**लिक्विडेटर कार्यालयको अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०७५ भदौ ७ गते बिहीबार)

[illegible]

लिक्विडेटर : [illegible]

[illegible]

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मामलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

**श्री जन प्रभात मा.वि.,कालिमाटी**
**जग्गा भाडामा दिने सम्वन्धि प्रस्ताव आव्हानको ३० दिने सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७५/०५/०७

यस जन प्रभात मा.वि.को का.म.न.पा. [illegible] स्थित सा.वि. कालिमाटी [illegible] कित्ता नं. १०२ क्षे.फ. [illegible] हा.सा. हुन बाँकी; जम्मा १० (दश) वर्षको लागि भाडामा दिन लागेको हुँदा इच्छुक फर्म व्यक्ति वा संघ संस्थाहरूले देहायका सर्त पालना गर्ने गरी यो सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

शर्त तथा बन्देज

१. जग्गा भाडा १० वर्षको लागि हुनेछ ।
२. जग्गा भाडा रकम न्यूनतम मासिक रु २०००००/- अक्षेरुपि रु दुई लाख रुपैयाँ हुनेछ ।
३. उल्लेखित जग्गामा स्थायी संरचना बनाउन पाईने छैन् ।
४. बोलपत्र फारामको मूल्य एक प्रतिको रु ३०००/- अक्षेरुपि रु तिन हजार रुपैयाँ हुनेछ ।
५. म्याद नाघि दर्ता हुन आएको बोलपत्र दर्ता गरिने छैन् ।
६. बोलपत्रको सूचना राष्ट्रिय स्तरको दैनिकमा, १२ नं वडा कार्यालय, विद्यालयको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
७. बोलपत्रको सूचना ३० (तिस) दिनको हुनेछ ।
८. अस्थायी संरचना निर्माण गर्नु परेमा विद्यालयको अनुमति लिएर मात्र गर्नु पर्नेछ ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार विद्यालय व्यवस्थापन समितिमा रहनेछ ।
१०. बोलपत्र दाखिला गर्दा आफूले कबोल गरेको रकमको २.५ (दुई दशमलव पाँच) प्रतिशतले बन्ने हुन आउने रकम विद्यालयको नेपाल बैंक लिमिटेड कालिमाटी शाखामा रहेको खाता नं. [illegible] मा दाखिला गरि सो को भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
११. बोलपत्रदाताहरू मध्ये सबै भन्दा बढि रकम कबोल गर्ने बोलपत्र चयन गरिनेछ ।
१२. छानिएका बोलपत्रदाताले आफूले कबोल गरेको रकमको १० वर्षमा हुन आउने जम्मा भाडा रकमको आधा अर्थात ५ वर्षको रकम सम्झौताका बखत अग्रिम रुपमा नै जम्मा गर्नु पर्नेछ ।
१३. १० वर्षको भाडा मध्ये सम्झौताका बखत जम्मा गरेको ५ वर्षको भाडा बाहेक बाँकि रहेको ५ वर्षको भाडा रकम एकमुष्ठ हिसाब गरि सो रकमलाई ९ भाग गरी हुन आउने रकम प्रत्येक वर्ष एक मुष्ठ रुपमा १ वर्ष सम्म वार्षिक रुपमा भाडा रकम बुझाउनु पर्नेछ ।
१४. [illegible] कर तिर्ने दायित्व बोलपत्र दाताको हुनेछ ।
१५. शर्त तथा बन्देजहरु थप घट गर्नु परेमा आपसि समझदारीमा गरिनेछ ।
१६. कुनै शर्त बन्देज प्रचलित कानुन संग बाझिएमा सो शर्त परिवर्तन गर्न सकिनेछ ।



# विश्व

## यात्रा जारी

आगामी नोभेम्बर २६ मा मंगलग्रहमा अवतरण गर्ने लक्ष्य लिएर अन्तरिक्षमा उडान भरिरहेको नासाको अन्तरिक्ष यान इनसाइट। उक्त यानले मंगलग्रहतर्फको आधा बाटो तय गरिसकेको र त्यसको सबै प्रणालीले राम्रोसँग काम गरिरहेको नासाले जनाएको छ।



## मातृत्व जागेपछि

अर्जेन्टिनाको राजधानी ब्युनस आयर्सस्थित एक बाल अस्पतालमा खटिएका महिला प्रहरी अधिकृत सेलेस्टी ज्याक्विलिन आयला रुँदै गरेका एक बच्चालाई शान्त पार्न आफ्नै स्तनपान गराउँदै। उनको यो तस्वीर व्यापक भाइरल भइरहेको छ।



2018, AUG Thursday 23

विश्व २ मिनेट

### भारत

## हिन्दूलाई मस्जिदमा सरण

तिरुवन्तपुरम, (एजेन्सी)

भारतको केरलमा लगातार वर्षाका कारण आएको भीषण बाढीले धर्म र जातीय अन्तर समाप्त पारेको छ। एक मस्जिदले हिन्दूसहित सबै धर्मका बाढी पीडितका लागि ढोका खुला गरिदिएको छ। बाढीको संकटको अवस्थामा सबैभन्दा प्रभावित जिलामध्येमा पर्ने उत्तरी मुलप्पुरमस्थित एक मस्जिदले १७ विस्थापित हिन्दू परिवारलाई सरण दिएको छ। चलियार गाउँको अकमपाडमस्थित जुमा मस्जिद अगस्ट ८ देखि आएको बाढीका कारण राहत शिविरमा परिणत भएको छ। मस्जिदमा सरण लिएर बसेकालाई क्यान्टिनबाट तयारी खान दिनेको गरेको छ। घर फर्कनेहरूलाई दाल, चामल र अन्य खाद्य सामग्रीसमेत दिएर पठाउने गरेको छ।

### भेनेजुयला

## शक्तिशाली भूकम्प

काराकास, (एजेन्सी)

भेनेजुयलाको तटीय इलाकामा शक्तिशाली भूकम्पको धक्का महसुस गरिएको छ। राजधानी काराकासमा पनि उक्त धक्का महसुस गरिएको र त्यहाँका घरबाट मान्छेहरूलाई बाहिर निकालिएको बताइएको छ। भूकम्पको धक्का देशको प्रायः सबै ठाउँमा महसुस गरिएको गृहमन्त्री नेस्टर रेवेरोलले जानकारी दिए। तर भूकम्पका कारण कुनै प्रकारको जनधनको क्षति भएको समाचार आएको छैन। अमेरिकी भूगर्भ सर्वेक्षणले भूकम्पको तीव्रता ७ दशमलव ३ म्यागिनच्युड मापन गरिएको जनाएको छ। भूकम्पको केन्द्रबिन्दु त्रिनिदाद र टोबागोनजिक रहेको बताइएको छ।

### अफगानिस्तान

## कामदार मुक्त

कान्दहार, (एजेन्सी)

अफगानिस्तानको एक निजी कम्पनीमा कार्यरत करिब २९ जना कामदारलाई लडाकू समूह तालिवानले मुक्त गरिदिएको छ। अफगानिस्तानको दक्षिणी प्रान्त कान्दहारको एउटा निजी कम्पनीमा कार्यरत तिनीहरूलाई तालिवानले मुस्लिमहरूको पवित्र पर्व इद अल अधाको अवसर पारेर बुधबार मुक्त गरिदिएको हो। तिनीहरूलाई तालिवान समूहका नेताको आदेशमा रिहा गरिएको बताइएको छ। गत जुन महिनाको मध्यतिर तिनीहरूलाई अपहरण गरी तालिवानका लडाकूहरूले हिरासतमा राखेको सरकारी सुरक्षाकर्मीहरूले बताएका छन्। सरकारसमक्ष सुपुर्दगी गरिएका तिनीहरू आ-आफ्ना परिवारको सम्पर्क पुगिसकेका छन्।

### अस्ट्रेलिया

## सामूहिक प्रार्थना

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाको इतिहासमै सबैभन्दा खतरनाक खडेरीको अन्त्यका लागि मंगलबार करिब ३० हजार अस्ट्रेलियाली मुस्लिमले सिड्नी शहरमा सामूहिक प्रार्थना गरेको सरकारी सञ्चार माध्यमले जनाएको छ। खडेरीको कारण पीडित कृषक र अन्य व्यक्तिहरूको सहयोगका लागि ऐक्यबद्धता र एकता प्रदर्शन गर्दै १६ वटा मस्जिदका प्रार्थनाकर्ताहरू एकै स्थानमा भेला भएका थिए। मुस्लिम समुदायको पवित्र बलीदानको चाडका रूपमा चिनिने इद अल अधा मनाउने क्रममा यो ऐतिहासिक कार्यक्रमको आयोजना भएको हो। पश्चिमी सिड्नीको लाकेमवा मस्जिदमा लेवनानी मुस्लिम संघले यसको आयोजना गरेको हो।

# साउदीमा अभियन्तालगायत पाँचविरुद्ध मृत्युदण्डको माग

रियाद, (एजेन्सी)

साउदी अरबको सरकारी वकिलहरूले ५ मानव अधिकारवादी अभियन्तालाई बुधबार मृत्युदण्डको माग गरेका छन्। ती अभियन्ताविरुद्ध हाल एक गोप्य आतंकवादी अदालतमा मुद्दा चलिरहेको मान अधिकार पहरेदार निकायले सार्वजनिक गरेको छ।

पक्राउ गरी यसरी मुद्दा चलाइएका मध्ये एक इस्रा अल-घोम्घम नामक महिला पनि रहेकी छिन्। साउदी अरबका अभियन्ताहरूका अनुसार उनी सम्भवतः मानव अधिकारमा आबद्ध भएर मृत्युदण्ड सामना गर्ने पहिलो साउदी महिला हुन्।

उनीमाथि सरकारविरुद्ध सर्वसाधारणलाई भड्काएको र आन्दोलनकारीलाई नैतिक समर्थन दिएको जस्ता थुप्रै आरोप लगाइएको छ। मध्यपूर्वमा मानव अधिकार मामिलाको पहरेदार निकायका निर्देशक साराहा लेह ह्वाइटसनले बुधबार जारी गरेको एक वक्तव्यमा उल्लेख गरिएको छ- 'जुनसुकै मृत्युदण्ड आफू स्वयंमा



आलोचना योग्छ तर इस्रा अल-घोमघम जस्ती कुनै पनि हिंसात्मक गतिविधिमा नलागेकी व्यक्तिलाई मृत्युदण्ड दिन खोज्नु राक्षसीपना हुन्।'

४४ वर्षीया घोमघम साउदी अरबमा सिया मुसलमान समुदायको अधिकारको वकालत गर्ने एक प्रमुख अभियन्ता हुन्। उनलाई सन् २०११ मा पूर्वी प्रान्तमा भएको आम विरोध प्रदर्शन उक्साएको आरोप लागेको छ। साउदी अरेबियाको सिया मुस्लिम बाहुल्य तथा धेरै तेल उत्पादन हुने पूर्वी क्षेत्रमा बसोबास गर्दै आएकी उनलाई सन् २०१५ को डिसेम्बरमा उनको पतिसँगै गिरफ्तार गरिएको थियो।

निरकुंश राजतन्त्र रहेको साउदी अरबमा सार्वजनिक विरोध तथा राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाइएको छ। पछिल्लो समय यस अधिराज्यमा शक्तिशाली युवराज सलमानको नेतृत्वमा केही ठूला सामाजिक र आर्थिक सुधारकार्यहरू कार्यान्यन गरिएका छन्।

तर सामाजिक परिवर्तन सँगसँगै सरकारको विरोध गर्नेहरूमाथिको धरपकड पनि ह्वात्तै बढेको छ। गत वर्ष दर्जनौं संख्यामा धर्मगुरु, बुद्धिजीवी र अभियन्तालाई प्रहरीले पक्राउ गरेको थियो।

साउदी अरबका अधिकांश अल्पमत सिया मुस्लिम समुदायले आफूहरूलाई देशको बहुसंख्यक सुन्नी सम्प्रदायले धार्मिक अनुष्ठानमा बाधा पुऱ्याउने गरेको आरोप लगाउने गरेका छन्। साथै तिनीहरूले सरकारले आफूहरूलाई शिक्षा र रोजगारीको अवसरबाट समेत वञ्चित गराएको गुनासो गर्ने गरेका छन्। तर साउदी सरकारले भने यी आरोप अस्वीकार गर्दै आएको छ।

# महत्वपूर्ण भूमिका खेल्न चीन तयार

बेइजिङ, (एजेन्सी)



भारत र पाकिस्तानबीचको सम्बन्धमा तनाव हटाउन महत्त्वपूर्ण भूमिका खेल्न तयार रहेको चीनले बुधबार जनाएको छ। चीनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र उनका पाकिस्तानी समकक्षी इमरान खानको द्विपक्षीय सम्बन्ध सुधार्नेसम्बन्धी बयानको पनि सराहना गरेको छ।

क्षेत्रीय शान्ति, स्थिरता र समृद्धिका लागि भारत र पाकिस्तानको सम्बन्धमा सुधार र विकास आवश्यक रहेको चिनियाँ विदेशमन्त्रालयका प्रवक्ता लु काङले बताए। उनले भने- 'हामीले यससँग सम्बन्धित समाचारहरू हेरेका छौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानी नेताका तर्फबाट द्विपक्षीय सम्बन्धलाई लिएर दिएका सकारात्मक बयानको स्वागत गर्दछौं।'

भारत र पाकिस्तान दुवै दक्षिण एसियाका महत्त्वपूर्ण देश भएको र पाकिस्तान र भारत छिमेकीका रूपमा चीन दुवै पक्षबाट दृढतापूर्वक पारस्परिक विश्वास बढाउन, उनीहरूबीचको मतभेदलाई सही तरिकाबाट सम्हाल्न र हलत गर्नका लागि दुवै पक्षलाई चीनको समर्थन हुने उनले बताए।

क्षेत्रीय शान्ति र विकास बनाइराख्न दुवबै देश प्रतिबद्ध रहने चीनले अपेक्षा गरेको र यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न चीन तयार रहेको उनले बताए।

# सुनले छोपेको मिठाई किलोको ९ हजार भारु




सुरत, (एजेन्सी)

के तपाईंले किलोको ९ हजार भारु अर्थात् १४ हजार ४ सय रुपियाँ पर्ने मिठाईका बारेमा सुन्नुभएको छ? यदि छैन र खाने इच्छा गर्नुहुन्छ भने भारतको गुजरात राज्यको सुरत शहरमा यति महँगो मिठाई खान सक्नुहुनेछ।

हीराको शहरका नामले चर्चित सुरुतमा गोल्डन स्विट नामको यो मिठाई मान्छेहरूको आकर्षणको केन्द्र बनिरहेको छ। रक्षा बन्धन र तिहार नजिकिँदै गर्दा मानिसहरू मिठाई किन्न थालिसकेका छन्। तर यति धेरै महँगो मिठाईलाई लिएर मान्छेहरूमा कौतुहलता देखिएको छ।

गुजराती साहित्यमा एक भनाइ चर्चित छ- 'जसरी काशीमा प्राण त्यागन सर्वश्रेष्ठ हुन्छ, त्यसैगरी सुरतमा खाना सबैभन्दा राम्रो हुन्छ।'

उक्त मिठाई बनाउने रोहन मिठाइवालाले सञ्चार माध्यमलाई भने- 'हामीले ५ प्रकारका मिठाई बनाएका छौं, जसमा सबैभन्दा उच्चकोटीका सामान प्रयोग गरेका छौं। यसमा ओखर राखिएको छ, जुन आफैमा अत्यन्त विशेष हो। यसमा राखिएका केसर स्पेनबाट झिकाइएको हो। त्यसैगरी १८० नम्बरको काजु प्रयोग गरिएको छ।'

उनीहरूले काजुकरी, नरगिस कलम, पिस्ता बादशाह, ड्राई फुड आउट र केसर कुज नामका ५ मिठाई बनाएको रोहनले बताए। तर कुनै पनि मिठाईको मूल्य प्रतिकिलो ९ हजार भारु कसरी हुनसक्छ भन्ने प्रश्न भने सबैको हुन सक्छ।

यसको कारण बताउँदै रोहनले भने- 'यस मिठाईमा शुद्ध सुनको टपकले छोपेको हुन्छ। जसको कारण यसको मूल्य पनि बढ्छ। त्यतिमात्र होइन, यस मिठाईमा प्रयोग हुने सुन गहनामा प्रयोग हुनेभन्दा महँगो हुन्छ। किनभने यसलाई खान योग्य बनाउने प्रक्रियाबाट गुज्रनुपर्ने हुन्छ।'

यस्तो मिठाई बनाउने विचार आफ्नो पसलको रजत जयन्तीका अवसरमा आएको रोहनले जानकारी दिए।

# चीनमा इन्टरनेट प्रयोगकर्ता ८० करोड नाघे

बेइजिङ, (एजेन्सी)

चीनमा इन्टरनेट प्रयोग गर्ने जनसंख्या ८० करोड नाघेको चिनियाँ सरकारले जारी गरेको पछिल्लो आँकडाले देखाएको छ।

चाइना इन्टरनेट नेटवर्क इम्फोर्मेसन सेन्टर (सीएनएनआईसी)ले जारी गरेको ताजा प्रतिवेदनमा चीनमा इन्टरनेटमा पहुँच राख्ने संख्या ८० करोड २० लाख पुगेको उल्लेख गरिएको छ। उद्योग तथा सूचना मन्त्रालयको एक शाखाका रूपमा रहेको र मुलुकको कोड डटसीनलाई नियन्त्रण गर्न जिम्मेवार उक्त एजेन्सीले सन् २०१८ को पहिलो ६ महिनाभित्र पहिलो पटक अनलाइनमा आउने मात्र २ करोड ९६ लाख ८० हजार नागरिक भएको अनुमान गरेको छ। अमेरिकामा इन्टरनेट प्रयोगकर्ता करिब ३० करोड रहेको अनुमान गरिएको छ। चीनमा इन्टरनेट प्रयोग गर्नेको संख्या जापान, रुस, मेक्सिको र अमेरिकाको संयुक्त जनसंख्याभन्दा बढेको ब्लुमबर्गले जनाएको छ।

नयाँ तथ्यांकअनुसार देशमा ५७ दशमलव ७ प्रतिशत इन्टरनेट सेवा लिएका छन्। यसमा ७८ करोड ८० लाख जनता मोबाइल इन्टरनेट प्रयोगकर्तामा पर्छन्। यसले ९८ प्रतिशत जनता इन्टरनेटको पहुँचमा रहेको देखाएको छ भने देशमा मोबाइल कति गम्भीर विषय भएको छ भन्ने कुरालाई उजागर गरेको छ। अन्य उल्लेखनीय आँकडामा २१ प्रतिशत चिनियाँ इन्टरनेट प्रयोगकर्ता अनलाइन बैंकिङ युजर्स पनि रहेको देखाइएको छ। ७१ प्रतिशतले अनलाइन भुक्तानी वा ई-कमर्स सेवा प्रयोग गर्छन्। ७४ दशमलव १ प्रतिशतले बाइटडान्सेज डौयियिन एपलगायत साना भिडियो एप्लिकेसनको प्रयोग गर्छन्। त्यसैगरी ३० दशमलव ६ प्रतिशतले बाइक सेरिङ एप, ४३ दशमलव २ प्रतिशतले ट्याक्सी बुकिङ गर्ने एप्स, ३७ दशमलव ३ प्रतिशतले बस तथा ट्रन रिजर्भका लागि इन्टरनेटको प्रयोग गर्छन्।

# शवदाह गृहमा लागूऔषध जलाइयो



ब्युनसआयर्स, (एजेन्सी)

रुस तथा अर्जेन्टिनाले गत वर्ष अर्जेन्टिनास्थित रुसी दूतावासमा छापा मारेर फेला पारिएको ३ सय ८९ किलोग्राम कोकिनलाई नष्ट गर्न राजधानी ब्युनसआयर्सस्थित विद्युतीय शवदाह गृह प्रयोग गरेको बुधबार प्रहरीले जनाएको छ। यसरी नष्ट गरिएको कोकिनको अन्तर्राष्ट्रिय प्रचलित मूल्य करिब ९ करोड ३० लाख अमेरिकी डलर रहेको बताइएको छ। उक्त लागूऔषध काण्डमा दुवै राष्ट्रमा पक्राउ पर्ने ६ जनामध्ये रुसी दूतावासका १ पूर्वकर्मचारी र १ अर्जेन्टिनी प्रहरी पनि परेका थिए।

यसरी लागूऔषध जलाइएसँगै यससम्बन्धी प्रहरी अभियान पनि सकिएको मानिन्छ। सन् २०१६ मा तत्कालीन रुसी राजदूतले राजदूतावास परिसरमा १२ वटा सन्दिग्ध सुटकेस लुकाइएको अवस्थामा भेटिएको खबर प्रहरीलाई दिएका थिए। ती सुटकेसमा कोकिनका प्याकेटहरू राखिएको फेला पारिएको थियो।

राति गोप्य ढंगले राजदूतावासकै साँचो प्रयोग गरी कोठाभित्र प्रवेश गरेका अर्जेन्टिनी प्रहरीले कोकिनको स्थानमा पिठो राखिदिएका थिए। तिनीहरूले त्यसमा जिपिएस ट्र्याकिङ उपकरण पनि जडान गरेका थिए। ती सुटकेसका मालिकलाई समात्ने उद्देश्यले यस्तो योजना बुनिएको थियो। तर लामो समयसम्म प्रहरीले अपराधीलाई पर्खनुपरेको अर्जेन्टिनी सुरक्षा मन्त्री प्यात्रिसिया बुलरिचले बताएकी छिन्।

# कोकिनविरुद्ध ड्रोनको प्रयोग

बोगोटा, (एजेन्सी)

कोलम्बियाली सरकारले खतरनाक लागूऔषध कोकिन उत्पादनमा प्रयोग हुने बोटहरू नष्ट गर्नका लागि मानवरहित साना ड्रोन विमानहरू प्रयोग गर्न थालेको मंगलबार स्थानीय सञ्चार माध्यमले जनाएको छ।

बोट नष्ट गर्ने रसायनिक पदार्थ बोकेका यस्ता ड्रोन विमानहरूलाई कोकाको अवैध खेतको खोजिमा पठाइएको बताइएको छ। राष्ट्रपति इभान डुक्युले यस्ता अवैध खेतसँग जोडिएका अन्य बाली लगाइएको खेतहरूमा न्यूनतम क्षति पुऱ्याउने उद्देश्यले ड्रोनको प्रयोगका लागि जोड दिएको सरकारी अधिकारीहरूले बताएका छन्।

तर राजनीतिक समीक्षकहरूले कोकिनको समस्याका `समाधान प्राविधिक ढंगले नभई राजनीतिक रूपमा गरिनुपर्ने बताएका छन्। ड्रोन कम्पनीका निर्देशक जर्मन हुर्रेटासले यस अभियानमा आफ्ना ड्रोनहरूले नारिनो प्रान्तका करिब ९० प्रतिशत कोका बोट नष्ट गर्न सफल भएको दाबी गरेका छन्।



मंगलले अर्को विहे गरेपछि भारतमा कहाँ बस्छन्, कुनै सम्पर्क छैन्। उसका बच्चाहरू बेसाहारा बनेका छन्। पहिला त विद्यालय जाने गरेका थिए अहिले विद्यालय छोडेर पेट पाल्नका लागि अरूको काम गर्ने गरेको स्थानीयले बताएका छन्।



मुश्लिम धर्मावलम्बीको चाड बकर इदको दिन कश्मिरी मस्जिदमा नवाज पढ्दै एक बालक। ३ दिनसम्म मनाइने यो पर्वलाई 'इद–उल–जुहा' पनि भनिन्छ। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# बिचल्लीमा परेका बालबालिकालाई सहयोग

**नेपाल समाचारपत्र**

बाजुरा

बुढीगंगा नगरपालिका-१० का साहाराविहीन बालकलाई राहत संकलन भएको छ। मंगल नेपालीका २ छोरा १२ वर्षीय छोरा अनिल नेपाली र १० वर्षका छोरा अरूण नेपाली सहाराविहीन बनेको विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि राहत संकलन भएको छ।

बिच्चलीको समचार प्रकाशित भएपछि नेपाल निजामती कर्मचारी संगठनले आर्थिक रकम संकलन गरी पीडित बालबालिकालाई हस्तान्तरण गरेका छन्। संगठनले संकलन गरेको ८५ हजार २ सय १५ रकम प्रमुख जिल्ला अधिकारी चेतराज बरालमार्फत बच्चालाई चेक हस्तान्तरण गरिएको छ। वडा नम्बर १० अध्यक्ष धर्मराज जैशीको रोहबरमा पीडित बालबालिकालाई हस्तान्तरण गरेको नेपाल निजामती कर्मचारी संगठनका सदस्य महादेव पन्तले बताएका छन्।

नेपाल निजामती कर्मचारी संगठनले बिच्चली भएको समचार प्रकाशितपछि आर्थिक संकलन अभियान कर्मचारी र व्यापारीबाट गरेको थियो। संकलित रकम ती बालकको पढाइ खर्चमा खर्च गर्ने वडाध्यक्ष धर्मराज जैशीले बताए। रकम बैंकमा जम्मा गराइदिने उनले बताए।

५ वर्ष पहिले ती नाबालक आमा किडी नेपालीको बच्चा पाउन नसकेर मृत्यु भएको थियो। आमाको मृत्यु भएपछि बुबा मंगलले अर्को विहे गरेर भारततिर गएपछि बेसहारा बनेका हुन्। ती २ नाबालक बच्चा अहिले बुढीबजै ७० वर्षीय ईन्द्रा नेपालीका भरमा छन्।

मंगलले अर्को विहे गरेपछि भारतमा कहाँ बस्छन्, कुनै सम्पर्क छैन्। उसका बच्चाहरू बेसाहारा बनेका छन्। पहिला त विद्यालय जाने गरेका थिए अहिले विद्यालय छोडेर पेट पाल्नका लागि अरूको काम गर्ने गरेको स्थानीयले बताएका छन्।

'सरकारले दिने वृद्ध भत्ताले यी २ नातिलाई पाल्ने गरेको थिएँ। त्यो पैसाले केही राहत हुने गरेको छ, बाँकी भने अरूलाई मागेर पाल्ने गरेको थिएँ। आफू पनि बिरामीले थलिएपछि अहिले तिनीहरूलाई पाल्न निकै समस्या भएको छ' -ईन्द्रा नेपालीले बताइन्।

## आमाको कुटाइबाट छोरीको मृत्यु

भद्रपुर, (नेस)

विद्यालय पठाउने क्रममा कपाल कोर्न नमानेपछि आमाको कुटाइबाट ८ वर्षीया छोरीको मृत्यु भएको छ। झापाको विर्तामोड नगरपालिका-५ सुब्बा चोकस्थित २७ वर्षीया हेमन्ता कुरुङ्वाङ (लिम्बू) ले आफ्नै ८ वर्षीया छोरी सफलतालाई कुटपिट गर्दा उनको उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय विर्तामोडले जनाएको छ।

विर्तामोडका डीएसपी कृष्णप्रसाद कोइरालाले दिएको जानकारीअनुसार बुधबार बिहान विद्यालय पठाउने क्रममा कपाल कोर्न नमानेपछि हेमन्ताले छोरीलाई लाठीले कुटपिट गर्दा दाहिने कन्चट, ढाड र दुवै हातमा नीलडाम बनाएकी थिइन्। आमाको कुटाइबाट गम्भीर घाइते भएकी सफलताको विर्तामोडस्थित बिर्तासिटी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको डीएसपी कोइरालाले जानकारी दिए।

## समाचार संक्षेप

### चट्याङले ४ जना घाइते

हेटौंडा, (नेस)

बुधबार दिउँसो करिब सवा ४ बजे वर्षासँगै परेको चट्याङले मकवानपुरको मनहरी ३ टुडेस्थित जगतबहादुर बलको घरमा बसिरहेका ४ जना घाइते भएका छन्। घाइतेको हेटौडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। घाइते हुनेमा मनहरी २ बस्ने वर्ष ९ का विक्रम बल, वर्ष ५५ की पूर्णमाया भोलन, वर्ष ४९ की कान्छीमाया रुम्बा र वर्ष ५७ की फुलमाया घलान छन्।

### भतिजी बलात्कार गर्न खोज्ने पक्राउ

धादिङ, (नेस)

आफ्नो भतिजी नाता पर्ने एक १४ वर्षीया बालिकालाई बलात्कार गर्न खोज्ने सिद्धलेक गाउँपालिका-५ कुम्पुरका १८ वर्षीय पुरुषलाई प्रहरीले पक्राउ गरी हिरासतमा लिएको छ।

बालिकाको आमा बच्चा बिरामी भएर उपचारका लागि गएको र बुबा विदेश गएकाले घरमा एक्लै भएको मौका पारी मंगलबार दिउँसो बलात्कारको प्रयास गरेका थिए।

बलात्कारको प्रयास गर्दा मारिदिने धम्की दिएपछि पीडितले प्रतिकार गर्ने र आरोपीले बलात्कार गर्न खोज्दा पीडित बालिका घाइते भएपछि गाउँबासीले उद्धार गरी जिल्ला अस्पताल पुर्‍याएका थिए। पीडित बालिकाको जिल्ला अस्पताल र धादिङ सामुदायिक आँखा अस्पतालमा उपचार भयो। आरोपीले जबरजस्ती गर्न खोज्दा बालिकाको दुवै आँखामा रगत जमेको थियो, घाँटीमा नीलडाम हुने गरी घाउ भएको थियो। घटनापछि पीडित पक्षको जाहेरीका आधारमा बुधबार जाहेरी दर्ता गरिएको छ।

# दार्चुलाका ४ जनामा डेंगु भेट्टियो

दार्चुला, (नेस)

पछिल्लो समय तराईका जिल्लामा मात्रै देखा पर्ने विभिन्न खालका रोगहरू पहाडी जिल्लामा समेत देखा पर्न थालेका छन्। जलवायु परिवर्तनसँगै पहाड चढेका लामखुट्टेका कारण तराईका जिल्लामा देखा पर्ने रोग पहाडी जिल्लामा देखिन थालेको चिकित्सकले बताएका छन्।

डेंगु रोग सार्ने इडिस एजेप्टाई लामखुट्टे तराईबाट पहाड चढेपछि दार्चुला जिल्लामा ४ जना डेंगु संक्रमित भेट्टिएका छन्। जिल्लाको महाकाली नगरपालिका, मालिकार्जुन र लेकम गाउँपालिकामा गरी ४ जनामा डेंगुको जीवाणु भेट्टिएको जिल्ला अस्पताल दार्चुलाका निमित्त डा. धर्मानन्द जोशीले जानकारी दिए। डेंगु संक्रमित चारै जनालाई उपचारका लागि सेती अञ्चल अस्पताल धनगढी रिफर गरिएको उनले जानकारी दिए।

केही वर्षअघिसम्म समथर भू-भागमा मात्र देखिने दिउँसो टोक्ने यो लामखुट्टे हाल उच्च पहाडी क्षेत्र ताक्दै छ। हाल पहाडी क्षेत्रमा समेत गर्मी बढ्दै गएको भन्दै डा. जोशीले लामखुट्टेको पहाड यात्रापछाडि जलवायु परिवर्तन कारण रहेको बताउनुभयो। यो लामखुट्टेको फूल सुक्खामा समेत ४ सय दिनसम्म बाँच्न सक्ने उनले बताए।

डेंगु रोगको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु, असाध्यै टाउको दुख्नु, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्नु, ढाड, जोर्नी तथा मांसापेशी दुख्नु, शरीरमा बिबिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिँजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, वेहोश हुनेजस्ता हुन्।

डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नुपर्ने उहाँको सुझाव छ। डेंगु रोग सार्ने लामखुट्टेले दिउँसो मात्रै टोक्ने हुँदा कोठाबाहिर बस्दा बाहुला भएको वा शरीर ढाकिने लुगा लगाउन उहाँले सबैमा आग्रह गर्नुभएको छ।

# पहिरो पीडितलाई अक्वा बक्स

काठमाडौं, (नेस)



सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयले काभ्रेको मण्डल देउपुर नगरपालिका-१० छाप भन्ने स्थानमा पहिरोबाट विस्थापित घरपरिवारलाई अक्वा बक्स प्रदान गरेको छ।

उक्त ठाउँमा भदौ ६ गते आयोजित एक कार्यक्रमबीच सो नगरपालिकाका मेयर टोकबहादुर वाइबा र सशस्त्र प्रहरी उपरीक्षक बेनुप्रसाद पाठकले पहिरोबाट विस्थापित १९ घरपरिवारलाई सो अक्वा बक्स हस्तान्तरण गर्नुभयो।

अक्वा बक्समा खानाको सामग्रीबाहेक घरमा प्रयोग हुने आधारभूत सामग्री रहेका छन्। जसमा खाना पकाउने भाँडा, पानी फिल्टर, त्रिपाल, डोरी, करौती, कपी, कलम, तौलिया, बच्चाको खेलौनालगायतका सामग्री रहेका छन्।

सो अक्वा बक्स सशस्त्र प्रहरी बल नेपाललाई रोटरी इन्टरनेसनल नेपालबाट प्राप्त भएको थियो। प्रतिअक्वा बक्स करिब १ लाख रूपियाँ बराबरको रहेको बताइएको छ। उक्त अक्वा बक्स वितरण कार्यक्रममा मेयर टोकबहादुर वाइबाले पीडित परिवारलाई नगरपालिकाले गर्ने सहयोगमा समेत कुनै कमी नहुने बताउनुभयो। उहाँले विस्थापित परिवारलाई नगरपालिकाको तर्फबाट समेत सहयोग गरिने उल्लेख गर्नुभयो।

सशस्त्र प्रहरी उपरीक्षक बेनुप्रसाद पाठकले सशस्त्र प्रहरी बलले आगामी दिनमा समेत विपत्तिबाट पीडितका लागि सहयोगको कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो। संगठनले उद्धार कार्य तथा राहत वितरण कार्यमा सक्रिय सहभागिता जनाउँदै आएको चर्चा गर्दै सशस्त्र प्रहरी उपरीक्षक पाठकले विपत्ति पीडित नागरिकलाई उद्धार कार्यमा संगठनले उत्कृष्ट योगदान पुर्‍याइरहेको उल्लेख गर्नुभयो।

# ऐन लागूपछि श्रीमतीपीडित बढे

दुर्गाप्रसाद शर्मा, पर्वत

पर्वतको कुस्मा नगरपालिका वडा नं १ पाङका गणेश अर्यालले श्रीमतीको यातनाका कारण पीडित भएको भन्दै अदालतमा सम्बन्धविच्छेद गरे।

भारतीय सेनामा जागिरे रहेका अर्याल श्रीमतीले खान बस्नसमेत नदिने गरेको र यातनाका कारण मानसिक सन्तुलनसमेत गुमाउन परेको आरोपसहित सम्बन्धविच्छेदको मुद्दा लिएर अदालत पुगेका हुन्। मानसिक अवस्थासमेत बिग्रेपछि भारतीय सेनाको रोजगारी गुमेको र औषधि सेवन गर्नुपरेको प्रमाणसहित उनी अदालत पुगेका छन्।

अर्याल मात्रै होइन मोदी गाउँपालिका-४ का लालबहादुर पुन पनि श्रीमतीले खान लाउन नदिएको भनेर अदालतमा सम्बन्धविच्छेदको मुद्दा दर्ता गराए। जीवनमा कमाएको सबै सम्पत्ति श्रीमतीको नाममा भएको तर आफूले खान लाउन नपाएर पीडित बनेको भन्दै 'श्रीमती पीडित' हरू अदालतमा सम्बन्धविच्छेद गर्न जाने क्रम पर्वत जिल्लामा ह्वात्तै बढेको छ।

नयाँ मुलुकी ऐन लागू भएपछि सम्बन्धविच्छेद गर्न पुरुषहरूले पनि सोझै अदालत जान सक्ने सुविधाको उपभोग गर्दै पर्वतमा भदौ ६ गतेभित्र ५ जना पुरुषले सम्बन्धविच्छेदका लागि मुद्दा दर्ता गरेका छन्। पर्वत जिल्ला अदालतमा भदौ १ गतेदेखि ७ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएकामा २ वटा श्रीमतीका तर्फबाट छन् भने ५ वटा श्रीमान्का पक्षबाट भएको देखिन्छ। कुस्मा नगरपालिका वडा नं १२ ठुलीपोखरीका मेखबहादुर कुवँर पनि ३ वर्षदेखि लगातार श्रीमती आफूभन्दा टाढा बसेको भन्दै सम्बन्धविच्छेदका लागि अदालत पुगेका छन्। पोखरामा श्रीमती बस्दै आएको र आफू एक्लो भएका कारण देखाउँदै कुवँरले सम्बन्धविच्छेदको मुद्दा दर्ता गरेका छन्।

नयाँ मुलुकी ऐन लागू भएकै दिन भदौ १ गते नै पहिलो सम्बन्धविच्छेदको मुद्दा पुरुषले दर्ता गराएको बताउँछन् अधिवक्ता भोलानाथ शर्मा। पहिले सम्बन्धविच्छेदका लागि पुरुषले अदालतमा सोझै मुद्दा दिन नपाउने तथा घुमाउरो र लामो प्रक्रिया अपनाउनुपर्ने अवस्था थियो। अहिले भने सम्बन्धविच्छेदको मुद्दा दिन सोझै अदालत जान सक्ने सुविधा भएपछि वर्षौंदेखि अदालत जान नसकेका अदालत पुग्न थालेको अधिवक्ता शर्मा बताउँछन्।

पर्वत जिल्ला अदालतका निमित्त श्रेष्तेदार मातृका रिमाल भदौ महिना लागेपछि सम्बन्धविच्छेदको मुद्दा दर्ता गराउनेमा पुरुषको संख्या बढी भएको बताउँछन्। 'अहिले मुद्दा दर्ता गराउनेमा पुरुष बढी छन्', उनले भने- 'पहिले महिलाले सम्बन्धविच्छेदका लागि मुद्दा दर्ता गर्न सहज भएकाले महिला बढी आउने गरेकामा अहिले पुरुषलाई पनि सुविधा भएकाले उनीहरूको संख्या बढेको हुनसक्छ।'

### साढे...

स्मरणीय छ, केन्द्रीय अनुसन्धान ब्युरोले भेटवाललाई एपेक्स बैंकको २ अर्ब घोटला कान्डमा वैशाख ३ गते पक्राउ गरेको थियो।

उहाँमाथि कमसल जग्गा धितो राखेर बैंकमार्फत ११ करोड ९० लाख लिएको आरोप छ।

सम्झौता सकिएको १ वर्ष नाघ्दासम्म काठमाडौं महानगरपालिकाले भने कुनै कारबाही गर्न सकेको छैन। महानगरपालिकाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले ठेकेदारकै लापारबाहीले भ्यु टावरको काम शुरू नभएको बताउनुभयो। यसबारे थप बुझ्न खोज्दा उहाँले अहिलेसम्म नबन्नाको कारण ठेकेदारलाई नै सोध्नु भन्नुभयो।

काठमाडौंमा महानगरपालिकाकी उपमेयर हरिप्रभा खड्गीले भने यस विषयमा आफू जानकार रहेको बताउँदै निष्कर्षमा पुग्न मेयरसँग छलफल गर्नुपर्छ। उहाँले भन्नुभयो- 'सम्झौता कटेको विषयमा मेयरसँग एक चरणमा छलफल भइसकेको छ। अब अर्को चरण बसेर निचोड निकाल्नुपर्छ।'

उक्त भ्यु टावर २३ रोपनी जग्गामा बन्ने बताइएको छ। उक्त कम्पनीलाई निर्माणपछि महानगरपालिकाले वार्षिक २ करोड ७० लाख भाडा लिने गरी २७ वर्षसम्म लिजमा दिने सम्झौता भएको छ।

सार्वजनिक निजी साझेदारीको मोडलमा २९ तले टावर बनाउने बताइएको छ तर अहिले भने १२ तल्लाको मात्रै नक्सा पास भएको छ। भूकम्पपछि १२ तल्लाभन्दा अग्ला भवन निर्माण गर्न रोक लगाइएकाले थप नक्सा पास नभएको बताइन्छ।

भवन निर्माणसम्बन्धी नयाँ मापदण्ड मन्त्रिपरिषद्मा पुगेकाले त्यसको गाँठो फुकेपछि २९ तला नै बनाउने बताइएको छ। यस टावरमा २ तला अन्डरग्राउन्ड र ३ वटा तलामा बस, माइक्रो तथा मोटरसाइकल पार्क रहनेछ।

### तीन...

जिल्ला इन्चार्ज, अध्यक्ष र सचिवको पदमा धेरै आकांक्षी देखिएपछि व्यवस्थापन गर्नका लागि धेरै समय लागेको नेकपाका एक नेताले बताए। उनका अनुसार हालसम्म ६६ जिल्लाको नेतृत्व सर्वसम्मत रूपमा बाँडफाँड भएको छ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ६०/४० को भागवन्डा गरेका पूर्वएमाले र पूर्वनेकपाबीच हाल पार्टी एकीकरणको प्रक्रियामा भने पूर्वमाओवादीका तर्फबाट केही प्रतिशत बढेको छ। जिल्ला तहको नेतृत्वमा आधा आधाको भागवन्डाको अवसर पूर्वमाओवादीले प्राप्त गरेको छ। गण्डकी प्रदेशका सबै जिल्ला र प्रदेश १ र कर्णाली प्रदेशका केही जिल्लामा विवाद भएका कारण प्रदेश कार्यदललाई बिहीबारसम्मको समय दिइएको छ।

नेकपाका ७ वटा प्रदेश कार्यदलमध्ये अधिकांशले आफ्नो सिफारिससहितको प्रतिवेदन महासचिव विष्णु पौडेलसमक्ष पेस गरिसकेका छन्। गण्डकी प्रदेशले भने जिल्लामा सर्वसम्मत नेतृत्व सिफारिस गर्न नसकेपछि तत्कालीन एमाले र तत्कालीन माओवादी दुवै तर्फका अध्यक्षका दाबेदारको नाम सिफारिस गरेर सचिवालयमा पस गरेको छ। नेकपाका एक नेताका अनुसार ६६ मध्ये तत्कालीन एमालेले ४० जिल्लामा अध्यक्ष पाएको छ भने तत्कालीन माओवादीले २६ जिल्लामा अध्यक्ष पाउने गरी सिफारिस गरिएको छ।

नेकपाले यसअघि भदौ ५ गतेभित्र सबै कमिटीको एकीकरण प्रक्रिया सम्पन्न गर्ने बताए पनि अझै लम्बिने भएको छ। नेकपाले यही भदौ ८ र ९ गते बोलाएको सचिवालयको बैठकसमेत सारेको छ। ३ महिनाभित्र नै पार्टीको सबै एकीकरण प्रक्रिया टुंगो लगाउने भने पनि नेकपाले आन्तरिक भागवन्डा नमिल्दा लम्बिदै आएको छ।

### आवासविहीनले...

आवश्यक सेवासुविधा दुर्गम र विकट क्षेत्रमा पुर्‍याउन नसक्ने भएमा एकीकृत बस्ती विकासको अवधारणाअनुसार सुविधायुक्त स्थानमा सार्न सकिने व्यवस्था विधेयकमा छ। झुट्टा विवरण पेस गरी आवास सुविधा लिएमा, आवास सुविधाको दुरूपयोग गरेमा वा आवासलाई आवासबाहेकको अन्य प्रयोजनमा प्रयोग गरेमा कैद तथा जरिवानाको सजायको व्यवस्था छ। जानीजानी झुटो विवरण संकलन गरेमा वा सिफारिस गरेमा पनि कैद तथा जरिवानाको सजायको व्यवस्था छ।

आवासको मर्मत सम्भार उपभोक्ता आफैंले गर्नुपर्ने र यहाँ जडित विद्युत्, खानेपानीलगायतको सुविधाको शुल्क आफैं तिर्नुपर्नेछ। आवास प्राप्त गर्ने व्यक्ति तथा परिवारले आफ्नो आर्थिक क्षमता वृद्धि भएको वा अन्य कारणले आवास फिर्ता गर्न चाहेमा फिर्ता गर्न सक्ने व्यवस्था छ। नेपाल सरकार तथा प्रादेशिक सरकारले सम्बन्धित कार्यक्रमका लागि लाग्ने बजेट, जनशक्ति तथा अन्य प्राविधिक सहायता प्रदान गरी स्थानीय तहसँग समन्वय गरी आवास उपलब्ध गराउने व्यवस्था छ।

### सरकारी...

विधेयकको २२ देखि २७ दफामा आधारभूत र माध्यमिक तहमा भर्ना भएका र पढ्दै गरेका विद्यार्थीलाई पाठ्यपुस्तक, पोशाक, दिवा खाजा, शैक्षिक सामग्री र प्राथमिक स्वास्थ्य उपचारलगायतका सेवा नि:शुल्क दिने उल्लेख छ। विद्यार्थीलाई सबै सुविधा दिने जिम्मा स्थानीय तहलाई तोकिएको छ। उक्त विधेयकमा सार्वजनिक विद्यालयमा आधारभूत वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गरेका बालबालिकालाई पाठ्यपुस्तकबापतको रकम स्थानीय तहमार्फत दिने उल्लेख छ। शैक्षिक सत्र शुरू हुनुभन्दा १ महिनाअघि नै स्थानीय तहले पाठ्यपुस्तकका लागि रकम सम्बन्धित विद्यालयलाई दिनुपर्ने व्यवस्था गरिएको छ।

विपन्न बालबालिकालाई विद्यालय पोशाक सुविधा वा त्यसबापतको रकमका साथै दिवा खाजा, दिवा खाजा खर्च, कापी, कलमलगायतका शैक्षिक सामग्रीसमेत स्थानीय तहले नै दिनुपर्नेछ।

शिक्षा मन्त्रालयका प्रवक्ता वैकुण्ठ अर्यालले विद्यालयबाहिर रहेका बालबालिकालाई अनिवार्यरूपमा विद्यालयमा ल्याउने वातावरण बनाउन अधिकांश शुल्क नि:शुल्क गरिएको बताउनुभयो। संसद्बाट विधेयक पारितलगत्तै ऐन बनेपछि यो व्यवस्था लागू हुनेछ।

### निगमको...

हिमाली र पहाडी क्षेत्रमा उडान भर्दै आएको ट्विनटर विमान १ समेत ग्राउन्डेड अवस्थामा रहेको छ। ३ ट्विनटर विमानमध्ये एउटा विमान केही समयदेखि ग्राउन्डेड छ। निगमका अनुसार नियमित मर्मत सम्भार गर्नुपर्ने भएकाले अहिले २ वटा ट्विनटर विमान ग्राउन्डेड अवस्थामा रहेको छ।

४२ वर्षभन्दा पुराना ट्विनटर लिलामी गर्न क्यानेडाको विमान कम्पनी भ्याकिङसँग प्रक्रिया अगाडि बढाइए पनि निगमले नै ढिलाइ गर्दा काम समयमा हुन सकेन। उक्त कार्य सम्पन्न हुन करिब २ वर्षसम्म लाग्ने अनुमान निगमको छ।

निगमले विमान संख्या थपेसँगै नेपालका विमानस्थलमा उडान भर्ने योजना रहेको छ। अर्कोतर्फ करिब १७ सिट क्षमताको वाई १२ विमान ४ विमानमा ३ विमान नै त्रिभुवन विमानस्थलमानै ह्यांगर मर्मत सम्भार गरिरहेको छ। महिनौसम्म चिनीयाँ पाइलट अभावले गर्दा उडान भर्न नसकेका ती विमान हाल भने पाइलको परिपूर्ति भइसकेको भए पनि विमान ग्राउन्डेड हुँदा १ मात्र सञ्चालनमा रहेका छन्। निगमले सहुलियत ऋण र अनुदानमा पाएको चिनियाँ विमान निगमको लागि घाटोजस्तै भएको छ। चिनियाँ पाटपूर्जा आयत गर्नुपर्ने भनेको समयमा मर्मत गर्न कठिन र मर्मत गर्ने जनशक्तिको अभाव हुँदा खेरी निगमलाई उक्त विमानहरू घाटा बढाउने माध्यम मात्र बनेको निगम स्रोतले जनाएको छ।

निगमका प्रवक्ता रवीन्द्र श्रेष्ठले ग्राउन्डेड भएका विमानमा प्राविधिक समस्या आएकाले केही दिनमा नै विमान सञ्चालनमा आउने बताउनुभयो।

पहिलो चरणमा ल्याइएका २ वटा विमानमा प्राविधिक समस्या आएपछि पछिल्लोपटक ल्याएको विमानमा भने प्राविधिक उपकरण तथा स्पेयर पार्टससमेत काठमाडौंमा नै उपलब्ध गराउने चिनियाँ पक्षसँगको प्रतिबद्धताअनुरूप निगमले सो चिनियाँ विमान ल्याएको थियो। सामान्यतया विमान खरिद गरेपछि विमानको प्राविधिमा समस्या आउँदा स्पेयर पार्टसको सपोर्ट गर्ने सम्झौता रहेको हुन्छ। तर चिनियाँ पक्षले भने चिनियाँ विमानको स्पियर पार्ट माग गर्दा महिनौं समय लगाउने र प्राविधिक पक्ष समयमा नै उपलब्ध नहुने समस्याले गर्दा निगमका चिनियाँ विमान महिनौंसम्म ग्राउन्डेड भएर बस्नुपरेको निगम स्रोतको दाबी छ। चिनियाँ पक्षले यसका लागि पर्याप्त सहयोग नगरेका कारण विमान ग्राउन्डेड भएको निगम स्रोतको दाबी छ। निगमले ८ वटा अन्तर्राष्ट्रिय र २३ वटा आन्तरिक गन्तव्यमा सेवा उडान भरिरहेको थियो।

नेपाल सरकार र चीन सरकारबीच विसं २०६९ सालमा २ वटा विमान अनुदान र ४ वटा जहाज सहुलियतपूर्ण ऋणमा लिने सम्झौता भएबमोजिमका ६ वटै विमान नेपाल आएका थिए।

सहुलियत ऋणमा निगमलाई एक्जिम बैंकमार्फत ऋण प्राप्त भएपछि निगमले विमान खरिद गरेको थियो। उक्त बैंकले निगमलाई ६ अर्ब ६७ करोड १० लाख रुपियाँ ऋण दिएको थियो। सम्झौताबमोजिम २०७१ वैशाखमा पहिलो एमए-६० मर्डन आर्ट विमान र कात्तिकमा वाई-१२ ई जहाज अनुदानस्वरूप ल्याएको थियो। यस्तै २०७३ मा अर्को एमए-६० मर्डन आर्ट र एउटा वाइ-१२ ई जहाज ल्याइएको थियो। गत वैशाख ४ गते विमान हस्तान्तरण गर्दा चिनियाँ कम्पनी सिभिक इन्टरनेसनलका अध्यक्ष ली वेइसुआङले नेपाललाई जहाज दिन पाउँदा खुसी लागेको बताउनुभएको थियो।

## हिमाल स्टील आजको भाउ

[illegible]

## RHINO 500D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरू | राइनो स्टील ८ एमएम | १०-२० एम.एम. | ३२ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

नेपालमा पहिलो पटक, नेपालकै लागि

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ ७, अगस्ट २३, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १११।४० | ११२।०० |
| युरो १ को रू. | १२९।३३ | १३०।०३ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।७७ | १४४।५४ |
| स्विस फ्रन्क १ को रू. | ११३।४४ | ११४।०५ |
| अस्ट्रेलियन डलर १ को रू. | ८२।०२ | ८२।४६ |
| क्यानाडियन डलर १ को रू. | ८५।६१ | ८६।०७ |
| सिङ्गापुर डलर १ को रू. | ८१।५८ | ८२।०२ |
| जापानी यन १० को रू. | १०।१० | १०।१६ |
| चिनियाँ युआन १ को रू. | १६।२८ | १६।३७ |
| साउदी अरब रियाल १ को रू. | २९।७० | २९।८६ |
| कतारी रियाल १ को रू. | ३०।६० | ३०।७६ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।४० | ३।४२ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।३३ | ३०।४९ |
| मलसियन रिङ्गिट १ को रू. | २७।१९ | २७।३३ |
| दक्षिण कारियन वन १०० को रू. | ९।९६ | १०।०१ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३० |
| डेनिस क्रानर १ का रू. | १७।३४ |
| हङकङ डलर १ का रू. | १४।१९ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# अर्थ

2018, AUG
Thursday
23

> अन्य ठाउँमा आधुनिक र व्यवस्थित कृषि बजार स्थापना गर्दा कालीमाटी बजारमा चाप कम हुने छ। व्यवसायी तथा उपभोक्ता दुवैलाई सजिलो हुने भए पनि त्यस्तो बजार स्थापनाका लागि सम्बन्धित निकायले भने कुनै चासो देखाएका छैनन्।

## कालीमाटीमा थेग्नै नसकिने चाप

# बजार बिस्तार गर्ने योजना अलपत्र

हेमन्त जोशी, काठमाडौं

काठमाडौं उपत्यकाको करिब ५० प्रतिशत तरकारी तथा फलफूलको माग धान्दै आएको कालीमाटी बजारको विकल्प खोज्न सरकार उदासिन रहेको छ।

सीमित ठाउँमा उपभोक्ता र व्यवसायीको बढ्दो चापले अव्यवस्थित बन्दै गएको कालीमाटी बजार बिस्तार गर्ने विषयमा कृषि मन्त्रालय नै चासो देखाएको छैन। बजारलाई २ वर्षभित्र थप ३ स्थानमा विस्तार गर्ने कृषि विकास मन्त्रालयको लक्ष्य भए पनि चोभारमा बाहेक अन्य २ स्थानमा काम अगाडि बढ्न सकेको छैन।

कृषि तथा पशुपन्क्षी मन्त्रालयका प्रवक्ता तथा कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अध्यक्ष तेजबहादुर सुवेदीका अनुसार काठमाडौंको चोभार, मनोहरा खोला किनार, बालाजु र धादिङको नौबिसेमा तरकारी बजार विस्तार गर्ने मन्त्रालयको लक्ष्य छ। तर हालसम्ममा चोभारमा बाहेक अन्य कुनै पनि स्थानमा सरकारले बजार निर्माणको काम अगाडि बढाएको छैन। चोभारमा बन्न लागेको बजार पनि तरकारी व्यापारका लागि नभई फलफूल र पुष्प व्यापारका लागि तयार पार्न लागिएको हो।

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका कार्यकारी निर्देशक तेजेन्द्र पौडेलका अनुसार समितिले काठमाडौंको चोभार, बालाजु र धादिङको नौबिसेमा २ वर्षभित्र आधुनिक र व्यवस्थित बजार निर्माण गर्ने योजना बनाएको थियो। बालाजुमा तरकारी बजार विस्तारका लागि जग्गा उपलब्ध हुन नसकेको र नौबिसेमा निर्माणका लागि बजेट अभाव भएपछि चोभारमा मात्र काम अघि बढेको निर्देशक पौडेलको भनाइ छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै पौडेलले भन्नुभयो- 'कालीमाटी बजारको शाखा विस्तारको कार्यलाई अघि बढाउन चोभारमा निर्माणको काम भइरहेको छ भने बालाजुमा जग्गा प्राप्तिका लागि हामीले पहल गरिरहेका छौं।'



'कृषि बजारको पहिचान र विशेषता कायम गर्न चोभारमा बनिरहेको बजार फलफूल तथा पुष्प बजारमा केन्द्रित रहने गरी, बालाजुमा मत्स्य तथा कृषि व्यवसायमा केन्द्रित रहने गरी र नौबिसेमा कृषि बजार निर्माणका लागि योजना निर्माण गरिएको छ। तर हामीसँग यसको विस्तृत कार्ययोजना र बजेट भने छैन।' -पौडेलले भन्नुभयो। नौबिसेमा कृषिउपज बजार निर्माणका लागि गत आर्थिक वर्षमा नै बजेट माग गरिए पनि कृषि मन्त्रालयबाट बजेट उपलब्ध गराइएन। त्यसपछि कालीमाटी फलफूल तथा तरकारी बजारको आन्तरिक बजेटमार्फत् काम शुरू गर्ने तयारी गरिएको थियो। तर कालीमाटी बजार व्यवस्थापनका लागि रकम खर्च भएपछि नौबिसेमा बजार निर्माणका लागि रकम अभाव भएको निर्देशक पौडेलले बताउनुभयो।

'नौबिसेमा सरकारी स्वामित्व रहेको साढे चार रोपनी जग्गामा आगामी आर्थिक वर्षभित्रै बजार निर्माण पूरा गर्ने समितिको लक्ष्य थियो। तर, उक्त बजार निर्माणका लागि हामीसँग पर्याप्त बजेट नै छैन।' -पौडेलले भन्नुभयो। बालाजुमा रहेको मत्स्य विकास निर्देशनालयको जग्गामा आधुनिक कृषि बजार विस्तारका लागि निर्देशनालयसँग छलफल जारी रहेको पौडेलको भनाइ छ। 'मत्स्य अनुसन्धान केन्द्रलाई तराईको क्षेत्रमा स्थानान्तरण गरेर मत्स्य तथा कृषि बजार निर्माण गर्ने गरी बजार स्थापना गर्ने हाम्रो सोच थियो। तर, सो विषय पनि अहिले अलपत्रजस्तै छ।' -उहाँले भन्नुभयो।

काठमाडौं र भक्तपुर जिल्ला छुट्याउने मनोहरा खोलामा रहेको कृषि मन्त्रालयको जग्गा भने सुकुम्बासीले कब्जा गरेर बसेका छन्। सुकुम्बारी टहरी हटाएर तरकारी बजार बिस्तारका लागि कृषि मन्त्रालयले नै पहल गर्न सकेको देखिँदैन। चोभारमा कुल ३७ करोड रुपियाँको लागतमा बजारको भौतिक संरचना निर्माणको क्रममा रहेको छ। २३ रोपनी सरकारी जग्गामा निर्माण हुन लागेको बजार अबको १ वर्षभित्र निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ। बाहिरी चक्रपथ निर्माणसँगै बजार पनि बिस्तार हुने भएकाले व्यवसायी र उपभोक्तालाई बजार पहुँचमा यसले सहजता ल्याउने देखिन्छ। स्थान अभावका कारण उपभोक्ता र बिक्रेतालाई अप्ठ्यारो हुँदै आएको छ। कालीमाटी बजारको आन्तरिक व्यवस्थापन गर्ने विषयमा समिति उदासिन देखिएको छ। करिब दुई दशकअघि निर्माण भएको भौतिक संरचनाले दैनिकजसो बढिरहेका व्यवसायी र ग्राहकलाई धान्न मुस्किल हुँदै आएको छ। कालीमाटी तरकारी बजारको भौतिक संरचनालाई एकीकृत रूपमा पुनर्निर्माण गर्ने र त्यहाँभित्र रहेका स्टलको व्यवस्थापन हालसम्म किन हुन सकेन भनेर समितिसँग कुनै जवाफ छैन।

कालीमाटी फलफूल तथा तरकारी बजारले उपभोक्ताको चापलाई धान्न नसक्ने भएको तथा उपभोक्ता र व्यवसायीको सहजतालाई ध्यानमा राख्दै शाखा विस्तार गर्नु जरुरी देखिन्छ। अन्य ठाउँमा आधुनिक र व्यवस्थित कृषि बजार स्थापना गर्दा कालीमाटी बजारमा चाप कम हुने छ। व्यवसायी तथा उपभोक्ता दुवैलाई सजिलो हुने भए पनि त्यस्तो बजार स्थापनाका लागि सम्बन्धित निकायले भने कुनै चासो देखाएका छैनन्। कृषि मन्त्रालयले भने सबै बजार आगामी आर्थिक वर्षको अन्तिमसम्म निर्माण भइसक्ने गरी योजना बनाइएको थियो। तर चोभारमा बाहेक अन्य ठाउँमा बजार निर्माणका काम योजना निर्माणको प्रारम्भिक चरण मै अल्झिएपछि मन्त्रालय पनि कामबाट पन्छिएको देखिएको छ।



समयक्रमसँगै नेपाली विज्ञापनको प्रकृति र स्वरूपमा ठूलो रूपान्तरण भइरहेको हामी सबैले महसुस गरेका छौं। शुरूमा परम्परागत सञ्चार माध्यमहरु जस्तै छापा, टेलिभिजन र रेडियोमा सीमित विज्ञापनले आज कोब्रान्डिङजस्ता अत्याधुनिक रूप ग्रहण गरिसकेको छ ।



# टाटासुमो सुलभ ब्याजदरमा



काठमाडौं, (नेस)

सिप्रदी ट्रेडिङ प्रालि. र मुक्तिनाथ बिकास बैंक लि.बीच 'आफ्नो गाडी आफैं सवारी' नामक व्यवसायिक अभियानअन्तर्गत प्रत्येक सुमो गोल्ड खरिद गर्ने ग्राहकलाई कर्जा उपलब्ध गराउने सम्झौता भएको छ।

सिप्रदी ट्रेडिङ प्रालि.ले व्याजदरमा सहुलियत प्रदान गर्ने गरी सम्झौता गरिएकाले यो अभियानअन्तर्गत व्यावसायिक प्रयोजनका लागि सुमो गोल्ड खरिद गर्ने ग्राहकलाई मुक्तिनाथ विकास बैंक लि. ले १० दशमलव ५ प्रतिशत ब्याजदरमा गाडीको मूल्यको ७० प्रतिशतसम्म कर्जा प्रदान गर्ने जनाइएको छ।

यस अभियानअर्न्तगत प्रत्येक टाटा सुमो गोल्डको खरिदमा, ग्राहकलाई निःशुल्क ड्राइभिङ तालिम, निःशुल्क मेकानिकल तालिम, सुलभ फाइनान्स र १ वर्षको इन्स्योरेन्सको सुविधा प्रदान हुनेछ। अभियानले स्वदेशमा नै रोजगारीको सृजना गरी, युवाहरू रोजगारीका लागी विदेशिनुपर्ने बाध्यतालाई कम गर्ने बताइएको छ। यस अभियानको बारेमा लक्षित समूहलाई जागरुक गराउन पत्रकार रवि लामिछाने २ वर्षको अवधिका लागि सिप्रदी ट्रेडिंग प्रालि. संग अनुबन्दित भएका छन्।

## साउदीमा अलपत्र कामदारको अपिल

# 'मलाई उद्धार गरिदिनोस्'

**रामधन राई, खोटाङ**

साउदी अरबमा काम-दामविहीन भई १० महिनादेखि अलपत्र परेका खोटाङ खाल्लेका युवाले आफ्नो उद्दार गरिदिन अपिल गर्नुभएको छ। तलब नपाएको भन्दै हड्तालमा उत्रिएपछि कम्पनीबाट निकालिएको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेका जीतबहादुर कटुवालले आफ्नो उद्दार गर्न आग्रह गर्नुभएको हो।

कामबाट निकालिदिने रसान कम्पनीले नेपाल फर्कने प्रक्रियासमेत अघि नबढाइदिएकाले आफू अलपत्र परेको कटुवालले फोनमार्फत सुनाउनुभयो। सन् २०१० मा एबी इम्प्रोमेन्ट सोलुसन म्यानपावर कम्पनीलाई ८० हजार रूपियाँ रकम बुझाई साउदी गएकोमा गत वर्ष तेस्रो छुट्टीमा दशैंमा घर फर्कनुभएको थियो। गत वर्ष पौष महिनामा पुन: साउदीको सोही कम्पनीमा फर्कनुभएका कटुवाललगायतका कामदारहरू तलब नपाएको भन्दै हड्तालमा उत्रिएका थिए। ५ सय रियाल बेसिक र ओभरटाइमसमेत गरी ११ सय रियालसम्म तलब पुगे पनि तलब नै दिन छाडेकाले हड्ताल गरिएको कटुवालको भनाइ छ।

हड्तालमा निस्कने अन्य कामदारहरूमध्ये कोही घर फर्केको र कोही काममा स्थापित भए पनि कटुवालका साथै श्रीलंका र भारतका एक एक कामदार गरी तीन जना भने अलपत्र परेको जनाइएको छ। नेपाली साथीहरूसमेत कोही नभएको बताउनुहुने कटुवालका अनुसार कम्पनीले अकमा (कामदार परिचयपत्र) नवीकरण नगरिदिएकाले नेपाल फर्कन समस्या भएको छ।

> ईमेल तथा फेसबुकको सेवासमेत प्रयोग गर्न नसकिने अवस्थामा आफू रहेकोले फोनमार्फत समस्याबारे जानकारी गराउनुपरेको उहाँले जनाउनुभयो।

अकमाको मान्य मिति १९ महिनाअघि नै सकिए पनि कम्पनीले नवीकरण नगरिदिएको पीडितको भनाइ छ। ईमेल तथा फेसबुकको सेवासमेत प्रयोग गर्न नसकिने अवस्थामा आफू रहेकाले फोनमार्फत् समस्याबारे जानकारी गराउनुपरेको उहाँले जनाउनुभयो।

कटुवाललाई अन्य देशका कामदार साथीहरूले खाना खुवाइरहेको बताइएको छ। सम्बन्धित कम्पनीले अकमा नवीकरण अर्थात् स्वदेश फर्कन तोक नलगाइदिएसम्म सोही अवस्थामा बस्न बाध्य हुनुपर्ने भन्दै उहाँले उद्दारका लागि आग्रह गर्नुभएको छ। कटुवालको घरमा श्रीमती तथा छोरासमेत बिरामी भएकाले समस्या झनै जटिल बनेको छ। कटुवालकी श्रीमतीको पाठेघर अप्रेसन गर्दा थप समस्या भएको छ भने छोरालाई हर्नियाको समस्याले गर्दा अवस्था दयनीय बनेको छ।

कटुवालले सम्बन्धित सबैलाई चाँडो उद्दार गरी नेपाल फर्काइदिन आग्रह गर्नुभएको छ। उहाँलाई नेपाल फर्काउनका लागि कम्पनीमा मुद्दा चलाइएको सुरक्षित आप्रवासन परियोजनाअन्तर्गत सूचना तथा परामर्श केन्द्रको परामर्शकर्ता अम्बिका दाहालले बताउनुभएको छ। नवीकरण सेवा समाज नेपालद्वारा सञ्चालित सूचना केन्द्रको परामर्शकर्ताका अनुसार मुद्दा चलाइए पनि हालसम्म प्रक्रिया टुंगो लागेको छैन। कार्यरत कम्पनीले कामदार भएको तोक लगाइदिएपछि अर्थात् कामदार परिचयपत्र नवीकरण गरिदिएपछि मात्र नेपाल फर्काउन सकिने प्रावधान रहेको छ। कटुवाललाई कार्यरत कम्पनीले नै अवैधानिक बनाइरहेको परामर्शकर्ता दाहालको भनाइ छ। हाल जीतबहादुर साउदी जुगोलको दमाम आसपासमा रहनुभएको छ।

# बढी पावरको होण्डा हर्नेट




काठमाडौं, (नेस)

स्याकार ट्रेडिङ कम्पनी प्रालि.ले नयाँ होण्डा सिबिहर्नेट हण्डा नेपाली बजारमा भित्र्याएको छ।

स्पोर्टी बनोट तथा नयाँ स्टाइल र ग्राफिक्सका साथ अझ बढी पावरफुल रहेको यस नयाँ हर्नेटग्रे र ग्रिन, ओरेन्ज र ग्रे, निलो, रातो अनि पँहेलो गरी ५ रङमा उपलब्ध छ। फुल एलईडी हेड ल्याम्प र हाजार्ड लाइट स्विचजस्ता अत्याधुनिक विशेषता रहेको यस बाइकमा आपत्कालीन समयमा सुरक्षित रहनका लागि तथा कम प्रकाशको बेला प्रयोग गर्न सकिन्छ। उत्कृष्ट ग्रीपरबढी समय टिक्ने सिल चेन रहेको सिबिहर्नेटमा उत्कृष्ट पर्फमेन्स रहेको छ। नेपाली बजारमा नयाँ होण्डा सिबिहर्नेट १६० आरको मूल्य रु.२ लाख ९९ हजार ९ सय रूपियाँ रहेको छ।

# नेपाली विज्ञापन र कृति अवार्ड



**निर्मलराज पौडेल**

विभिन्न चुनौतीहरूलाई पार गर्दै नेपाली विज्ञापनजगत् निरन्तर अगाडि बढिरहेको छ। २०४६ सालको राजनीतिक परिवर्तनपछि राष्ट्रले स्वीकार गरेको आर्थिक उदारीकरण नीतिले यस जगत्को विकासलाई नयाँ गति प्रदान गरेको छ। त्यसैगरी भूमण्डलीकरणको प्रभाव, बढ्दो उपभोक्ता सचेतना र सञ्चार गृहको संख्यामा वृद्धि जस्ता कारकतत्वहरूले यसलाई संस्थागत रूपमा सुदृढ गरिरहेको छ। साँच्चै भन्ने हो भने विज्ञापन क्षेत्रले आज आफूलाई एक गतिशील उद्योगका रूपमा उभ्याइरहेको छ। अहिले करिब ७ र ८ अर्ब रूपियाँबराबरको वार्षिक कारोबार गर्ने नेपाली विज्ञापन बजारको प्रतिवर्ष १५ र २० प्रतिशतको दरले वृद्धि भइरहेको छ। यसै गरी यस क्षेत्रले लाखौलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गरी देशको सामाजिक आर्थिक उन्नतिमा पनि टेवा पुऱ्याउँदै आइरहेको छ ।

समयक्रमसंगै नेपाली विज्ञापनको प्रकृति र स्वरूपमा ठूलो रूपान्तरण भइरहेको हामी सबैले महसुस गरेका छौं। शुरूमा परम्परागत सञ्चार माध्यमहरू जस्तै छापा, टेलिभिजन र रेडियोमा सीमित विज्ञापनले आज कोब्रान्डिङजस्ता अत्याधुनिक रूप ग्रहण गरिसकेको छ ।

नेपाली विज्ञापन उद्योगको संरचनालाई बदलिँदो सामाजिक र आर्थिक परिवेशअनुसार समायोजन गर्न देशका विज्ञापनकर्मी एवं अन्य सम्बन्धित व्यवसायीहरूको छाता संगठन आनले महत्वपूर्ण भूमिका खेलिरहेको छ ।यसद्वारा क्लिन फिड नीतिको कार्यान्वयन, एड ट्र्याकिंग प्रणालीको स्थापनाका लागि पहल भइरहेको छ।

क्लिन फिड नीतिले नेपाली आकाशमा निर्वाध रूपले विदेशी च्यानलद्वारा प्रसारित कमार्सियललाई नियन्त्रण गरी नेपाली विज्ञापन बजारको विद्यमान आकारमा दुई गुणाले वृद्धि गर्ने अपेक्षा गरिएको छ ।त्यसै गरी एड ट्र्याकिंग प्रणालीले छापा विगज्ञापन सम्बन्धी सम्पूर्ण आवश्यक सूचनाहरूको संग्रह र व्यवस्थापन गरी विज्ञापनकर्ता, विज्ञापन एजेन्सी र सञ्चार गृहहरूको दैनिक कार्य सम्पादनमा सहयोग गर्न सक्दछ। अर्कोतर्फ नेपाल सरकारद्वारा प्रदान गरिएको २० रोपनी जग्गामा निर्माण गर्न लागिएको अन्तर्राष्ट्रिय स्तरको मिडिया सेन्टरले नेपाली सञ्चारको एकीकृत विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना रहेको छ।


राष्ट्रको विज्ञापन जगतको श्रीवृद्धिका लागि आनले चालेको अर्को महत्वपूर्ण कदम कृति अवार्ड हो । विज्ञापनमा अन्तर्निहित सिर्जनाको सम्मान गर्ने उद्देश्यले यस अवार्डको स्थापना २०६० सालमा गरिएको थियो ।कृति अवार्डको अवधारणाले नेपाली विज्ञापनको गुणस्तरीयता र प्रभावकारितामा निरन्तर नयाँ आयामहरू थपिरहेको छ भन्दा अत्युक्ति नहोला। यस एवार्डबाट विज्ञापन चक्रका सबै साझेदारहरूले 'विज्ञापन एजेन्सी, विज्ञापन कर्ता, सञ्चारगृह र उपभोक्ता' लाभ उठाइरहेका छन्।

आफ्नो सृजनशील कार्यको कदर र प्रशंसा हुने भएकाले विज्ञापन एजेन्सीहरू आफ्नो कार्यशैलीलाई रणनीतिगत एवं प्रविधिगत हिसाबले परिस्कृत गर्न उन्मुख छन्। त्यसैगरी विज्ञापनकर्ताहरूले 'व्यापारिक घराना, उद्योग' इत्यादि आफ्नो वस्तु वा सेवाको प्रभावकारी प्रर्वद्धन गर्दै लगानीको उचित प्रतिफल पाइरहेका छन्। अर्को तर्फ उपभोक्ता र मिडिया च्यानलहरूले कलात्मक, मौलिक र नवीन विज्ञापनहरू हेर्ने र प्रसारण गर्ने अवसर प्राप्त गरेका छन्। यसैगरी कृति एवार्डको दायरा पनि उल्लेखनीय रूपले विस्तार भई यो अझ प्रभावकारी बनिरहेको छ। केवल ४ विधाबाट प्रारम्भ गरिएको यस कार्यक्रममा हाल २८ विधामा पुरस्कारहरू वितरण गरिन्छ ।अत्यन्त सीमित संख्यामा मात्र विज्ञापन एजेन्सीहरूको सहभागीता हुने कृति एवार्डमा अहिले सयौं विज्ञापन र मिडिया सम्बन्धी संस्थाहरूले भाग लिइरहेका छन्। स्थापनाकालदेखि आजसम्म आइपुग्दा यस समारोहले राष्ट्रको समस्त मिडियाजगत्को सबैभन्दा भव्य महोत्सवको रूप लिएको कुरामा कुनै सन्देह छैन।

यति हुँदाहुँदै पनि कृति एवार्डको अवधारणालाई समयानुकूल परिष्कृत र परिमार्जित गर्नुपर्ने टड्कारो रहेको छ । विशेषत: यस समारोहको निर्णय प्रक्रियालाई अझै निष्पक्ष र पारदर्शी बनाउन केही सुधारका प्रयासहरू गरिनु तर्कसंगत देखिन्छ ।कृतिको प्रत्येक विधामा उत्कृष्ट ५ मनोनयन गर्ने निर्णायक मण्डलमा केवल एजेन्सी र मिडियासंग आवद्ध व्यक्तिहरूलाई मात्र सहभागी बनाउने परिपाटीको अन्त्य हुनुपर्दछ । एसियाली राष्ट्रहरूमा रहेका विज्ञापन संघहरूको महासंघ आफाको सदस्यको नाताले आनका प्रतिनिधिहरूलाई अन्य मुलुकमा आयोजना गरिने विज्ञापन एवार्ड समारोहको निर्णायक टोलीमा समावेस गरिँदै आएको छ। उदाहरणका लागि दक्षिण कोरियामा प्रत्येक वर्ष आयोजना हुने विज्ञापन अवार्ड समारोह एड स्टार्सको निर्णायक टोलीमा नेपाललगायत अन्य विदेशी मुलुकको विज्ञापन विज्ञहरूको अनलाइन भोटिङमार्फत सहभागिता हुँदै आएको छ। त्यसैले कृति अवार्डको पनि उत्कृष्ट ५ मनोनितबाट विजयी चयन गर्ने निर्णायक जुरीमा विदेशी विज्ञापन विज्ञहरूको ५० प्रतिशत सहभागिता गराउन सकिन्छ ।यसो भएमा कृति अवार्डमा अन्तर्राष्ट्रिय आयाम थपिएर यो अझ बढी मर्यादित र विश्वसनीय बन्न सक्छ।

कृति अवार्डलाई ब्यापक राष्ट्रिय महत्व बोकेको महोत्सवका रूपमा प्रस्तुत गर्न एसएमएस भोटिङमार्फत सबैभन्दा लोकप्रिय विज्ञापन छानेर यसलाई राष्ट्रपति वा प्रधानमन्त्रीको हातबाट सम्मानित गरिने व्यवस्था गरिनु वाञ्छनीय देखिन्छ। यस्तो विज्ञापन छनोट ७५ दशमबल ५ एसएमएस भोटिङ र बाँकी २५ दशमलब ५ जुरीको निर्णयमा आधारित भएर गर्न सकिन्छ। उत्कृष्ट ५ मनोनित बाट विजयी हुनेलाई पुरस्कृत गर्ने कार्यक्रमलाई मूल समारोह बनाइ सबैभन्दा लोकप्रिय विज्ञापनलाई सम्मानित गर्न अर्को सहायक कार्यक्रम गर्नु पनि व्यावहारिक रूपले उपर्युक्त देखिन्छ। कृति अवार्डको अन्तरवस्तुमा यस्ता केही सुधारका प्रयासहरू भएमा यस एवार्ड समारोहलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै रूपमा साच्चै नै गरिमामय बनाउन सकिनेछ।

*लेखक नेपाल विज्ञापन संघ 'आन'का पूर्वअध्यक्ष हुनुहुन्छ।*



नेपाल समाचारपत्र

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# नेपाल ६७ रनले विजयी



काठमाडौं, (नेस)

मलेसियामा हुने एसिया कप क्रिकेट छनोटका लागि तयारीमा लागेको नेपाली राष्ट्रिय क्रिकेट टोलीले पहिलो अभ्यास खेलमा जित हासिल गरेको छ।

श्रीलंकामा तीन अभ्यास खेल खेल्न भ्रमणमा रहेको नेपालले त्यहाँको स्थानीय क्लब श्रीलंका आर्मी स्पोर्टस्लाई ६७ रनले हरायो। पानागोडा क्रिकेट मैदानमा बुधबार भएको खेलमा नेपालले १ सय ९५ रनको लक्ष्य दिएकोमा श्रीलंका आर्मी १ सय २७ रनमा समेटिएको थियो। टोलीका लागि जगत् राजपाक्षले सर्वाधिक ४६ रनको योगदान दिएका थिए। नेपाली बलरमा सोमपाल कामी र वसन्त रेग्मीले ३-३ विकेट लिए। त्यस्तै दीपेन्द्रसिंह ऐरीले २ विकेट हासिल गरे।

यसअघि नेपालले ब्याटिङमा ४८ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर १ सय ९४ रनको योगफल तयार गरेको थियो। टोलीका लागि आरिफ शेखले सबैभन्दा बढी ८९ रन बनाए। अन्य भने उल्लेख गर्न लायक थिएन। कप्तान ज्ञानेन्द्र मल्लले २१ रन जोड्दा बलर वसन्तले १६ रन जोडेका थिए। यस्तै विनोद भण्डारी पनि व्यक्तिगत १६ रनमै पवेलियन फर्केका थिए। घरेलु टोलीका बलरमा मधुसान फर्नान्डोले नेपालका तीन ब्याट्सम्यानलाई आउट गरेका थिए। नेपालले दोस्रो अभ्यास खेल शुक्रबार खेल्नेछ।

# कमलद्वारा राष्ट्रिय कीर्तिमान सुधार

जकार्ता, (एजेन्सी)

१८औं एसियाडअन्तर्गत भारोत्तोलनमा नेपालका कमलबहादुर अधिकारीले बुधबार कीर्तिमान रचेका छन्। उनले पुरुष ६९ केजीको स्न्याच, क्लिन एन्ड र कुलमा गरी आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गरेका हुन्।

कमलले स्न्याचमा १ सय १९ केजी र क्लिन एन्ड जर्कमा १ सय ६० गरी कुल २ सय ७९ केजी भार वहन गर्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गरे। स्न्याचमा कमलकै नाममा १ सय १८ केजीको कीर्तिमान थियो जुन उनले २०७१ सालमा ललितपुरमा भएको तेस्रो ग्रापीमा बनाएका थिए।

क्लिन एन्ड जर्कमा कमलले बेइजिङ ओलम्पिकमा बनाएको १ सय ५५ केजीको कीर्तिमानलाई सुधार गर्ने क्रममा दोस्रो लिफ्टमै १ सय ५६ केजी उचालेका थिए। लगातार चौथो एसियाड खेलिरहेका कमल तेस्रो लिफ्टमा १ सय ६० केजी भार वहन गर्दै पुनः १ सय ५६ केजीको कीर्तिमानलाई सुधारे। कमल समग्रमा १४औं स्थानमा रहे।

### तेक्वान्दो

पुरुष ६३ केजीमुनि वीरबहादुर महरा र पुरुषकै ८० केजी तौलसमूहमा भूपेन श्रेष्ठले हारेपछि नेपालको तेक्वान्दोमा पदक जित्ने आशा अब दुई खेलाडीमाथि रहेको छ। आज महिला ४९ केजीमुनि अस्मिता खड्का र पुरुष ६८ केजीमुनि ज्ञानेन्द्र हमालले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। वीरबहादुरले अन्तिम १६ को प्रतिस्पर्धामा काजाकिस्तानका खेलाडीसँग ३०-१९ ले हार आत्मसात गरेका थिए। त्यस्तै भूपेन अफगानिस्तानका रमेश हुसानीसँग २७-७ ले पछि परे।

### लन्डनको अभ्यास फापेन

एसियाली खेलकुदका लागि नेपालकी जलचरी गौरिका सिंहले लन्डनमै बसेर पौडीको अभ्यास गरेकी थिइन्। तर, उनको लन्डन पौडीको अभ्यास जकार्ताको पौडीपोखरीमा फापेन। उनी महिला २ सय मिटर फ्रिस्टाइलमा १९औं स्थानमा रहिन्। २४ प्रतिस्पर्धी रहेको उक्त इभेन्टमा उनले २ मिनेट १२.५३ सेकेन्ड समयमा दूरी पार गरेकी थिइन्। यसै गरी पुरुष १ सय मिटर ब्रेस्टस्ट्रोकमा ३२ पौडीबाजले स्पर्धा गरेकोमा शुभम् श्रेष्ठ २७औं स्थानमा रहे। उनले १ मिनेट ११.३७ सेकेन्डमा दूरी पूरा गरे।



सुभम् श्रेष्ठ पौडीमा प्रतिस्पर्धा गर्दै।

### लनटेनिस

लनटेनिसमा नेपालको चुनौती समाप्त भएको छ। महिला डबल्समा बुधबार नेपालका मायांका राणा र माहिका राणाको पराजयसँगै नेपालको चुनौती समाप्त भएको हो। पालेम्वाङमा जापानका मोयुका उचिजिमा र इरिका हायासीको जोडीले मायांका र माहिकाको जोडीलाई ६-० र ६-० को सोझो सेटमा पराजित गरे।

### भलिबल

पुरुष भलिबलमा नेपालले पराजय भोगेको छ। समूह चरणको आफ्नो पहिलो खेलमा नेपाल चाइनिज ताइपेईसँग २५-२३, २५-१९ र २५-१५ को सोझो सेटमा पराजित भयो।

### कबड्डीमा जित

पुरुष कबड्डीमा नेपालले चार खेलमा पहिलो जित हात पारेको छ। समूह 'बी' को लिगमा नेपालले मलेसियालाई २९-१७ ले पराजित गर्दै पहिलो जित हात पार्‍यो। सोही दिन इरानविरुद्धको खेलमा भने नेपाल ७१-२१ ले हारेको थियो। यसअघि नेपाल इन्डोनेसिया र जापानसँग हारेको थियो।

### पाराग्लाइडिङ

पाराग्लाइडिङको पुरुष टिम एक्युरेसीमा नेपाल आठौं भएको छ। नेपाली टिमबाट विमल अधिकारी, विजय गौतम, सुशील गुरुङ र युकेश गुरुङले प्रतिस्पर्धा गरेका थिए। यो इभेन्ट्समा आयोजक इन्डोनेसियाले स्वर्ण जितेको छ। दक्षिण कोरियाले रजत र थाइल्यान्डले कांस्य पदक हात पारे।

महिला टिम एक्युरेसीमा नेपाल सातौं स्थानमा रह्यो। नेपाली टिमबाट त्रिसा श्रेष्ठ, प्रतिभा भुजेल र सविता तामाङले प्रतिस्पर्धा गरेका थिए। महिला टिम एक्युरेसीको स्वर्ण थाइल्यान्डले जित्यो। इन्डोनेसियाले रजत र दक्षिण कोरियाले कांस्य प्राप्त गरे। यता पुरुष व्यक्तिगत एक्युरेसीमा नवौं राउन्डको खेल सकिँदा नेपालका विजय गौतम १७औं र सुशील गुरुङ २१औं स्थानमा छन्।

### उसु

महिला छान छ्वानमा नेपालकी सुस्मिता तामाङ सातौं भइन्। ९ खेलाडी सहभागी उक्त स्पर्धामा सुस्मिताले ९.२५ अंक बटुलिन्। चीन पहिलो, मकाउ दोस्रो र भियतनाम तेस्रो भए।




## धरहरा

### जय होस् बिमस्टेक



गज्जब शक्ति छ पाहुना शब्दमा। घरमा पाहुना आउने पूर्वसंकेत पाएसँगै डाइनिङदेखि सिटिङ रुम अनि बेडरुमदेखि रेस्टरुमसम्म सफा गर्ने नेपालीहरूको खान्दानी परम्परा हो। पाहुनाले घरमा विभिन्न किसिमका परिकार जोहो गर्न बाध्य बनाउँछ भने बोलीचाली र आनीबानीमा समेत आमूल परिवर्तन गराउँछ भन्या।

अहिलेका नेता, मन्त्री र सोभन्दा माथिका उच्च पदस्थहरू पाहुनालाई स्वागत सत्कार गर्नुपर्‍यो भने यही खानदानी परम्परा दोहोर्‍याउँछन्। आफ्नो व्यक्तिगत जीवनशैली राजर्षि ठाँटको भए पनि 'बाह्र वर्ष ढुङ्ग्रोमा राख्या कुकुरको पुच्छर बाह्र वर्षपछि पनि जस्ताको तस्तै' भन्ने उखान पाहुनाको स्वागत सत्कारमा प्रस्टै झल्किन्छ।

केही दिनपछि काठमाडौंमा बिमस्टेक सम्मेलन हुने भएपछि शहर बजारका चोक र सडक रङ्गाउने, सिँगार्ने काम रातरात भइरहेको छ। भत्किएका सडक किनार र मिनी स्विमिङ पुलझैं बनेका सडकका खाल्डा पनि धमाधम पुरेर छिमेकी रिझाउने काममा सरकार जुट्या छ। पाहुनालाई स्वागत गर्न कसरी जिउडाल मर्काउने, बोली वचन अनि मुस्कान कसरी सुमधुर बनाउने भन्ने अभिनय पनि चल्दै होला।

केही महिनाअघि मोदी नेपाल आउँदा उस्तै मौसमी तमासा थियो। जे होस्, पाहुनामा उद्भूत शक्ति छ, अघि-पछि काठमाडौंको हालत जे-जस्तो भए पनि बेलामौकामा सिँगारिने मौका पाउँछ। जय होस्, पाहुनाको जय होस्।

# भारतको जित बाढीपीडितलाई समर्पित

नयाँदिल्ली, (एजेन्सी)

भारतले इंग्ल्यान्डविरुद्धको तेस्रो टेस्ट २ सय ३ रनले जितेर ५ खेलको टेस्ट सिरिज २-१ को स्थितिमा पुगेको छ। ट्रेन्ट ब्रिजमा पाएको जित भारतीय कप्तान विराट कोहलीले भारतको प्रान्त केरलामा आएको बाढीपीडितलाई समर्पण गरे। करिब ४ सय जनाको ज्यान गइसकेको सो बाढीले त्यहाँका लाखौं जनता विस्थापित पनि भइसकेका छन्।

कोहलीले जितपछि बताए- 'हामीले यो जित केरलाका बाढीपीडितलाई समर्पण गरेका छौं।'

यो जितले भारतको जारी सिरिजमा पुनरागमन पनि भएको छ। इंग्ल्यान्डको भूमिमा कोहलीको नेतृत्वमा यो पहिलो जित थियो। साथै यो भारतको इंग्ल्यान्डमा सातौं जितसमेत बनेको छ। ४६ वर्षको लामो समयमा भारतले इंग्ल्यान्डमा मात्र ७ टेस्ट जितेको छ। भारत सिरिजमा ०-२ ले पछाडि थियो र सिरिजमा रहिरहन यो टेस्ट जित्नै पर्ने भारतमाथि ठूलो दबाब थियो। उता इंग्ल्यान्डका लागि भने यो टेस्ट जितेर सिरिज हात पार्ने दाउमा थियो।

टस जितेर भारतले पहिलो ब्याटिङ गर्दै ३ सय २९ रन जोडेको थियो। जसमा कप्तान कोहलीले ९७ रन र आजिन्क्य रहाणेले ८१ रनको योगदान दिए। बलिङमा पनि भारतीय बलरले सानदार प्रदर्शन गरे। हार्दिक पाण्डेले पहिलोपटक टेस्ट क्रिकेटमा ५ विकेट लिए। नतिजा इंग्ल्यान्ड १ सय ६१ रनमै समेटियो।

दोस्रो इनिङमा कोहलीले शतक बनाएका थिए। हार्दिकले छिटो गतिमा अर्धशतक प्रहार गरेका थिए। भारतले ५ सय २१ रनको विशाल लक्ष्य घरेलु टोलीसामु राख्यो।

इंग्ल्यान्डका लागि जोस बटलर र स्टोक्सले पाँचौं विकेटका लागि १ सय ६९ रनको साझेदारी गर्दा भारतले जित्न ढिलो भएको थियो। जबकि इंग्ल्यान्डले ६६ रनका लागि ४ विकेट गुमाउँदा बटलर र स्टोक्सले ब्याटिङ सम्हालेका थिए। तर, भारतीय बलर जसप्रीत बुमराहले ५ विकेट लिएर इंग्ल्यान्डको दोस्रो इनिङ ३ सय १७ रनमा रोक्न महत्त्वपूर्ण भूमिका खेले।

### सफल कप्तान

नटिङ्घम टेस्टमा भारतको जितमा कप्तान कोहली म्यान अफ द म्याच घोषित भए। उनले पहिलो इनिङमा ९७ रन र दोस्रो इनिङमा १ सय ३ रन बनाएका थिए। उनको यो २३औं टेस्ट शतक पनि हो। इंग्ल्यान्डको भूमिमा कोहलीको कप्तानीमा पहिलो जित पनि थियो। यो जितसँगै कोहली भारतको सबैभन्दा सफल कप्तानको सूचीमा दोस्रो स्थानमा रहेका छन्।

कोहलीले ३८ खेलमा भारतलाई २२औं टेस्टमा जित दिलाएका छन्। उनीभन्दा अगाडि पूर्वकप्तान महेन्द्रसिंह धोनीले ६० टेस्टमा २७ जित हात पारेका छन्। कोहलीको यो जितले पूर्वकप्तान सौरभ गांगुली तेस्रो स्थानमा चिप्लेका छन्। उनले भारतलाई ४९ टेस्टमा २१ जित दिलाएका थिए। यसपछि मोहम्मद अजरुद्दिनको कप्तानीमा भारतले ४७ टेस्टमा १४ जित हासिल गरेको छ।

### विश्वभरमा कोहली तेस्रो

विश्व क्रिकेटमा तुलना गर्दा भारतीय कप्तान कोहलीको यो संख्याको सफलता तेस्रो नम्बरमा आउँछ। पहिलो नम्बरमा अस्ट्रेलियाका पूर्वकप्तान रिकि पोन्टिङको नाम समावेश छ। उनले अस्ट्रेलियालाई आफ्नो कप्तानीमा ३८ टेस्ट खेलमा ३० जित दिलाएका थिए। दोस्रो नम्बरमा रहेका स्टिभ वागले पनि ३८ टेस्ट नेतृत्व गर्दा अस्ट्रेलियाले २७ जित प्राप्त गरेको थियो। कोहलीसँगै २२ जित दिलाउनेमा इंग्ल्यान्डका पूर्वकप्तान माइकल भोन छन्।



# बेकह्यामलाई यूईएफए प्रेसिडेन्ट्स अवार्ड

लन्डन, (एजेन्सी)



इंग्ल्यान्डका चर्चित फुटबलर डेभिड बेकह्याम युरोपियन फुटबलको उच्च अवार्ड यूईएफए प्रेसिडेन्ट्स अवार्डबाट सम्मानित हुने भएका छन्।

फुटबलको प्रवर्द्धनमा संसारको सबै कुनाबाट लागेको भन्दै यूईएफएले उनलाई यस्तो सम्मान गर्न लागेको हो। युरोपियन फुटबलको सर्वोच्च निकाय युनियन अफ युरोपियन फुटबल एसोसिएसन (यूईएफए) ले मंगलबार इंग्ल्यान्डका पूर्वकप्तान बेकह्यामलाई अवार्ड दिने निर्णय गरेको हो। यूईएफएले फुटबलमा पुर्‍याएको योगदानको कदर गर्दै बेकह्यामलाई यो वर्षको प्रेसिडेन्ट्स अवार्ड दिने जनाएको हो।

सन् २०१८ को यूईएफए प्रेसिडेन्ट्स अवार्ड डेभिड बेकह्यामलाई दिने घोषणा गर्न पाउँदा आफू निकै खुसी रहेको यूईएफए प्रेसिडेन्ट्स अवार्ड घोषणा कार्यक्रमका अध्यक्ष एलेक्जेन्डर सेफेरिनले बताए। उनले बेकह्याम आफ्नो पुस्ताका एक सच्चा फुटबल आइकन भएको बताए। यूईएफएले बेकह्यामलाई आगामी अगस्ट ३० मा मोनाकोमा हुने विशेष समारोहकाबीच अवार्ड दिनेछ। सोही दिन यूईएफएले च्याम्पियन्स लिगको खेल तालिका पनि सार्वजनिक गर्दै छ।

२० वर्ष फुटबल खेलाडीका रूपमा सक्रिय रहेका बेकह्यामले इंग्लिस टोलीबाट १ सय १५ अन्तर्राष्ट्रिय खेल खेल्दै १५ गोल गरेका छन्। ४३ वर्षीय बेकह्यामले आफ्नो क्लब करियरमा १० लिग उपाधिसहित १९ ट्रफी जितेका छन्। बेकह्यामले इंग्लिस क्लब म्यानचेस्टर युनाइटेड, स्पेनिस क्लब रियल मेड्रिड, इटालियन क्लब एसी मिलान, फ्रेन्च क्लब पीएसजी र अमेरिकी क्लब एलए ग्यालेक्सीबाट व्यावसायिक फुटबल खेलेका थिए। यसअघि नेदरल्यान्ड्सका योहान क्रुएफ, इंग्ल्यान्डका बबी चार्ल्टन तथा बबि रब्सन, जर्मनीका फ्रान्ज बेकेन्बाउर र इटालीका पाओलो माल्डिनीले यो अवार्ड जितिसकेका छन्।

# युनाइटेडले प्रशिक्षक नफेर्ने

लन्डन, (एजेन्सी)

इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडले प्रशिक्षक नफेर्ने बताएको छ।

इंग्लिस प्रिमियर लिगअन्तर्गत गत साता ब्राइटन एन्ड होभ अल्वियनसँग ३-२ ले पराजित भएपछि युनाइटेडका प्रशिक्षक जोसे माउरिन्होको बर्खास्ती र उनका विकल्पका बारेमा इंग्लिस मिडिया र समर्थकले बहस गरिरहेका छन्। प्रिमियर लिगको दोस्रो खेलमा हार व्यहोरेपछि युनाइटेडका समर्थक प्रशिक्षक जोसे माउरिन्होप्रति आक्रोशितसमेत छन्।

जसका कारण उनलाई बर्खास्त गरेर नयाँ प्रशिक्षक भित्र्याउनुपर्ने आवाज गुञ्जिन थालेका छन्। तर, क्लबको बोर्डले भने माउरिन्होको विकल्प नखोजिने स्पष्ट पारेको छ।

माउरिन्होलाई बर्खास्त गरेर जिदानलाई रोज्न समर्थकको दबाब बढेको बेला युनाइटेडले माउरिन्हो नै यथावत् रहने बताएको हो। हाल कुनै क्लबमा आबद्ध नरहेका रियल मेड्रिडका पूर्वप्रशिक्षक जिनेदिन जिदानलाई युनाइटेडमा अनुबन्ध गर्नका लागि सुझाव आइरहेका बेला क्लबले 'जिदानका बारेमा किन छलफल गर्नुपर्‍यो ? जब कि यहाँ प्रशिक्षकको पद खाली नै छैन' भनेर प्रतिक्रिया दिएको छ। यता क्लबमा केही खेलाडी थप्नुपर्ने भनेर माउरिन्होले बोर्डसामु राखेको प्रस्ताव अस्वीकृत हुँदा माउरिन्हो पनि निराश छन्।



# खेलाडी सम्मानित

काठमाडौं, (नेस)

मदन भण्डारी स्पोर्टस् एकेडेमी मार्सलआर्ट विभागले शेखकमल स्मृति अन्तर्राष्ट्रिय कराँतेमा प्रतियोगितामा पदक विजेता खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई सम्मान गरेको छ।

मदन भण्डारी स्पोर्टस् एकेडेमी मार्सलबाट प्रतिनिधित्व गर्दै अगस्ट ५ देखि ८ सम्म गएको नेपाली टोलीले १ स्वर्ण र ५ रजत जितेको थियो। सम्मानित खेलाडीमा ६५ केजी तौलसमूहमा स्वर्ण पदक विजेता जेमिन महर्जन रहेका छन्।

त्यस्तै रजत विजेता खेलाडीमा ५५ केजी तौल समूहमा रोशन श्रेष्ठ, ६० केजी तौल समूहमा कमल भुजेल, ६७ केजीमा जितबहादुर श्रेष्ठ, ७० केजीमा प्रकाश थापामगर र ७५ केजी तौलसमूहमा विश्व कल्याण लामा पनि सम्मानित भएका छन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ